# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २४ जेठ २०८०

# बुधवार

# बैठक सङ्ख्या- १३

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:२८ बजे प्रारम्भ भयो ।

(११:२८ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय उदय बहादुर बोहरा ।

(११:२९ बजे) माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८०/८१ को बजेटमा विद्युतीय साना गाडीको कर बढेर आएको छ । बजेट ल्याउनुभन्दा एक दिनअगाडी मात्र ११३५ विद्युतीय साना गाडी भन्सारदेखि भित्रिएको खबर व्यापक छ । यो कर छली गर्ने व्यापारीहरूको ठुलो बदमासी देखिन्छ । र कर बढ्दैछ भन्ने सूचना को, कसरी, कोबाट कसरी बाहिरियो? सरकारले तु छानबिन गरोस्, कारबाही गरोस्, सत्य तथ्य बाहिर ल्याओस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोमा देवी तिमल्सिना ।

(११:२९ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, प्रधानमन्त्रीज्यू, मन्त्रीज्यू, उपस्थित सम्पूर्ण माननीयज्यूहरू, मैले यहाँ आज सानो कुरा के भन्न खोजेको छु भने देशमा भएको अत्यन्तै अराजकता, यो अराजकतालाई कसरी अन्त्य गर्न सकिन्छ? र नेताहरूले कूटनैतिक भाषा प्रयोग नगर्ने, यो हाम्रो राष्ट्रिय सभामा भन्दा पनि प्रतिनिधि सभामा, यो कूटनैतिक भाषा प्रयोग गर्नभन्दा पनि अमर्यादित ढङ्गका शब्दहरू प्रयोग गर्दाखेरि अब सिङ्गै यो देशलाई कता लानलाई खोजिएको हो? र यो देश कता जाने हो? भन्ने चिन्ताले सताएको छ । तल जनसमुदायमा पनि न्यायप्रेमी जनसमुदायहरूमा यो चिन्ता बढेको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दुर्गा गुरुङ्ग ।

(११:३१ बजे) **माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काँग्रेस)**:- माननीय अध्यक्षज्यू, अत्यन्तै दुःखद खबर कर्णाली प्रदेश, सुर्खेत जिल्ला अस्पतालको निर्देशक डक्टर डम्बर खड्काज्यूको धर्मपत्नी समाजसेवी डाक्टर सन्जु खड्का यही जेठ १६ गतेका दिन सडक दुर्घटनामा परि ज्यान गएको खबरले अत्यन्तै दुखी तुल्याएको छ । मृतक आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् । हार्दिक श्रद्धाञ्जली ।

सम्माननीय अध्यक्षज्यू, सुर्खेत जिल्ला नगरपालिकाभित्रका ९० जना स्वास्थ्यकर्मीहरूले मङ्सिरदेखि तलब, भत्ता पाएका छैनन् । समयमा नै तलब, भत्ता उपलब्ध गराउन सरकारसँग माग गर्न चाहन्छु । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण दत्त मिश्र ।

(११:३१ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, कैलाली जिल्लामा सडकपुर बैनियादेखि लालबुझीसम्मका सबैभन्दा लामो ३१ किलोमिटर उत्तर-दक्षिण सडक हिजो जिल्ला विकास समितिले पिचसम्म गरेको सडक आज बेवारिसे छ । न

प्रदेशले त्यसलाई जिम्मेवारी लिएको छ, न केन्द्रले नै त्यसलाई जिम्मेवारी लिएको छ । हामीलाई माया लाग्छ । जन्मेको छोराको माया लाग्छ । कर्णालीबाट निस्कने रानी जमरा कुलरिया कुलाको एरियाहरू बढाइयोस् । हिजो प्रधानमन्त्रीजीसहित बाबा रामदेवजीसमेतको गरिमामय उपस्थितिले खप्तडमा अब पर्यटकको घुँइचो लाग्न सक्छ । यदि, यदि सरकारले त्यसको विकासमा ज्यादा ध्यान दियो भने । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण प्रसाद दाहाल ।

(११:३२ बजे) **माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, लोकतन्त्रमा बोल्न पाइन्छ । बोल्नको निम्ति हामी स्वतन्त्र छौं । तर बोल्ने कुरामा हाम्रो अधिकार र कर्तव्यलाई ध्यान दिन जरुरी छ भन्ने लाग्छ । अहिले सदनमा देखिएका कतिपय त्यस्ता चाहिँ अराजकता जस्ता शैलीहरू जो प्रकट हुने गरेका छन्, यसले हामी जनप्रतिनिधिहरूले दिने सन्देश कस्तो जान्छ होला? यतातिर गम्भीरताका साथ ध्यान दिन जरुरी छ ।

अहिले देशकै कार्यकारी प्रमुख बोलिरहेको बेलामा सामान्यतः एउटा नियम, नियमावली, मूल्यमान्यताविपरीत गएर जुन खालको अवरोध हुने गरेको छ, यसले चाहिँ राम्रो सन्देश दिएको छैन । यस दिशातिर सम्बन्धित पक्षको गम्भीर ध्यान जाओस् भनेर अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भुवन वहादुर सुनार ।

(११:३३ बजे) **माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, हिजो आज तराईबाट फोन आउने गरेको छ । भूमिहीन दलित सुकुम्बासी, राउटे, वनकरिया, मुसहर, डोम, चमार, फर्पे, हल्खोर ..... लगायतका अतिविपन्न समुदायले हेरिरहेको बजेटमा निराशा पैदा भएको भन्दै फोन गरेका छन् । त्यो मैले जानकारी गराएँ । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे ।

(११:३३ बजे) <u>**माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- सम्माननीय अध्यक्षज्यू, अहिले बजारमा महङ्गी असाध्यै चुलिएको छ । तीन दिनअगाडी ५० मा किनेको एक किलो प्याज, हिजोको दिनमा १०० पुगेको छ । यसरी हरेक कुरामा एकैचोटी यो मूल्यवृद्धि भएको छ । या अब भाउ बढ्छ भन्ने हिसाबले बजारमा व्यापारीले यसरी मूल्यवृद्धि गराउँदा हाम्रो सरकारको ध्यान जान पर्ने देखिन्छ । पहिलो कुरो ।

दोस्रो कुरा, म के राख्न चाहन्छु भने हामी जनप्रतिनिधिको रूपमा पहिलोपटक आ'को सांसदहरूलाई साँच्चिकै हाम्रा सदनका व्यवहारले नेताजीका बोलीहरूले लज्जित बनाएको छ । बाटामा हिँड्ने मान्छेले पनि पख्रुस् तपाईंहरूलाई भनेर भन्ने गर्दछ । आज जनताका जनप्रतिनिधिप्रति जनताको आक्रोस, यो हाम्रो व्यवहारले, हाम्रो बोलिले यस्तो बेइज्जत गरेको छ । देशको बेइज्जत भएको छ । यसमा हामी सबैले ध्यान दिनुपर्ने ..... (समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सुरेश कुमार आलेमगर ।

(११:३५ बजे) <u>**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, पहिला आफूले जे कुरा भनिया' थियो, त्यही कुरा अरूले भन्दा पनि बखेडा झिक्ने, अनेक अनेक होहल्ला गर्ने रोग । त्यसै गरी कसैले एउटा समस्या समाधनको सन्दर्भमा भनेको सामान्य कुरालाई पनि उछालेर त्यसलाई म्यागनिफाइ गरेर भन्ने एउटा रोग हाम्रो छिमेकी घरमा देखा पर्यो । त्यो रोग हाम्रो यो घरमा पनि सर्छ कि? भन्ने मलाई डर लागिरहेको छ । त्यो रोग यहाँ नसरे हुन्थ्यो भन्ने कामना गर्न चाहन्छु । धन्यवाद ।

(११:३५ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले सार्वजनिक महत्त्वको विषयमा बोल्नका लागि समय माग गर्नुभएको छ । अब म उहाँलाई समय उपलब्ध गराउँछु ।

(११:३६ बजे) **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"**:- सम्माननीय अध्यक्ष महोदय, म अहिले मुख्य रूपमा हालै सम्पन्न भारत भ्रमणका सन्दर्भमा जानकारी गराउनको लागि उपस्थित भएको छु । मित्रराष्ट्र भारतका प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा मैले गत जेठ १७ देखि २० सम्म भारतको चार दिने औपचारिक भ्रमण पूरा गरी फर्केको छु । भ्रमणका अवसरमा भएका द्विपक्षीय भेटघाट एवम् कार्यक्रमहरूको बारेमा यहाँहरूलाई अवगत नै छ । नेपाल र भारतबिच पुरानो तथा घनिष्ट सम्बन्ध रहिआएको छ । मेरो भ्रमण आगामी दिनमा द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउने दिशामा केन्द्रित रह्यो । विशेष गरी आर्थिक मामिलामा राष्ट्रको दीर्घकालीन हितमा सम्झौताहरू भएका छन् भने राजनीतिक मामिलामा आपसी विश्वास बढाउँदै छलफल र वार्ताद्वारा निकास खोज्ने कुरामा केन्द्रित रह्यो ।

भारतीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग नयाँ दिल्ली स्थिति हैदराबाद हाउसमा भएको द्विपक्षीय भेटवार्ता सबैभन्दा महत्त्वपूर्ण थियो । सो अवसरमा व्यापार, पारवाहन, लगानी प्रवर्धन, उर्जा व्यापार तथा क्रस बोर्डर ट्रान्समिसन लाइन, सिँचाइ बाढी तथा डुबान नियन्त्रण, कृषि, सीमा वारपार सम्पर्क कनेक्टिभिटी बढाउन रेल्वे सेवा सञ्चालन कार्य, पुल निर्माण तथा एकीकृत जाँच चौकी एवम् सुख्खा बन्दरगाहजस्ता पूर्वाधार निर्माण कार्य अगाडि बढाउने विषयमा छलफल केन्द्रित भयो । हवाइ सेवालाई तथा सुरक्षित बनाउन नेपालले अर्को हवाइ प्रवेश मार्ग र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि इन्स्ट्रुमेन्टल ल्यान्डिङ सिस्टम (आईएलएस) सञ्चालन गर्ने प्रक्रिया सम्बन्धमा भारतीय पक्षको समझदारीका बारेमा समेत गम्भीर छलफल भयो । नेपालगञ्ज र भैरहवाबाट नयाँदिल्लीलगायतका भारतका अन्य सहरमा दुईतर्फी उडान गर्ने सम्बन्धमा सकारात्मक छलफल अगाडि बढ्यो ।

त्यसै गरी जलविद्युत् क्षेत्रमा सहकार्य गर्ने सम्बन्धमा समेत बलियो सहमति निर्माण भएको छ । विभिन्न जलविद्युत् आयोजनामा लगानी भित्र्याउने द्विपक्षीय ऊर्जा व्यापारका लागि ट्रान्समिसन लाइनलगायतका संरचनाको निर्माण गर्ने तथा नेपालबाट भारततर्फ उर्जाको दीर्घकालीन व्यापारका लागि वैधानिक आधार सुनिश्चित गर्ने विषयमा पनि गम्भीर छलफल र महत्त्वपूर्ण सहमति भएको छ । खास गरी दीर्घकालीन उर्जा व्यापार र भारतीय भूमि हुँदै बङ्गलादेशसम्म नेपालबाट जलविद्युत् निर्यातको सुरुआत गर्ने सैद्धान्तिक सहमति भई त्रिपक्षीय सम्झौताका लागि प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ ।

भारतका प्रधानमन्त्रीले आगामी १० वर्षमा १० हजार मेघावाट जलविद्युत् नेपालबाट आयात गर्ने भारतको धारणा रहेको बताउनुभएको छ । उर्जा व्यापारसम्बन्धी सम्झौता सबै

हिस्साबाट सम्पन्न भएको र औपचारिकता दिन मात्र बाँकी छ । जुन छिटै सम्पन्न हुँदै छ । यसका अतिरिक्त ४५६ मेघावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनासहित थप १२०० मेघावाट क्षमताका आयोजनाबाट भारततर्फ जलविद्युत् निर्यातको लागि प्रधानमन्त्री मोदीजीसँग मैले गम्भीर रूपले ध्यान आकर्षण गराएको छु । नेपालमा विद्यमान प्रचुर जलविद्युत् क्षमताको उपयोग गरी समृद्धि हासिल गर्न लगानीकर्ताहरूको टट्कारो आवश्यकता छ । लगानीकर्ताहरूले उत्पादित विद्युत्को बजार सुनिश्चित हुने अवस्थामा मात्र लगानी गर्ने हुँदा आगामी १० वर्षमा १० हजार मेघावाट विद्युत् भारतले नेपालबाट खरिद गरी, खरिद गर्ने सम्झौता गरी खरिद गर्ने व्यवस्थासहितको फ्रेमवर्क एग्रिमेन्टमा दुवै देशका उर्जा सचिवहरूले प्रारम्भिक हस्ताक्षर सम्पन्न गरिसकेका छन् । औपचारिक प्रक्रियाहरू पुऱ्याएर निकट भविष्यमा यो सम्झौतामा अन्तिम हस्ताक्षर हुने छ र बजारको यो सुनिश्चितताबाट जलविद्युत् उत्पादनबाट थप लगानी हुने निश्चित छ । साथै नेपालमा निर्माणाधीन जलविद्युत् सडकजस्ता ठुला विकास निर्माण परियोजनाका लागि अतिआवश्यक बिस्फोटक पदार्थको सहज र सरल आपूर्तिका लागि पनि प्रधानमन्त्री मोदीसँग गम्भीर कुराकानी भएको छ ।

पञ्चेश्वर बहुउद्देशीय परियोजनाको शीघ्र कार्यान्वयनको लागि तीन महिनाभित्र डीपीआर विस्तृत परियोजना प्रतिवेदनलाई अन्तिम रूप दिने गरी द्विपक्षीय छलफललाई तीव्रता दिने सहमति भएको छ । वित्तीय प्रबन्धसहित दुई सरकारको डीपीआर स्वीकृति गरेपछि त्यसको एक वर्षभित्र कार्यान्वयनको ढाँचा टुङ्गो लगाउने सहमति भएको छ । नेपालतर्फका संरचनाहरूको तयारीको अवस्थामा अवस्थाका आधारमा टनकपुर ब्यारेजबाट लिङ्क क्यानलमार्फत चरमबद्ध रूपमा नेपाललाई सिँचाइको लागि पानी उपलब्ध गराउने सहमति भएको छ । नेपाल भारत सीमावर्ती क्षेत्रमा बाढी र डुबानका समस्याका बारेमा पनि गम्भीर छलफल भयो । मनसुन सुरु हुनुअघि नै बाढी र डुबान नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन आवश्यक कदम चाल्नका लागि विद्यमान द्विपक्षीय संयन्त्रलाई तत्काल सक्रिय बनाउन सम्बन्धित अधिकारीहरूलाई प्रधानमन्त्री मोदीजी र मैले निर्देशन दिइसकेका छौं ।

त्यसै गरी नेपालभित्र थप विद्युत् प्रसारण लाइन निर्माणका लागि एक दिन बैङ्क इन्डियाबाट प्राप्त सहुलियतपूर्ण कर्जाको चौथो खण्डको रकम उपयोग गर्ने विषयमा पनि हामी सहमत भएका छौं । महाकाली दिनमा सिर्सा, परशुराम धाम, पूर्णगिरीमाई तथा झुलाघाटमा भारत सरकारको अनुदान सहयोगमा पक्की पुल निर्माण गर्ने सहमति भएको छ । यसबाट आवगमन र व्यापारमा सहजता भई । सुदूरपश्चिम प्रदेशका जनता प्रत्यक्ष लाभान्वित हुने छन् । भारत सरकारको अनुदान सहयोगमा नै रामायण सर्किटअन्तर्गत परियोजना गिरिजाप्रसाद कोइराला

इन्स्टिच्युट अफ हेल्थ साइन्स र सुदूरपश्चिमतमा नेपाल इन्स्टिच्युट अफ टेक्नोलोजी कैलाली र चितवनमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदानको निर्माण कार्य अगाडि बढाउनेबारे पनि गम्भीर छलफल भएको छ ।

सम्माननीय अध्यक्ष महोदय, कृषि क्षेत्रमा क्षमता अभिवृद्धि, अर्गानिक खेती प्राकृतिक, कृषि प्रणाली नानो फर्टिलाइजरजस्ता विषयमा आपसी सहयोग विस्तार मलको सहज आपूर्ति, नगदबाली र चौपायको नश्ल सुधारको लागि सहायतालगायतका विषयमा समेत गम्भीर छलफल भयो । नेपाली र भारतीय कम्पनीको संयुक्त लगानीमा नेपालमा रसायनिक मल कारखानाको सम्भाव्यता एवम् बजारको सुनिश्चितताका बारेमा पनि गम्भीर छलफल भए । भारतीय बजारमा नेपालका कृषिजन्य उत्पादन र प्राथमिक वस्तुहरूको निर्यात सहजीकरणको लागि भारतीय प्रधानमन्त्रीसँग सकारात्मक छलफल भएको छ । द्विपक्षीय व्यापारलाई थप प्रवर्धन गर्ने र नेपालले सामना गरिरहेको व्यापारघाटा न्यूनीकरणको विषयमा पनि गम्भीर छलफल भयो । द्विपक्षीय व्यापारलाई अझ सहज बनाउन नेपाल भारत वाणिज्य सन्धिको पुनरावलोकन गर्न र व्यापारसम्बन्धी अन्य विषयलाई सम्बोधन गर्न वाणिज्य सचिवस्तरीय विद्यमान द्विपक्षीय संयन्त्रलाई सक्रिय बनाएर कार्य गर्ने निर्देशन दुवै प्रधानमन्त्रीले दिइसकेका छौं । व्यापार सहजीकरणका लागि प्रयोगशालाहरूले जारी गर्ने प्रमाणपत्रको मियुचल रिकग्निसन ..... सम्बन्धी कार्यलाई अभ्यासमा उतार्ने गरी द्विपक्षीय समझदारीपत्रलाई टुङ्गोमा पर्‍याउने सहमति भएको छ । नेपाली जुटमा लगाइएको महसुल काउन्टर भ्यालिङ ड्युटी हटाउनसमेत भारतीय प्रधानमन्त्रीसँग गम्भीर छलफल भयो ।

भेटवार्ताका क्रममा सीमासम्बन्धी विषयमा कुराकानी भयो र सीमासम्बन्धी विषयलाई स्थापित कूटनीतिक संयन्त्रमार्फत समाधान गर्न भारतका प्रधानमन्त्रीलाई आग्रह गरिएको छ । यहाँहरूलाई थाहा नै छ । प्रधानमन्त्री मोदीजीले पनि संयुक्त प्रेस मिटको अवसरमा सीमालगायतका थाती रहेका सबै समस्या समाधान गरिने छ भन्ने कुरा स्पष्ट शब्दमा राख्नुभएको छ । लामो समयपछि भारतीय प्रधानमन्त्रीबाट सीमा सम्बन्धमा आएको यो पहिलो र सकारात्मक अभिव्यक्ति हो ।

सम्माननीय अध्यक्ष महोदय, अब म यस सम्मानित सदनलाई मेरो भ्रमणका अवसरमा प्रधानमन्त्री मोदीजी र मैले भर्चुअल माध्यमबाट उद्घाटन र शिलान्यास गरेका परियोजनाबारे जानकारी गराउन चाहन्छु । कुर्था बिजलपुरा रेलमार्गको हस्तान्तरण भारत सरकारको अनुदान सहयोगमा निर्माण भैरहेको यस रेलमार्गअन्तर्गत हाल जयनगर कुर्था ३५ किलोमिटर खण्डमा रेल सेवा सञ्चालन भइरहेकोमा कुर्था बिजलपुरा थप १७ किलोमिटर लामो खण्ड सम्पन्न भई हस्तान्त्रण गरिएको छ । आवश्यक तयारीपछि अहिले सञ्चालनमा रहेको कुर्थासम्मको रेल सेवा

बिजलपुरासम्म विस्तार भई हाल निर्माणाधीन बिजलपुरादेखि बर्दिवाससम्म बाँकी १८ किलोमिटर खण्ड पनि शीघ्र सम्पन्न गर्ने सहमति भएको छ ।

त्यसपछि नेपालको पूर्व, पश्चिम राजमार्गको बर्दिवासदेखि ७० किलोमिटर दुरीमा जयनगर हुँदै भारतका विभिन्न सहरहरूमा यात्रुवाहक र मालवाहक रेल सेवा सञ्चालन हुने छ यसबाट नेपालको आयात निर्यातमा समय र लागत घट्नुका साथै पर्यटन क्षेत्रमा समेत ठुलो टेवा पुग्ने विश्वास लिइएको छ । भारतको जोगबनीदेखि नेपालको विराटनगर कस्टम यार्डसम्म कार्गो रेल सेवाको सञ्चालन भारत सरकारको अनुदान सहयोगमा निर्माणाधीन भारतको बतनाहदेखि नेपालको कटहरी मोरङसम्मको रेलमार्गमध्ये बतनाहदेखि विराटनगर भन्सार परिषद्सम्मको ८ किलोमिटर खण्ड सम्पन्न भई । नेपाल सरकारलाई हस्तान्तरण भएको छ । यसबाट विराटनगर क्षेत्रको व्यापार व्यवसायलाई सहज हुनुका साथै हाल विरगञ्जमा परेको चाँप पनि कम हुन जाने छ । यो सेवा सञ्चालनपछि नेपाल भारतबिच मालवस्तु निकासी पैठारीमा सहजता आउनुको साथै एक अर्को देशको निर्धारित स्थानसम्म सोझै ढुवानी गर्न मिल्ने र भन्सार विन्दुमा समेत झन्झटिलो प्रक्रिया नहुने हुँदा समय र लागत दुवैमा बचत हुने छ ।

एकीकृत जाँच चौकीको शिलान्यास र उद्घाटन भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको नेपालगञ्ज रुपेडिया स्थिति एकीकृत जाँच चौकीको हामीले संयुक्त रूपमा उद्घाटन गर्यौं । त्यसै गरी भारत सरकारको आर्थिक र प्राविधिक सहयोगमा निर्माण हुने भैरहवा सुनौली एकीकृत जाँच चौकीको पनि शिलान्यास भएको छ । यस किसिमका एकीकृत जाँच चौकीको निर्माण एवम् अत्याधुनिक क्वारेन्टाइन सेवाहरू विस्तार हुने भएकोबाट व्यापार सहजीकरण र अनाधीकृत व्यापार नियन्त्रणमा सहज हुने एवम् गुणस्तरीय वस्तुको आयात सुनिश्चित हुने छ । मोतिहारी अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको दोस्रो चरणको निर्माण कार्यको शिलान्यास पहिलो चरणमा भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पेट्रोलियम पाइपलाइनको निर्माण सम्पन्न भई दोस्रो चरणमा उक्त पाइपलाइन चितवनको लोथरसम्म विस्तार गरी ग्रिन फिल्ड टर्मिनल निर्माण गर्न पूर्व योजनाअनुरूप नै दोस्रो चरणको शिलान्यास भएको छ र यसबारेमा पेट्रोलियम पूर्वाधार निर्माणसम्बन्धी समझदारी पत्रमा समेत हस्ताक्षर भएको छ ।

बुटवल-गोरखपुर ४ सय केबी अन्तरदेशीय प्रसारण लाइनको शिलान्यास भएको छ । बुटवल-गोरखपुर ४ सय केबीको प्रसारण लाइनको निर्माण नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसन अफ इन्डिया लिमिटेडको ५०/५० प्रतिशत सेयर रहने गरी संयुक्त उपक्रम कम्पनीमार्फत अघि बढाउने सहमति यसअघि नै नेपाल र भारतका सचिवस्तर बैठकमा भएको हो । सोअनुरूप उक्त संयुक्त उपक्रमको कम्पनीसमेत गठन भई निर्माण कार्यको लागि बोलपत्र

आह्वान भई मूल्याङ्कनको प्रक्रियामा रहेको छ । यस आयोजनाको निर्माण कार्यको शिलान्यास कार्यक्रम पनि सम्पन्न गरिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, भ्रमणका अवसरमा सातओटा दस्तावेजहरूमा हस्ताक्षर र दस्तावेज आदानप्रदान गरिएको छ ।

१. नेपाल भारत पारवाहन सन्धि नेपालजस्तो भूपरिवेष्ठित मुलुकका लागि भारत हुँदै तेस्रो मुलुकसँग व्यापार गर्न पारवाहन सन्धि महत्त्वपूर्ण हुन्छ भन्ने कुरा हामी सबैलाई ज्ञात नै छ । ५ जनवरी १९९९ मा संशोधन गरिएको नेपाल- भारत पारवाहन सन्धि तथा त्यसको प्रोटोकल मेमोरेन्डम ६ जनवरी १९९९ देखि कार्यान्वयनमा रहेको थियो । उक्त सन्धिमा भएका प्रावधानका अतिरिक्त पारवाहनका क्षेत्रमा देखापरेका अप्ठ्यारा समाधान गर्न विगतमा विभिन्न लेटर अफ एक्स्चेन्जमार्फत समझदारी गरिएका थिए । ती छरिएर रहेका प्रावधानहरूलाई एकीकृत गरेर सन्धिमा नै समावेश गरिएको छ । साथै संशोधित सन्धिमा केही दुर्गामी महत्त्वका नयाँ प्रावधानहरू सामेल गरिएका छन् । जसअनुसार विरगञ्जका अलावा भैरहवा र विराटनगर तथा भविष्यमा विकास हुने अन्य नाकाहरूबाट समेत सिमेन्ट, कोइला, किलिनिकरलगायतका बलकार्गो ढुवानी हुने प्रावधान समावेश गरिएको छ । त्यसै गरी नेपालको पारवाहनमा भारतको आन्तरिक जल यातायातको इन्ल्यान्ड वाटर वेज प्रयोग गर्न सहायकगञ्ज, कालुघाट र बनारससम्म आन्तरिक जलमार्ग उपयोग र भारतका यी तीनओटा टर्मिनलसबाट हाल सडक र भविष्यमा विकास हुने रेलमार्गसहित मल्टिमोडल ढुवानीका माध्यमबाट पारवाहन सुविधा सुनिश्चित भएको छ । यसबाट पारवाहन माध्यमको विविधीकरण हुने र अन्तर आबद्धता बढ्ने र तेस्रो मुलुकसम्मको व्यापार पहुँचमा नेपालको पारवाहन अधिकार सुनिश्चित भएको छ ।

२. पेट्रोलियम पूर्वाधार निर्माणसम्बन्धी समझदारीपत्र भारतीय आर्थिक तथा प्राविधिक सहयोगमा बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म र भारतको सिलगुडीदेखि झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइन विस्तार गर्नेसाथै लोथर र चारआलीमा ग्रिन फिल्ड टर्मिनल निर्माणमा ५०/५० प्रतिशत खर्च बेहोर्ने गरी एक समझदारीपत्रमा हस्ताक्षर भएको छ । अन्तरदेशीय पाइपलाइनको विस्तार र भन्डारको विकासबाट लागत प्रभावकारिता, ढुवानी भन्डारण एवम् ऊर्जा सुरक्षाको हिसाबले समेत महत्त्वपूर्ण हुने छ । विद्युतीय ऊर्जाको विकास र खपत बढाउने

सरकारको प्रमुख प्राथमिकता रहे तापनि आगामी केही वर्ष पेट्रोलियम खपत निरन्तर रहने र विश्व अनुभवले समेत शून्य पेट्रोलियम खपत हुने नदेखिएको परिपेक्षमा अन्तरदेशीय पाइपलाइन आवश्यक र महत्त्वपूर्ण दुवै छन् ।

३. दोधारा चाँदनीमा एकीकृत जाँच चौकी तथा सुख्खा बन्दरगाहको निर्माणसम्बन्धी समझदारीपत्र भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा तीन वर्षभित्र निर्माण सम्पन्न हुने गरी यससम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । नेपालको सुदूरपश्चिम क्षेत्रमा यस किसिमको पूर्वाधार निर्माण हुँदा पारवाहन एवम् व्यापार सहजीकरण भई समग्र सुदूरपश्चिम र देशको आर्थिक रूपान्तरमा समेत महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ । यो क्षेत्रबाट भारतको पश्चिमतर्फ रहेका सामुद्रिक बन्दरगाहहरू तुलनात्मक रूपमा नजिक पर्ने हुँदा आगामी दिनमा भारत हुँदै तेस्रो मुलुकसम्म व्यापार पहुँच वृद्धि गर्न कोशेढुङ्गा साबित हुने छ । यसको निर्माणबाट हाल विकास भैरहेका औद्योगिक पूर्वाधार र आगामी दिनमा विकास हुने विशेष आर्थिक क्षेत्रको विस्तारमा सरकारी तथा निजी लगानी बढ्ने, रोजगारी सिर्जना हुने र तुलनात्मक लाभ भएका जुडिबुटीजन्य वस्तुको प्रशोधन र निर्यात प्रवर्धनमा थप टेवा पुग्ने छ ।

४. फुकोट कर्णाली ४८० मेघावाट जलविद्युत् परियोजना विकाससम्बन्धी समझदारीपत्र विदेशी लगानीकर्तासँग स्वदेशी लगानीकर्ताले संयुक्त उपक्रम कम्पनी खडा गरेर विद्युत् उत्पादनको लागि आवश्यक अनुमतिपत्र लिएर आयोजना अध्ययन तथा निर्माण गर्न पाउने विद्यमान कानुनी व्यवस्थाअन्तर्गत भारतको नेसनल हाइड्रोपावर कर्पोरेसन (एनएचपीसी) र नेपालको विद्युत् उत्पादन कम्पनी लिमिटेडबिच संयुक्त उपकरणमा उपक्रम कम्पनी खडा गरी ४८० मेघावाटको फुकोट कर्णाली जलविद्युत् आयोजनाको अध्ययन तथा निर्माण गर्ने गरी समझदारीपत्रमा हस्ताक्षर भएको छ । संयुक्त उपक्रम कम्पनी निर्माण भइसकेपछि आयोजनाको थप अध्ययनको लागि अनुमतिपत्र लिई अध्ययन गर्ने नेपाल सरकारसँग आयोजना विकास सम्झौता गर्नेलगायतका कार्यहरू सम्पन्न भइसकेपछि यसको निर्माण कार्य प्रारम्भ हुने छ ।

५. तल्लो अरुण ६६९ मेघावाट जलविद्युत् परियोजनासम्बन्धी परियोजना विकास सम्झौता कम्पिटेटिभ बिडिङ प्रक्रियाबाट लगानी बोर्ड र सतलज जलविद्युत् निगमबिच सन् २०२१ मा सम्झौता भई प्रचलित कानुनबमोजिम अध्ययन पूरा भएको ६६९ मेघावाट क्षमताको बुट मोडेलमा निर्माण हुने यो परियोजना अरुण तेस्रोको तल्लो

तटीय परियोजना हो । यसबाट उत्पादित २१ प्रतिशत विद्युत् नेपाललाई निः शुल्क प्राप्त हुने छ ।

६. नेपालको नेसनल क्लियरिङ हाउस लिमिटेड र भारतको नेसनल पेमेन्ट कम्पनी इन्डिया लिमिटेडबिच सीमापार विद्युतीय भुक्तानीसम्बन्धी समझदारीपत्र नेपाल र भारतमा भ्रमण गर्ने दुवै देशका पर्यटक विद्यार्थी तथा उद्योग व्यवसायीका निम्ति यस समझदारीपत्र एक महत्त्वपूर्ण उपलब्धि भएको छ । यसले क्रस बोर्डर डिजिटल पेमेन्ट प्रक्रिया क्यूआर कोडमार्फत थप सरल सहज र भरपर्दो हुने निश्चित भएको छ ।

७. नेपालको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र भारतको सुस्मा स्वराज विदेश सेवा संस्थानबिच सम्झदारी पत्रः बिम्स्टेक, ब्रिक्सजस्ता क्षेत्रीय सङ्गठन एवम् अन्य देशका समकक्षी गरी ९८ वटा समझदारी सम्पन्न गरिसकेको भारतको विशेष विदेश सेवा संस्थानसँग नेपालको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको संस्थागत सम्बन्ध स्थापना गर्दा नेपालको कूटनीतिक क्षमता विकास गर्न एवम् अनुभव आदानप्रदान गर्न मद्दत पुग्ने विश्वास लिइएको छ ।

नेपाल-भारत व्यापार शिखर सम्मेलन भ्रमणका अवसरमा नेपाल र भारतका निजी क्षेत्रका छाता संगठनहरूः नेपाल उद्योग वाणिज्य महासंघ र भारतीय उद्योग परिसंघद्वारा आयोजित नेपाल-इन्डिया बिजनेस समिटलाई सम्बोधन गर्दै भारतीय लगानीकर्ताहरूलाई नेपालमा लगानीका लागि आह्वान गरिएको छ । भारत सरकारका वाणिज्य मन्त्रीसमेत उपस्थित उक्त कार्यक्रममा नेपालका निजी क्षेत्रका प्रतिनिधि तथा भारतीय व्यवसायी र लगानीकर्ताहरूबिच गम्भीर साझेदारी र लगानीका विषयमा पनि अन्तरक्रिया सम्पन्न भएको छ । नयाँ दिल्लीको दुई पक्षीइ भेटवार्ता र अन्य औपचारिक कार्यक्रमको समापनपश्चात् मैले भारतको मध्य प्रदेशको इन्दोर र सांस्कृति सहर उज्जैनको भ्रमणसमेत गरें । इन्दोरमा स्वच्छ भारत अभियानअन्तर्गतको solid waste management परियोजना र नेपालमा सूचना प्रविधिको विकासका क्षेत्रमा सहकार्य गर्ने सम्भावनालाई मध्यनजर गर्दे इन्दोरस्थित टाटा कन्सल्टिङ सर्भिस टीसीएसको पनि अवलोकन गरें । छोटो समयमा कम लगानीमा प्रभावकारी ढङ्गले सञ्चालित इन्दोरको solid waste management सम्बन्धी अनुभव हाम्रो लागि पनि अनुकरणीय रहेको पाइयो । मैले भारतका प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीजीसँग नेपाल भ्रमणको निम्ता दिएको छु । र भारतका प्रधानमन्त्री आफूले सन् २०१४, २०१८, २०२२ मा नेपालमा भ्रमण गरेको स्मरण गर्दै

नेपालको भ्रमणलाई ठुलो महत्त्व दिएको र उपयुक्त समयमा आफूले नेपाल भ्रमण गर्ने बताउनुभएको छ ।

नेपाल र भारतबिच रहेको बहुआयामिक र घनिष्ठ सम्बन्धलाई समानता र आपसी लाभका आधारमा थप मजबुत बनाउन यस भ्रमणले ठुलो योगदान गरेको छ । भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग खुलस्त रूपमा कुराकानीबाट विश्वासको वातावरण सिर्जना भएको छ भने थाती रहेका विषयलाई सम्बोधन गर्न सकिने विश्वासको राम्रो आधार तयार भएको छ । गत वर्ष सम्पन्न आमनिर्वाचनपश्चात्को पहिलो विदेश भ्रमणको रूपमा रहेको यो भारत भ्रमण मैले विगतका भ्रमणहरूभन्दा फरक पाएको छु । सारभूत रूपमा यो भ्रमण परिणाममुखी रहेको छ र भविष्यका लागि स्पष्ट मार्गदर्शनसमेत गरिएको छ ।

अन्त्यमा यस औपचारिक भ्रमणको तयारीका क्रममा मलाई महत्त्वपूर्ण सुझाव प्रदान गर्नुहुने पूर्वप्रधानमन्त्रीहरू, पूर्वपरराष्ट्र मन्त्रीहरू, पूर्वकूटनीतिज्ञहरू, नेपाल सरकारका सम्बद्ध निकायलगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

(११:५८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले सार्वजनिक महत्त्वको विषयमा दिनुभएको वक्तव्यका सम्बन्धमा माननीय सदस्यहरूले प्रश्न सोध्न चाहनुहुन्छ भने अब म समय उपलब्ध गराउँछु । प्रश्नकर्ता माननीय सदस्यहरूले विषयवस्तुमा केन्द्रित रही प्रश्न सोध्न सक्नुहुने छ । उक्त वक्तव्यका सम्बन्धमा प्रश्न सोध्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँग बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्रश्नकर्ता प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय रामचन्द्र राई ।

(११:५९ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई यो भारतको संसद भवनमा राखिएको नक्साले नेपालको भूभाग पनि त्यसमा राखिएको छ । यद्यपि त्यो नक्साले बङ्गलादेश पनि राखेको हुँदा बङ्गलादेशले चैं उसलाई स्पष्टीकरण सोध्दै छ । नेपालले स्पष्टीकरण सोध्ने वा स्पष्टीकरण गराउने, कहिले गराउँछ? जान्न चाहन्छु । त्यसै गरी यो बारेमा के कुरा भयो?

त्यसपछि लक्ष्मणपूर बाँधले सधैंभरि नेपालीहरू खास गरीकन बाँके आक्रान्त छ । सीमासम्बन्धी त्यो कुरा त भयो । भारतले बनाएको संरचनाका कारणले नेपालले पाइरहेको दुःखको बारेमा प्रधानमन्त्रीज्यूबाट त्यस्तो कुरा भयो कि भएन? म अध्यक्षज्यूमार्फत सोध्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय अनिता देवकोटा ।

(१२:०० बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत म प्रधानमन्त्रीज्यूसँग जिज्ञासा राख्न चाहन्छु । सार्कको भविष्य के भयो? अब सार्क शिखर सम्मेलन कहिले हुन्छ? कहाँ हुन्छ? यो सम्बन्धमा भारतीय प्रधानमन्त्रीसँग कुरा भयो कि भएन? म जान्न चाहन्छु । ..... प्रवेश मार्गको बारेमा त कुरा भयो भएन? यो कुराले कस्तो कुरा आयो? वहाँको जवाफ के आयो? भनेर म जान्न चाहन्छु ।

त्यसै गरी कालापानीबाट भारतीय सेना हटाउने कुरा हुन सक्यो कि सकेन? यस बारे पनि जान्न चाहन्छु । लिम्पीयाधुरा, लिपुलेख र कालापानी र अरू सीमा सम्बन्धमा पनि कुरा भयो भनेर भनिरहेको छ । यो समस्या समाधान गर्नको लागि स्वयम् प्रधानमन्त्री समस्या समाधान हुन्छ भन्ने कतिको विश्वस्त हुनुहुन्छ? म जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय भगवती न्यौपाने ।

(१२:०१ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत म सम्माननीय प्रधानमन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । तपाईंले भारत भ्रमणमा जानुभन्दा ठिक २ घण्टाअगाडि राष्ट्रपतिलाई नागरिकता विधेयक प्रमाणीकरण गर्न लगाएर कोसेली जुन लैजानुभो', त्यति मात्रै होइन । नेपालको जलको भविष्यसमेत कोसेली दिनुभो' । नेपालको विद्युत् भारतलाई चाहिएको छ । नेपालले आफ्नो देशको विद्युत् खपत नबढाओस् भन्ने भारत चाहन्छ । भारतको यही चाहना पूरा गर्न फुर्कोट कर्णाली भारतलाई सुम्पिनुभो' । त्यति मात्रै होइन । विद्युतीय गाडीलाई निरुत्साहित र पेट्रोलबाट चल्ने साधनलाई प्रोत्साहन गर्ने बजेट सुनाएर भारत भ्रमणमा जानुभएको सम्माननीय

प्रधानमन्त्रीज्यू तपाईंको यो नीति राष्ट्र घात हो कि होइन? यति धेरै चुक्ने अनि झुक्ने तपाईं किन गर्नुभो' सम्माननीय प्रधानमन्त्रीज्यू? कतै ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय इन्दिरा देवी गौतम ।

(१२:०२ बजे) **<u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत म प्रधानमन्त्रीसँग केही जिज्ञासाहरू राख्न चाहन्छु । फुर्कोट कर्णाली हाइड्रोपावर प्रोजेक्ट निर्माण गर्ने बारेमा भारतसँग सहमति भएको हो भने त्यसको निर्माणको मोडालिटीको बारेमा के सहमति भएको हो? नेपालले आफ्नो पानीको स्रोतबापत के कति प्राप्त गर्छ? एउटा ।

अर्को: नेपाल-भारतबिचको दुई पक्षीय व्यापार सन्धि पुनरावलोकन गर्ने सहमति भएको हो भन्ने बुझियो । के अब नेपालको कृषि उत्पादनले भारतीय बजारमा सहज पहुँच पुर्‍याउने बारेमा पनि केही भएको छ भने ती के के हुन्? हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जितेन्द्र नारायण देव ।

(१२:०३ बजे) **<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपालीमा एउटा उखान छ । बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बिड । अहिले भर्खरै सम्माननीय प्रधानमन्त्रीज्यूबाट जुन भारतको भ्रमण भ'को छ, त्यो अत्यन्तै युगान्तकारी छ, ऐतिहासिक छ र उपलब्धिमूलक छ । चाहे त्यो समस्या सिमानाको बारेमा होस्, चाहे त्यो कनेक्टिभिटीको बारेमा होस्, चाहे त्यो उर्जा क्षेत्रको विकासको बारेमा होस् । समग्रमा अत्यन्त उपलब्धिमूलक छ । र विशेष गरी भारतीय प्रधानमन्त्रीज्यूबाट पोलिटिकल कमिटमेन्ट जुन हाम्रो प्रधामन्त्रीज्यूले लिन सफल हुनुभो', ती सीमालगायतका सम्पूर्ण समस्याहरूलाई समाधान गरेर नेपाल र भारतको बिचको सम्बन्धलाई हिमालयको उचाइमा पुर्‍याइने छ । यो पोलिटिकल कम्टमेन्ट आजसम्म कुनै पनि प्रधानमन्त्रीले लिन सक्नुभएको थिएन । त्यसको लागि प्रधानमन्त्रीलाई मुरी मुरी धन्यवाद दिन चाहन्छु । तपाईं खुट्टा नकमाईकिन अगाडि बढाउनुस् । हामीजस्ता गठबन्धनका सिपाहीहरू तपाईंका साथमा .... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय शारदा देवी भट्ट ।

(१२:०४ बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यूमार्फत प्रधानमन्त्रीज्यूलाई मेरो प्रश्न । यो लिपुलेख, कालापानी, लिम्पीयाधुरा, बङ्गालदेश र कता कता जाने बाटो हो त्योसँग साटियो भन्ने कुरा छ्यापछ्याप्ती आएको छ । कतिको साँचो हो? यो मलाई प्रष्ट हुन चाहन्छु ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१२:०४ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले अध्यक्षज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई प्रश्न सोध्न चाहन्छु । यो भारत जाने क्रममा जुन सम्झौताहरू भा'का छन् । त्यसमध्ये यो विद्युत्सम्बन्धी सम्झौताहरू भा'का चाहिँ छन् । त्यसमा चाहिँ ग्लोबल टेन्डरविना चाहिँ भारतलाई चाहिँ सम्झौताको माध्यमबाट चाहिँ किन चाहिँ नेपालका नदीनालाहरू हस्तारण गरिएको छ? त्यसको चाहिँ नेपालप्रति भारतको दृष्टिकोण के रहन्छ? र नेपाली जनता स्वयम्ले के सोच्छन्? यसको बारेमा चाहिँ म प्रष्ट हुन चाहन्छु ।

यो लिपुलेख, कालापानी, लिम्पियाधुरा नेपालको जुन हो भन्ने कुरा प्रष्ट नै छ । यो जमिनसँग चाहिँ बङ्गलादेशको बाटोलाई सट्टा पट्टा गर्ने, साट्फेर गर्ने कुरा जो आइरहेको छ । यो राष्ट्रघातै हो । यसमा चाहिँ प्रधानमन्त्रीज्यूले चाहिँ त्यहाँ गएर यी कुराहरू किन गर्नु भयो? म प्रश्न सोध्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डाक्टर विमला राई पौडयाल ।

(१२:०५ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, मलाई खट्किएको दुइटा प्रश्न छ । एउटा, अफिसियल र कूटनीतिक राहदानी लिएर औपचारिक भ्रमणमा गएको जम्बो टोलीमा आधिकारिक फोटोग्राफर थिए कि थिएनन्? दौरा, सुरुवाल, टोपी लगाएर गएका मान्छेले हाम्रो प्रधानमन्त्रीको अगाडी बसेर मोबाइलले फोटो खिच्न मिल्छ कि

मिल्दैन? यो कूटनीतिक मर्यादा हामीले कहिले सिकाउने र हामीले कहिले सिक्ने? यो मलाई खट्किएको एउटा प्रश्न हो ।

दोस्रो प्रश्न, यहाँ जति पनि उपलब्धीहरू आए । यो उपलब्धीहरूमा केहीबाहेक सीमा विवादबाहेकको उपलब्धी भनेको परराष्ट्र मन्त्रीको संयन्त्र र परराष्ट्र सचिवको संयन्त्रले पनि गर्न सक्ने हो । जम्बो टोली लिएर प्रधानमन्त्री जानुपर्ने खालको उपलब्धी मैले यहाँ देखिरहेको छैन । ईपीजीको रिपोर्ट बुझ्दाखेरि, कुरा उठाउँदाखेरि माहोल बिग्रिन्छ भनेर कुरा उठाइन भन्नुभो' प्रधानमन्त्रीज्यूले कुरा उठाउँदा त्यो माहोल विग्रिने हो भने त्यो अचम्मको पोको के हो? हामी जनताले कहिले हेर्ने? सांसदले कहिले हेर्ने त्यो प्रतिवेदन? परराष्ट्र मन्त्रीकै हैसियतमा पनि बुझ्ने प्रयास गरौं न त? त्यसो भएदेखि ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१२:०६ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत प्रधानमन्त्रीज्यूलाई प्रश्न । भारत भ्रमण सफल यसरी भयो । मोदीजीसँग खुलस्त कुरा भयो । पटक पटक भयो । रिसाउछन् कि भनेर ईपीजी रिपोर्टको बारेमा कुरा उठाइएन् । सन १९५० को सन्धि उच्चारण गरिएन । सार्क राष्ट्रको अध्यक्षको हैसियतले सार्क शिखर सम्मेलनको स्मरण गराउन डर लाग्यो । कालापानीबाट भारतीय सेना हटाउन कसरी भन्नु? सीमा मिचेर गरिएको निर्माण कार्य तत्काल रोक कसरी भन्नु? अग्नी पथको विषय उठाउनी त कुरै भएन । थप हवाइमार्गको आश्वासन पाउनु नै बढो ठुलो उपलब्धी रह्यो । मैले सबै कुरा राखि मोदीजीले सुन्नुभो' टाउको पनि हल्लाउनुभो' दिने जति दस्तखत गरें । लिने जति आश्वासन पाएँ । प्रधानमन्त्रीज्यू, तपाईं माओवादीको अध्यक्षमात्रै होइन यो देशको प्रधानमन्त्री हो । सार्वभौम, स्वतन्त्र राष्ट्रको प्रमुख हो । तर यति धेरै कमजोर किन? कसरी? हुनुभो'? भ्रमण सफल कसरी भयो? म जान्न चाहन्छु । प्रधानमन्त्रीको मुखारविन्दुबाट जनता बुझ्न र सुन्न चाहन्छन् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोपाल भट्टराई ।

(१२:०७ बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षमार्फत प्रधानमन्त्रीज्यूलाई केही प्रश्न । खास गरेर गौतम बुद्ध एयरपोटमा बत्ती जडान गर्ने सहमति त भएछ । तर प्रवेश मार्गको व्यवस्था नभएसम्म अन्तर्राष्ट्रिय उडान गर्न विमान कम्पनीहरू इच्छुक देखिँदैनन् । यसको जानकारी आएन । उहाँ सामान्य सहमति त भो' भन्नुभो' अब त्यो बाटो प्राप्त गर्ने कुरा नभईकन त्यो विमान स्थलको सञ्चालन हुन सक्दैन ।

अर्को कुरा अघि कुरा पनि उठिसक्या छ । तर पनि अझ जोड के दिन चाहन्छु भने यो ईपीजी रिपोर्टको बारेमा किन कुरा गरिएन? यो कुरा बाहिर चाहिँ समाचारमा आउँदा कुरा गऱ्यो भने कुरा विग्रिन्थ्यो? भन्ने जस्तो कुराहरू आएको छ । यो के हो? धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय कुमार दसौदी ।

(१२:०८ बजे) **माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, म प्रधानमन्त्रीज्यूलाई एउटा प्रश्न सोध्न चाहन्छु । उहाँ जनयुद्धभन्दा अगाडी पनि सुस्ता भनेर भाषण गरेको हामीले सुनेको हो । अब उहाँ तीन पटक प्रधानमन्त्री भएर अहिले आइसक्नुभा'छ । भारत भ्रमण गरेर । यो सुस्ता समस्या समाधानको विषयमा के कुरा भयो ? म अस्ती त्यहाँ प्रचारमा जाँदाखेरि नवलपरासीमा यहाँ डुबान समस्या समाधान हुन पऱ्यो भन्ने कुरा राख्नुभा'थ्यो । त्यसको समाधानको के छ? के भयो? म त्यो जान्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुमित्रा वि.सी ।

(१२:०९ बजे) **माननीय श्री माननीय सुमित्रा वि.सी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदयमार्फत प्रधानमन्त्रीज्यूलाई मेरो प्रश्न । भारत भ्रमण जानुभन्दा ठिकअगाडी राष्ट्रपतिलाई हतार हतारमा नागरिकता विधेयकसम्बन्धी प्रमाणीकरण गरेर जान के भारतलाई खुसी पार्न हो? र अंगिकृत नागरिकताको बारेमा यहाँको विचार पनि म प्रष्ट जान्न चाहन्छु ।

र यस्तै गरेर कर्णाली खुर्कोट बारेमा ४८० मेगावाटको बत्तीको सम्झौता विद्युत्को सम्झौता भएछ । अपर कर्णालीको, अपर कर्णालीमा भारतीय कम्पनीलाई दिएर अहिलेसम्म होल्ड राखेर त्यहाँको काम नभएको र न काम हुने न डुबानबाट मुक्त हुने भ'को यसको बारेमा

यहाँले के कुरा गरेर आउनुभयो? व्यापार पारवाहन गऱ्यौं । भन्नुभो' यो के नेपाललाई मात्र फाइदा हुने हो? भारतको व्यापारी थलो नेपाल होइन र? आफ्नो स्वार्थ ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय जगप्रसाद शर्मा ।

(१२:१० बजे) **माननीय श्री माननीय जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले म सम्माननीय प्रधानमन्त्रीलाई मेरो जिज्ञासा राख्न चाहन्छु ।

हालैको भारत भ्रमणपछि दिएको अहिलेको यो सार्वजनिक महत्त्वको वक्तव्यअनुसार भारतसँग अरू होइन विद्युत् नेपालले विद्युत् बेच्छ भन्ने परिभाषा मात्रै होइन । नयाँ भाष्य स्थापना भएको छ । भारत र नेपालको बिचमा लामो सयमदेखि बिग्रेको सम्बन्ध सुदृढ भएको छ । सीमा र हवाई रूटको समस्या समाधान हुने नयाँ आधार खडा भएको छ । यो हुँदा हुँदै पनि एउटा यस्तो प्रवृति नेपालमा देखापऱ्यो । यसले एउटा शंका पैदा गर्यो । यसले एउटा सशङ्कित पनि बनायो । यसले देश कसरी बन्ला र कसरी अगाडी जाला मेरो जिज्ञासा? धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल ।

(१२:११ बजे) **माननीय श्री माननीय तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म प्रधानमन्त्रीलाई प्रश्न सोध्न चाहन्छु । यो भारतसँगको जुन भ्रमण भयो । यो भ्रमणले चाहिँ भारत सफल भएको छ । र नेपाललाई उसले थप बजार बनाएको छ । र नेपालीहरूको शिर निहुरिएको छ । ८८ जनाको जम्बो टोली लिएर प्रधानमन्त्री जानुभयो । कि यति नै लान आवश्यकता थियो कि? उनीहरूले यति ल्याउनुभनेका थिए?

र कूटनीतिक मर्यादाको पनि पालन भएको देखिएन । पाँच पाँच जना मन्त्रीहरू जानुभएको छ । तर हस्ताक्षेर गर्ने ठाउँमा पारिवारिक सदस्यहरू देखियो । र हामीले पानी दियौं र पेट्रोल लियौं । त्यो भ'को हुनाले अखण्ड भारतको बारेमा पनि प्रधानमन्त्रीले किन

बोल्नुभएन? र अन्य ठाउँको सीमा समस्याको बारेमा पनि बोलेको देखिएन । जयसिंह धामीको बारेमा पनि बोलेको देखिएन र तल्लो अरूणामा चाहिँ उहाँले दिएर आउनुभयो । हामी २१ प्रतिशत शुल्क लिने हामीले त्यत्रो पानीमा कम्तिमा फिफ्टि पर्सेन्ट, फिफ्टी फिटी गर्नुपर्थ्यो त्यो पनि गर्न सक्नुभएन । प्रधानमन्त्रीज्यू हामीले हारेर आएका छौं । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय ईन्दु कडरिया ।

(१२:१२ बजे) **माननीय श्री माननीय ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्ष महोदय, नेपाल, भारत बिच रहेको एक हजार आठ सय पचास किलोमिटर सीमामध्ये २३ जिल्लामा सीमा विवाद छ । नेपाल, भारत दुवै सार्वभौम सम्पन्न, स्वतन्त्र राष्ट्र हुन् । तर भारतीय सुरक्षाकर्मी अनुमति विना हातहतियारसहित नेपाल प्रवेश गर्ने र सीमामा रहेका नेपालीहरूमाथि दुर्व्यवहार गर्ने सीमा अतिक्रमण गर्ने घटना पटक पटक दोहोरी रहेका छन् । प्रधानमन्त्रीज्यूको भव्य र सफल भनिएको भारतको भ्रमण, भारत भ्रमणको बेला सीमासम्बन्धी विवाद समाधान गर्न भारतीय पक्षसँग कस्तो छलफल भयो? के उपलब्धी भयो? सीमामा बस्ने नेपालीहरूले कहिलेदेखि सहज वातावरणमा नेपाली नागरिक भएर बस्न पाउँछन्? प्रधानमन्त्रीज्युसँग प्रष्ट जवाफ चाहन्छु । धन्यवाद ।

(१२:१३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"लाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउँछु ।

(१२:१३ बजे) **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"**ः- सम्माननीय सभामुख महोदय, माननीय सदस्यहरूले केही गम्भीर प्रश्न, गम्भीर रूपले सोधेर मलाई स्पष्ट पार्न सहज बनाउनुभएको छ । म माननीय सदस्यहरूलाई धन्यवाद भन्न चाहन्छु । र म संक्षिप्तमा माननीय सदस्यले उठाएका प्रश्नको स्पष्टिकरण दिन्छु ।

पहिलो कुरा, संसदको नक्सा बारे कुरा भयो । मैले गम्भीर रूपले नै किन कि त्यो धेरै अध्ययन भइसक्या त थिएन । तर पनि जसरी मिडियामा आएको थियो । त्यो विषयमा त्यसरी नै प्रश्न गरें । यो के हो नक्सा? नयाँ संसद भवनमा भारतले राखेको नक्सा बारे विभिन्न कोण,

प्रतिकोणबाट चर्चा भएको छ भन्दा उहाँहरूले दिएको जवाफ मैले प्रतिनिधि सभामा पनि भनेको थिए । यो कुनै राजनीतिक नक्सा होइन । यो ऐतिहासिक र सांस्कृतिक नक्सा हो । यसलाई राजनीतिक रूपले हेर्न हुँदैन भन्ने उहाँहरूको जवाफ थियो । अब यो बारे अझ बढी अध्ययन गर्ने, छलफल गर्ने कुरा त बाँकी नै छ । त्यसकारण कुरा उठाएन, केही पनि भएन भन्ने कुरा साँचो होइन ।

लक्ष्मणपुर बाँध मात्रै होइन डुबानमा परेका सबै क्षेत्रको बारेमा गम्भीर छलफल भयो । मैले अगि प्रस्तुत गरेको स्पष्टिकरणमा भनौं । रिपोर्टमा पनि त्यो कुरा प्रष्ट उल्लेख गरिएको छ । डुबानका समस्या लक्ष्मणपुर बाँधलाई अलि विशेष रूपले चर्चा भयो । अन्यत्र पनि जँहा जँहा चाहिँ बाँध बाँधेर डुबानको समस्या उत्पन्न भएको छ । ती समस्याहरू एकमुष्ट रूपले समाधान गर्न बर्खाअगाडी नै तपाईंहरूले पक्कै पनि नोट गर्नुभयो होला बर्खाअगाडी नै दुवै देशका अधिकारीहरूले यस सम्बन्धी काम समाधान गर्ने उद्देश्यका साथ अगाडी बढाउन निर्देशन दिइसकिएको छ भनेर मैले भनेको थिए । त्यस कारण यो डुबानको कुरै उठेनछ भन्ने कुरा सत्य होइन । गम्भीर रूपले उठ्यो । र दुवै प्रधानमन्त्रीको बिचमा यसलाई समाधान गर्नै पर्छ भनेर निर्देशन जारी गर्ने समझदारी पनि भयो । निर्देशन पनि जारी गरियो ।

एयर रूटको बारेमा पक्कै पनि हामी अहिले नै यही भ्रमणबाट एउटा इन्टरनेश्नल एयर रूट चाहन्थ्यौं नै हामीले तयारीको क्रममा पनि नेपाललाई बैकल्पिक हवाइमार्ग आवश्यक छ भनेर छलफल तयारी गर्न गर्नको लागि गृहकार्य गर्न हाम्रो प्राधिकरणबाट कर्मचारीहरू पठाइएको पनि थियो । गम्भीर छलफल पनि भयो । छलफल पछि नेपालगञ्जबाट एयर रूट दिने तर हालका लागि Low altitude वाला जहाज मात्रै नेपालगञ्ज, लखनऊ, दिल्ली, पटना इत्यादि ठाउँमा जानआउन सक्ने गरी चाहिँ दिन, दिने । र High altitude को बारेमा अझै तयारी गर्नुपर्ने भन्ने जवाफ पहिले नै आएको थियो । र हामीले भ्रमणको क्रममा पनि यो विषयलाई हामी सबै नेपालीको चासोअनुसार नै मैले बढो प्रष्ट शब्दमा त्यहाँ कुनै If, But होइन । प्रष्ट शब्दमा हामीलाई Low altitude को होइन High altitude कै र इन्टरनेश्नल एयर रूटको रूपमा चाहियो । हाम्रो डिमान्ड चाहिँ महेन्द्रनगर, नेपालजञ्ज, भैरहवा, विराटनगर यी ठाउँमा पनि हामीलाई एयर रूट चाहिन्छ भन्ने हो । तत्काल त्यसको तयारी पुग्दैन भने कम्तिमा पनि एउटा इन्टरनेश्नल एयर रूट चाहियो । हामीले Low altitude को एउटा नेपालगञ्ज आउने जहाज दिने कुरा पनि एक कदम त अगाडी हो । हामीले अर्को एयर रूट प्राप्त चाहिँ गरियो । तर नेपाल र नेपालीको आवश्यकताअनुसार यो पूरा भएन भन्ने कुरा राखिएको छ । र भारतले यो विषयमा छलफल गरेर अलि तयारी गरेर निर्णय लिने सकारात्मक नै उत्तर छ फेरि । हामी त्यतिकै

नकारात्मक मात्रै सोचेर राम्रो भएकोलाई नै नराम्रै देखाउन बल गर्नु नेपालको हितमा हुँदैन । राम्रो भ'कोलाई राम्रै भन्ने हो नभएकोलाई नभएको भन्ने हो । हामीले खोजेको इन्टरनेश्नल एयर रूट थियो । पाइएको छैन । तर हामीले एउटा एयर रूट Low altitude को भए पनि पाइयो । अहिले नेपालमा चल्ने बुद्ध, यति जस्ता जहाजहरू चाहिँ जानआउने सक्ने भए नेपालगञ्जबाट पनि । यो त एक कदम अगाडि त हो नि । त्यसलाई पनि केही नि होइन भन्या जस्तो गरी कुरा गर्नु उचित छैन ।

अनि धेरै माननीय सदस्यहरूले कालापानी, लिपुलेख, लिम्पियाधुरा बारे के भयो भनेर राख्नुभयो । सीमासम्बन्धी कुरा भयो भनेको त्यसमा हाम्रो मुख्य भनेको कालापानी क्षेत्र लिम्पियाधुरा, लिपुलेख क्षेत्र कै बारेको समस्याको बारेमा बढी छलफल हुने हो । त्यसको साथ साथै जँहा जँहा सीमासम्बन्धी समस्या देखा परेका छन् । ती ती ठाउँको बारेमा पनि समग्रमा पनि कुरा भएको हो । त्यो हामीले डेलिगेसन लेवलको कुरामा पनि, रेस्टिक्टेड लेवलको कुरामा पनि र वान टु वानको कुरामा त अझ खुलेरै यी विषयहरू चर्चा भए । र यो चर्चा खुलस्त र विश्वासको वातावरण बनाउने हिसाबले गरिएकै कारण संयुक्त प्रेस मिटिङ्गमा मैलेभन्दा पहिला प्रधानमन्त्री मोदीजीले नै सीमासम्बन्धी समस्या हल गरिन्छ । र नेपाल, भारत सम्बन्धलाई २०१४ मा आफू आउँदा जुन स्तरमा थियो । त्योभन्दा अझमाथि लगिन्छ । त्यतिबेला २०१४ मा आएर यहाँको Parliament मा सम्बोधन गर्दै गर्दा  जो सकारात्मक माहोल बनेको थियो । त्यही ठाउँमा पुऱ्याउनुपर्छ भनेर त्यति बेला उहाँले हिट भन्नुहुन्थ्यो HIT । अहिले चाहिँ उहाँले सुपरहिट बनाउने नै हो भन्ने कुरा बढो राम्रो बडी Language मा त्यो कुनै कूटनीतिक इत्यादी भन्ने पनि थिएन । त्यो हृदयदेखि नै बनाउने हो र हिमाल जतिको उचाइमा नेपाल, भारत सम्बन्ध पुऱ्याउने हो । सायद यो नेपाल, भारत सम्बन्धको इतिहासमा भारतको एउटा शक्तिशाली प्रधानमन्त्रीले आफ्नै मुखबाट सीमासम्बन्धी समस्या हल गरिन्छ भनेर प्रष्ट कमिटमेन्ट आएको र नेपाल, भारत सम्बन्धलाई हिमालय जस्तै उच्च बनाइन्छ र सुपरहिट बनाउने हो भनेर भनेको पहिलो पटक नै हो । अब यति राम्रो हुँदा नि सबै छोडेर आइस् भनेर भन्यो भने त त्यसको त केही पनि दबाई छैन । यो नेपालीको लागि, हामी सबैको लागि गर्वको कुरा हो । जे कुरा हामीले वर्षौंदेखि चाहना राख्याथ्यौं, भनेका थियौं अहिले एउटा प्रतिबद्धता एउटा सङ्कल्पको रूपमा यो आएको छ । हामी सबै एक जुट भएरअगाडी बढ्यौं भने यो समस्याको समाधान हुन्छ भन्ने मेरो विश्वास छ ।

अब माननीय सदस्यहरूले फेरि अर्को राख्नुभयो । यो सट्टा पट्टावाला कुरो, के भएको हो? तपाईंले त जमिनै दिएर आउनुभएछ? भन्या जस्तो । पहिलो कुरा म के भन्न चाहन्छु भने मैले

औपचारिक कुनै पनि बैठकमा जमिन सट्टा पट्टा बारे कुरा गरेकै छैन र गरेकै होइन । खाली कालापानी, लिपुलेख, लिम्पियाधुरा नेपालको हो । त्यो समस्या छिटोभन्दा छिटो वार्ता, संवादद्धारा हल गर्नुपर्छ भन्ने कुरा मात्रै भने हो । मैले नेपाली पत्रकारहरूसँग कुरा गर्दा यो विषयमा धेरै खालका विचारहरू पनि छन् । नेपालकै कतिपय बुद्धिजीविहरूले हामीले यदि बङ्गालादेशको मोडेल बारे अध्ययन गरेर त्यसलाई पनि लिनुपर्छ । या बङ्गलादेश जाने बाटो चाहिँ हामीले पाउने हो भने समस्याको त्यो पनि समाधान हुन सक्छन् भनेका छन् भन्ने सन्दर्भमा मैले यो कुरा बोलेको हो । त्यो भारत सरकारसँग प्रस्ताव राखेको या भारतसँग कुरा भएको होइन । माननीय सदस्यलाई प्रष्ट होस् । मैले त चाहिँ यो विकल्प बारे नेपालको एउटा दुइटा बुद्धिजीविले मात्रै होइन । नेपालमा धेरै पटक सीमासम्बन्धी समस्या समाधानका बारेमा सरकारले नै समय समयमा अध्ययन गराउने गरेको छ । ०७२ मा पनि अध्ययन भएको छ । ०७७ मा पनि अध्ययन भएको छ । र त्यो अध्ययन गरेका बुद्धिजीविहरू, विषेशज्ञहरूले चाहिँ जटिल भयो भने हामीले सट्टा पट्टा पनि गर्न सकिन्छ भनेर उहिलेदेखि भनेका भेटिन्छ । त्यसकारण यो मैले आविष्कार गर्या कुरा नि होइन । यो भारत सरकारसँग अहिले नै औपचारिक ढङ्गले प्रस्तावित गरिएको कुरा पनि होइन । यस्ता पनि विचारहरू चाहिँ छन् मैले भनेको हो । त्यसकारण यसलाई फेरि अतिरन्जित ढङ्गले यति राम्रो भएको सम्बन्धमा चाहिँ दरार पैदा कसरी गर्न सकिएला जसरी तर्क गर्नु म माननीय सदस्यहरूलाई अनुरोध गर्न चाहन्छु । उचित हुँदैन । त्यस्तो केही पनि भएको छैन । सीमासम्बन्धी समस्या हल गरिन्छ भन्नी कुरा हामीले त भनेकै कुरा हो । भारतीय प्रधानमन्त्रीले पनि पहिलो चोटी भन्ने परिस्थिति सृजना गरियो । त्यसमा तपाईं हामी सबै गर्व गर्नुपर्दछ । मलाई त लागेको थियो । अहिले मैले अघि जुन पढेँ । यहाँहरूको अगाडी राखे भारत भ्रमणका उपलब्धी बारे । देशले सिङ्गै के सत्ता पक्ष, के प्रतिपक्ष, नागरिक समाज सबैले नै मलाई चाहिँ बधाई दिन्छन् भन्ने सोँचेरै आ'को थिएँ म । स्वागत हुन्छ भव्य किन भने नेपालको इतिहासमा केही युगान्तकारी काम सुरु भए छन् माननीय सदस्यहरू । राजनीतिक कारणले हामीले कसैलाई भन्न मन नलाग्ने र कसैलाई भन्न मन लाग्ने त एउटा कुरा होला । तर नेपालको इतिहासमा पहिलो पटक सीमासम्बन्धी समस्या हामी हल गर्छौं भनेर दुवैजना प्रधानमन्त्रीले दुनियाको अगाडी उभिएर कमिट्मेन्ट गर्ने सानो उपलब्धी होइन ।

दश हजार मेगावाट दश वर्षमा खरिद गर्ने हामीले हाम्रो देशभित्र खपत नबढाउने कसले भनेको छ? मैले प्रत्येक पटक अहिले प्रधानमन्त्री भएपछि क्याविनेटमा पनि बाहिर पनि मुख्य कुरा त हाम्रो विद्युत् हामीले नै बढीभन्दा बढी खपत गर्ने गरी यातायातमा, भान्सामा, उद्योगधन्दा,

कलकारखानामा बढीभन्दा बढी बढाउन पर्छ । यसलाई उच्च प्राथमिकता राख्नुपर्छ भन्दै आएको छु । सरकार त्यहाँ कहीं दुविधामा छैन । तर जतिसुकै भने पनि तथ्य के हो भने तुरून्तै हामी त्यसो गर्न सक्दैनौं । त्यसको लागि आवश्यक पर्ने हाम्रो तयारी पुग्दैन । हामीसँग जति पोटेन्सियल छ । झन्डै ८२/८३ हजार मेगावाटको र हामीले केही वर्षभित्र २०/२५/३० हजार मेगावाट बनाएर त्यो खपत हामी २०/३० वर्षसम्म खपत गर्ने गरी पूर्वाधारै बनाउन पनि हामीलाई गाह्रो छ । हामीलाई विद्युत्को बजार त चाहिएकै छ । यहाँ कोही पनि विवेकशील नेपाली, या कोही पनि सचेतले चाहिँदैन हामीलाई पानी बगेर उता ग'को गइ गरोस् हामी विजुली पनि दिन्नम भन्छ त कसैले? पानी त बगि त रा'को छ । त्यसकारण यो त एउटा ऐतिहासिक उपलब्धी पो हो ।

भारतको प्रधानमन्त्रीले औपचारिक भ्रमणमा प्रेसको अगाडी उभिएर दश हजार मेगावाट सम्पन्न भयो । सहमति भयो भन्ने कुराले अब नेपालको विकासले अब एउटा नयाँ गति लिने आधार पो बन्यो । यसमा त हामी सबै खुसी हुनुपर्ने? गर्व गर्नुपर्ने? त्यस्तो परिस्थिति निर्माण गर्ने सरकारलाई बधाई र धन्यवाद भन्नुपर्ने । त्यो देख्दा दुनिया अझ ओहो नेपालीहरू त विकासको कुरामा, समृद्धिको कुरामा सबै एकै ठाउँमा र' हन् भन्ने देखाए पो हाम्रो हात अझ बलियो हुँदै जान्थ्यो नेपालको हात । अब हामी यहाँ बसेर केही नि गरिनस् सबै छोडेर आइस् मात्रै भन्दिएपछि त । यी नेपालीहरू भनेका यस्तै र'छन भन्ने हुने र हामीलाइ सहयोग गर्न चाहनीले पनि के सहयोग गर्नु भन्या जस्तो वातावरण हामीले किन बनाउने? म माननीय सदस्यहरूसँग विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु । त्यो ऐतिहासिक नै हो ।

एयर रूट पहिलो पटक ऐतिहासिक नै हो । जति कुराहरू प्रष्टसँग राखिएको छ । सबै विषय राखिएको छ । इतिहासदेखि थातिराखेका सबै पनि मैले १९५० को कुरा पहिलो पटक जाँदा पनि र अहिले जाँदा पनि इतिहासदेखि थातिराखेका समस्याहरू भनिएको छ । बोल्दाखेरि तपाईंहरूले कतिको नोट गर्नुभो'? ती सबै समस्याहरूको पनि विश्वासको वातावरण बनाएर समाधान गर्नुपर्छ । भन्ने स्प्रिटमा राखिएको छ । यस अर्थमा पनि यो भ्रमण महत्त्वपूर्ण भएको छ । ग्यामचेन्ज गर्ने तरिकाले अगाडी बाढेको छ । किन हामी दुई छिमेकीहरू राम्रो विश्वासको वातावरण बनाएर मात्रै लिपुलेख, कालापानीको पनि समस्या हल हुने हो । एकले अर्कालाई पोलिटिक्स मात्र गरेर बल्झिने मात्र हो । कचिङ्गल हुने मात्रै हो । सरकारको नेतृत्वको हुनुको हैसियतले हामीले संवादद्वारा सकारात्मक ढङ्गले समाधानको उपाय खोज्ने पो हो । प्रधानमन्त्रीले विश्वासको वातावरण बनाएर सीमाको समस्या हल गर्छौं भन्ने ठाउँसम्म भारत पनि सहमत भएर आ'कोलाई त अरू कसैले गऱ्यो र? माननीय सदस्यहरू, अरू कुनै प्रधानमन्त्री हिजोका सरकार,

हामी स्वयमले पनि हिजो गर्न सक्या कुरा थियो र यो? अहिले अरू बढो केही नि भएन भन्ने साथीहरूले, माननीय सदस्यहरूले हिजो त सरकारको नेतृत्व उहाँहरूको दलले पनि गरेकै थियो । अरू थुप्रै प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँहरूले के चाहिँ गर्नुभा'थ्यो? गर्नुभयो केही? भएको थियो र केही? भन्दा अहिले अलिकति भयो ल । उत्पात भयो भन्ने मेरो दावी होइन । तर एउटा नयाँ सुरुवात भयो ।

नेपाल समृद्ध हुने ढोका खोलियो । नेपालमा अब अरबौं खरबौंको लगानी आउने वातावरण बनाइयो । यसमा त हामीले खुसी पो व्यक्त गर्नुपर्दछ । र यो अब त्यसकारण म माननीय सदस्यहरूलाई गम्भीरतापूर्वक अनुरोध गर्न चाहन्छु । यो बेला हो । नेपालीहरूले बलियो राष्ट्रिय एकताको प्रदर्शन गर्ने । ठिक भएको छ । अझ ठिक हुनुपर्छ । भएका सहमति ठिक ढङ्गले कार्यान्वयन हुन् । हामी सबै नेपालीहरूले तिखो आँखाले हेरौं । सहमति र सम्झौता भएका कुराहरू पालन हुन् । जस्तो पञ्चेश्वर २६ वर्ष भयो । मैले जानुअगाडि यस सम्मानित सदनमा पनि ती कुरा जानकारी गराएको थिएँ । अहिले तीन महिनामा डिपिआर बनाउने, एक वर्षभित्र निर्माणको मोडालिटी तयार गर्ने भन्ने भएको छ । र टनकपुरबाट हामीले पाउने पानी हामीतिरकै संरचना पूरा भइसकेको रै'छ । तर अहिले दिने, अब त्यो पानी छोड्ने भन्ने भएको छ । यी सबै कुरा उपलब्धी होइनन् र? यसले नयाँ वातवारण बनाएको होइन र? अनि हामी सबैले एक भएर यी भएका सहमति, समझदारी ठिक ढङ्गले कार्यान्वयन हुन् । हुन बाँकी सहमति पनि बनाउनुपर्‍यो पो भन्न पर्छ र? त्यसो भन्यो भनी पो नेपाल बलियो हुन्छ । हामी बलियो हुन्छौं । त्यसकारण यसमा अनावश्यक हामीले सकिनसकि विरोध गर्नुपर्ने, कनिकुथी तरिका अपनाउन उचित छैन ।

अर्को नागरिकताको बारे पनि माननीय सदस्यहरूले उठाउनुभो' । म लामो त भन्दिन, भन्न आवश्यक पनि छैन । मलाई लाग्छ सबैले बुझिराखेकै कुरा हो । त्यो नागरिकतासम्बन्धी विधेयक मैले भारत जाने दिन प्रमाणीकरण होस् भनेको होइन । म जसरी यो सम्मानित सदनमा म भारत जाँदैछु । यो यो विषयमा कुरा हुने वाला छ भनेको थिएँ । त्यही कुरा प्रधानमन्त्रीको हैसियतले राष्ट्रपतिलाई पनि भन्नु त कर्तव्य पनि हो, जिम्मेवारी पनि हो, परम्परा पनि हो । त्यही भन्न गा'को थिएँ म राष्ट्रपति कहाँ । म जाँदै छु । यो विषयमा कुरा हुँदैछ भन्न गएको थिएँ । मेरो त चाहना २४ गते जतिबेला यो सदन बजेट सेसन सुरु हुने दिन थियो । त्यही दिन चाहिँ प्रमाणीकरण गर्दा हुन्छ भन्ने मेरो सुझाव थियो । प्रष्ट होस् माननीय सदस्यलाई । म भारत जाने दिन बेकारमा म किन गर्न चाहन्थे । म त कुन महिनाको चैत्रको, चैत्र २४ गते हो कि वैशाख २४ गते जुन दिन हाम्रो संयुक्त अधिवेशन सुरु भयो नि पछि त्यही दिन प्रमाणीकरण गर्नु उचित

हुन्छ भनेको थिएँ । त्यो पनि मैले व्यक्तिगत रूपले भनिराख्या थिइन । मैले संविधानविज्ञ, कानुनविद्, बार एशोसिएशन, पूर्वमहान्यायधिवक्ताहरूको टिम नै बोलाएर यो विधेयक अलि विशिष्ट स्थितिमा पऱ्यो । राष्ट्रपतिलाई के सुझाव दिँदा ठिक हुन्छ? भन्ने सल्लाह लिएर र त्यहाँ पूर्वमहान्यायधिवक्तादेखि बार एशोसिएशन सबैको के थियो भने राष्ट्रपतिले प्रमाणीकरण गर्दिनु नै सबभन्दा संवैधानिक हुन्छ भन्ने सुझाव थियो । त्यो सुझावको आधारमा २४ गते नै प्रमाणीकरण गर्दिनुस् भन्ने सुझाव लिएर म गएको थिएँ तर राष्ट्रपतिजीले मैले अलिकति कानुनी सल्लाह त मैले पनि लिन पर्यो नि? भन्नुभो' सल्लाह लिँदै जाँदा, लिँदै जाँदा चाहिँ संयोग के भयो भने म भारत जाने दिन नै उहाँको सल्लाह टुङ्गियो । त्यसमा मेरो त केही दोष छैन । पहिलो कुरा । मलाई ताकेर चाहिँ त्यही दिन दुई घण्टाअगाडी किन गर्नुपर्यो भन्नुको कुनै तुक छैन । त्यसमा कुनै तथ्य छैन ।

तर सोच्दै जाँदा राष्ट्रपतिजीलाई पनि कोहिले केहि सुझाव दिए होलान् । कोहिले केहि सुझाव दिए होलान् । उहाँले कुनै न कुनै टेक्नी ठाउँ भए हुन्थ्यो भन्ने देखिएपछि हामीले आखिर त्यो विधेयक चाहिँ अगाडी बढाएको त नेपाल सरकारले नै हो । जसले विधेयकअगाडी बढाएको हो जहाँबाट त्यसैले एउटा सुझाव दिएको फेरि हामीले सिफारिस गरेको होइन । माननीय सदस्यहरू नोट गर्नुहोला । सरकारले त्यो विधेयक यसरी सदनमा प्रस्तुत भएर दुइदुइपटक पारित भएर प्रमाणीकरणको निम्ति राष्ट्रपतिकामा गएको थियो । हाम्रो सुझाव छ कि त्यसलाई राष्ट्रपतिजीले प्रमाणीकरण गर्नु उचित हुन्छ भन्ने सुझावको रूपमा छ । निर्णय गरेर ल सरकारको निर्णय राष्ट्रपतिले मान्नै पर्छ भन्ने भाषामा पनि भनिएको छैन । त्यसकारण त्यो गते भारत भ्रमण जाने दिन पर्नु चाहिँ संयोग मात्रै हो । म त चाहन्थ्ये त्योभन्दा एक डेढ महिनाअगाडी नै होस् । त्यसकारण यो स्थिति हो ।

दोस्रो केही माननीय सदस्यहरूले भन्नि के गर्नुभा'छ भने यो विधेयक त अघिल्लो सदनले पो पारित गरेको हो । र अघिल्लो राष्ट्रपतिले पो प्रमाणीकरण गर्न पर्थ्यो । नगरेपछि त त्यो त मर्यो । त्यो त जिरोमा आयो भन्ने तर्क गर्नुभएको छ । यहाँनिर म लामो व्याख्या नगरीकन माननीय सदस्यको ध्यानाकर्षण के मा गर्न चाहन्छु भने कुरा त्यस्तो होइन । हामीले पनि प्रतिनिधि सभाबाट पारित भएर राष्ट्रिय सभामा आएका वा राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधि सभामा रहेका या प्रतिनिधि सभा या राष्ट्रिय सभामा प्रस्तुत भएका कुनै पनि विधेयक नयाँ प्रतिनिधि सभा आइसकेपछि ती जिरोमा जान्छन् भन्ने कुरा हामी सबैले बुझेका छौं । र हामीले गऱ्यो पनि त्यस्तै कैयौं विधेयकहरू शून्यमा भो फेरि ल्याइयो नि त । हामीले थुप्रै विधेयकहरू फेरि नयाँ सिराबाट सदनमा टेबुल गरियो । प्रस्तुत गरियो । हामी अहिले त्यसमा छलफल गर्दैछौं । तर

ती विधेयक र यो विधेयकको परिस्थिति बिलकुल फरक छ । गुणात्मक रूपले फरक छ । किन कि यो विधेयक चाहिँ राष्ट्रिय सभामा पारित भएको, प्रतिनिधि सभामा नभ'को होइन । प्रतिनिधि सभामा पारित भएको, राष्ट्रिय सभामा नभएको होइन । दुवै सभामा दुई दुई पटक पारित भएर प्रमाणीकरणका लागि सभामुखको प्रमाणीकरणसहित अन्तिम प्रमाणीकरणको लागि राष्ट्रपति कार्यालय बुझाइएको विधेयक हो । हाम्रो संविधान, ऐन, कानुन कसैले पनि त्यहाँको गा'को पनि जिरो हुन्छ भनेर कहीँ भनेको छैन । कोही माननीय सदस्य, कोही नेता साथीहरूले भन्न सक्नुभएको छैन कि त्यो पनि जिरो हुन्छ । तर्कको लागि भनिदिने त एउटा कुरा हो तर संविधानको कुनै प्रावधानलाई टेकेर या ऐन, कानुन कतै हेरेर राष्ट्रपति कहाँ पुगिसकेको दुवै सदनबाट पारित भएर राष्ट्रपतिका पुगेको पनि फिर्ता हुन्छ । ए जिरो हुन्छ । या नयाँ सिरोबाट ल्याउनुपर्छ भन्ने कहीँ पनि छैन । यो कुरा प्रष्ट होस् । त्यसकारण यो विधेयक स्थिति अरू विधेयकको भन्दा फरक हो भन्ने कुरा बुझ्न जरुरी छ । भनेपछि एकातिर ।

अर्कोतिर यो विधेयकको स्थिति के भयो भने संविधानअनुसार दुवै सदनबाट पारित भएर राष्ट्रपतिकहाँ गएको विधेयकलाई राष्ट्रपतिले एक पटकको लागि नोटसहित आफ्नो सुझावसहित फिर्ता पठाउन सक्ने संविधानको व्यवस्था छ । त्यो पनि पूरा भयो हाम्रो । दोस्रो पटक पठाएपछि दोस्रो पटक पनि पारित भएर गइसकेपछि फेरि फिर्ता पठाउने वा खारेज गर्ने या होल्ड गर्ने या केही गर्ने अधिकार संविधानले कल्पना पनि गरेको छैन । मैले कसैलाई आरोप लगाउन चाहेको पनि होइन । तर यथार्थ स्थिति के हो भने त्यसबाट संविधान त डिरेल भयो नि । संविधान त मिचियो नि । सदनको त अपमान त्यताबाट पो भयो । संविधानमा स्पष्टसँग लेखिएको शब्द, मर्म र भावना विपरित पो भयो । अब अहिले मानौं एकछिनलाई, एकछिनलाई अब जे जे भयो भयो । फेरि अर्को लैजाउँन त त्यही त्यसलाई छोड्दिएर अर्को भन्यो भने हुने के भयो त । अब फेरि राष्ट्रपतिले हामीले दुवै सदनबाट पारित गरे पनि राष्ट्रपतिलाई मन परेन भने त उहाँले पनि होल्डै गर्दिने बाटो खुल्यो । अब त सदनको सार्वभौम अधिकार त कहाँ गयो त? राष्ट्रपतिको स्वविवेकमा जाने भयो । उहाँलाई मन लाग्यो प्रमाणीकरण, नलागे नगर्दिने । भोली संवैधानिक परिषद्ले गर्छ निर्णय । ठुलठुला संवैधानिक नियुक्ति राष्ट्रपतिलाई मन परेन भने उहाँले प्रमाणीकरण नगरिदिने । बाटो खुल्नि भयो । यहाँ के भएको पिर होइन । के भएपछि भन्ने उखान जस्तै समस्या पर्‍यो यहाँ । संविधानको रक्षा गर्ने, लोकतन्त्रको रक्षा गर्ने उपाय के हो भन्ने निकै ठुलो प्रश्न योभित्र अन्तरनिहित छ माननीय सदस्यहरू । हामी कुनै आग्रह पूर्वाग्रहबाट नसोचिकन अन्तर आत्मालाई सोंचौ त? अहिले त एकछिनलाई केही माननीय सदस्यहरू खासगरी प्रतिपक्षका माननीयहरूले यहीं ल्याउँ भन्ने हुनाले ल्याउदिउँला रे । तर बाटो

त के खुल्नि भयो भने राष्ट्रपतिले कुनै पनि बेला, कुनै पनि विधेयकलाई प्रमाणीकरण नगर्दिन सक्ने । मनपरे गर्नि, नपरे नगर्नि भन्ने सार्वभौम अधिकार हिजो राजामा भनेर हामीले राजतन्त्रका विरूद्ध त्यत्रो लडाई लडियो । सार्वभौम अधिकार नेपाली जनतामा हुनुपर्छ भनेर । अब सार्वभौम अधिकार त राष्ट्रपति कहाँ हुने बाटो खुल्ने भयो । त्यसकारण यहाँ हामी सबै गम्भीर हुन जरुरी छ । भन्नि हो हाम्रो चासो । नागरिकता बारेको चासो त्यहाँनिर हो । त्यसकारण त्यस्तो हुन नदिनको के बाटो छ त? भन्दा सदन भनेको पनि के हो त? सार्वभौम निरन्तरता हुन्छ । एउटा सदनले गरेको निर्णय अर्को सदनले मान्न पर्ने हुन्छ । नमान्ने हो भने प्रस्ताव ल्याएर अब यो यति यति कारणले मान्दैन भनेर अर्को विधेयक पास गर्न पर्ने हुन्छ । नत्र त त्यसलाई मान्न पर्नि हुन्छ । एउटा सरकारले गरेको निर्णय हाम्रा छिमेकीहरूसँग या विदेशी राष्ट्रहरूसँग गरेको सन्धि, सम्झौता म मान्दिन भनेर अर्को सरकारले आउने बित्तिकै भन्न पाउँदै । त्यो सार्वभौम निरन्तरता रहेकै हुन्छ सरकारको पनि सदनको पनि । त्यसकारण अघिल्लोले गरेको हामीलाई के मतलब भन्ने कुरा हुँदैन । त्यसकारण हामीले राष्ट्रपति जहाँनिरबाट मिस भएको हो, जहाँ त्रृटि भएको हो । जहाँ छुटेको कडी त्यहाँ जोड दिएको मात्रै हो ।

अब अहिले त अब हाम्रो देशको चाहिँ परम्परा भनौं या हाम्रो चाहिँ अवस्थाअनुसार यो पनि गएकै छ सर्वोच्च अदालतमा । अब सर्वोच्च अदालतमा विचाराधीन छ । अल्पकालीन स्टे भइ नै सक्या छ । त्यसकारण हामीले धेरै टेन्सन लिन पर्दैन मैले प्रतिनिधि सभामा पनि भनेको अब धेरै टाउको दुखाउनुभन्दा छोड्दिऊ अब । अदालतको आओस् अनि जे जे गर्न पर्छ गरौंला भनिएको छ । मैले यहाँ पनि माननीय सदस्यहरूलाई यति व्याख्यासहित अब अदालतमा भएको कुरालाई हामी हेरौं भनेर भन्न चाहन्छु । म चाहिँ के विश्वास व्यक्त गर्छु भने अदालतले पनि संविधान र लोकतन्त्रको मर्म र भावनाभन्दा बाहिर गएर त पक्कै गर्दैन? हिजो पनि सदन विघटन पटक पटक हुँदा अदालतले पटक पटक पुनर्स्थापना गरेको इतिहास त हामी कहाँ छँदैछ । मचाहिँ त्यो विश्वास गर्छु । तर अन्तत: अदालतको फैसला हामी सबैलाई मान्य हुन्छ नै ।

अब अर्को माननीय सदस्यले राख्नुभएको फुर्कोट कर्णाली यो बारेमा छलफल अहिले सुरु भएर अहिले नै बेचेर आ'को भनेर सोध्नुभा'छ भने सत्य होइन । यो विषयमा पहिलाका सरकारहरूले पनि धेरै खालको छलफल गरेर एउटा सहमतितिर लगेकोलाई अब अगाडी बढाउने भन्ने मात्रै भएको हो । त्यसकारण यो फेरि गर्न सक्ने सम्भावना भएको चाहिँ भारतको सरकारी कम्पनी नै हो । उसँग पहिलादेखि छलफल भइराख्याथ्यो । त्यसलाई अहिले अगाडी बढाउने निर्णय गरिएको हो ।

अर्को यो कृषि सामग्री सम्बन्धी कुराहरू पनि अहिले धेरै राम्रो छलफल भएको छ माननीय सदस्यहरू । यो पटक हामीले हाम्रो कृषि उत्पादनको बजारको निम्ति क्वारेन्टाइनलाई अझ सुदृढ गर्नको निम्ति व्यापारघाटा घटाउनको निम्ति भारतले सहयोग गर्नुपर्छ भन्ने बारेमा प्रष्टसँग राखिएको पनि छ । र एउटा समझदारीको स्तरमा पुऱ्याइएको पनि छ । र मलाई विश्वास छ । कृषिसम्बन्धी त अझ बढी भारतीय प्रधानमन्त्रीले उत्साहित भएर उहाँले कुरूक्षेत्रलगायतका केही ठाउँमा यो अर्ग्यानिक खेती बारे निकै महत्त्वपूर्ण प्रयोगहरू भएको । र त्यसले भारतमा पनि उत्पादन वृद्धि र रोजगारी सृष्टिमा एउटा नयाँ वातावरण बन्ने भएको र नेपालले पनि त्यसो गरोस् । त्यसो भएपछि नेपालको कृषि उत्पादन पनि बढ्ने, रोजगारी सृष्टि हुने र भारतीय बजारको निम्ति पनि अझ सहज हुने कुरा भएको छ । यो पनि ठुलो उपलब्धी चाहिँ भएको म देख्छु ।

अब कैयौं माननीय सदस्यहरूले अब यहाँ जस्तो उखु, उखुको राम्रो चाहिँ तपाईंको चाहिँ जर्म प्लाज्मा भन्दो र'छ हैन । त्यसको चाहिँ जाति ल्याउने कुरा । अनि कफीको पनि त्यस्तै प्लाज्मा ल्याउने कुरा । त्यस्तै पशुपालनको निम्ति पनि मुर्रा राँगोमार्फत यो पहिलादेखि चल्दै आएको कुरा पनि अहिले टुङ्गोमा पुग्या छ । अहिले टुङ्गोमा पुग्योभन्दा त खुसी पो हुन पर्छ र? भन्दाभन्दै, भन्दाभन्दै त जे होस् राष्ट्रिय सभा अलि बढि सम्मानित नै र'छ । प्रतिनिधि सभाभन्दा । अलि सव्य देखें मैले । धन्यवाद सबैलाई । प्रतिनिधि सभाभन्दा राम्रो भएको छ । त्यो त हाम्रो लागि फाइदै फाइदामा हो नि त त्यो त । उखुको राम्रो उच्च भेराइटीको जम्स आउनु र हाम्रो उखु खेतीमा चाहिँ उत्पादन गुणात्मक रूपले बृद्धि हुनु या चाहिँ कफी त्यस्तो प्रजाति आउनु र वृद्धि हुनु या हाम्रा पशुपंछी पनि उत्पादन बुद्धि हुने गरी त्यस्तो ब्रिडिङ्ग हुनु यो त राम्रो पो कुरा हो । थाती राथ्यो । म ग'को बेला आयो त के भो'? नेपाल आउनुथ्यो आयो । अब साथीहरूले चाहिँ उपलब्धी मुर्रा भैंसी मात्रै भन्या जस्तो गर्नुहुन्छ होइन त्यस्तो । त्यहाँ उखु पनि छ कफी पनि छ । लाइभ स्टक पनि छ । यो त अहिले सफल पो भा' हो त । विगतमा सफलता प्राप्त गर्न नसकिएको कुरा सफलता प्राप्त गरियो भन्दा धन्यवाद भन्ने ठाउँमा त फेरि उही ।

अर्को यहाँ आधिकारिक फोटोग्राफर, आधिकारिक फोटोग्राफर फोटोग्राफी लिएर गइयाथियो । आधिकारिक प्रधानमन्त्रीको पनि थियो । सरकारको पनि थियो । त्यहाँ को को ले सेल्फी गर्नुभो' मैले त त्यति मेसो नि पाइन । अब ईपीजी बारे हाम्रो हाइलेवलमा त मैले गरिन । किन माहोल राम्रो भइरहेको थियो यसले खत्रक्क होला जस्तो मलाई लाग्यो । अब लागेको कुरा सोझो पो भनें त मैले तर मैले अरू लेवलमा त गरें फेरि कुरै नगरेको होइन ।

अरू लेवलमा गर्दा अर्को पटक अलि विश्वासको राम्रो वातावरण बनाएपछि ईपीजी त कुन ठुलो कुरा हो र भन्ने जवाफ पा'थ्ये । ल ठिकै छ अहिले विश्वासको वातावरण बलियो बनोस् तर यो पनि अन्ततः आउनुपर्छ भन्ने कुरा गरिएको छ ।

सुस्ताको समस्या र अरू सीमानाको बाँधको समस्या मैले भनी नै सके । अब जम्बो टोली भन्नुभो' टोली त सबै प्रधानमन्त्रीले नेपालबाट भारत जाँदा जम्बो नै लानि गरिया'छ । हाम्रो परम्परा नै जम्बो छ । मैले त घटाउँन खोज्या हो । आधिकारिक र सरकारी खर्चमा जाने टोली त ४० वरीपरीको मात्रै हो । ४८ जना त निजीक्षेत्रका आफ्नै खर्चले प्रधानमन्त्री ग'को बेलामा त्यहाँ निजीक्षेत्रको पनि दुवैतिरको प्रतिनिधि संस्था एफएनसिसिआई र सिआईआईको संयुक्त समिट पनि फेरि उनीहरूको बैठक पनि भएको हुनाले पनि ठूलो देखिया मात्रै हो । सरकारी ठुलो चाहिँ होइन । अब ठुलो हो भने पनि हाम्रो परम्परै थ्यो । म त घटाउनेतिर छु म पनि । यत्रो ठूलो टोली जान हुँदैन भन्ने चाहिँ छ । र सीमानामा चाहिँ सुरक्षाकर्मीहरूको चाहिँ अलि बढी ठाउँ ठाउँमा चाहिँ ज्यादती भयो भने नेपाली जनताको गुनासो पनि राखिएको छ । र त्यसलाई हेर्ने अब हाम्रो बाइलेटरल मेकानिजममार्फत कहाँ कहाँ त्यस्तो भएको छ ।

त्यसलाई समाधान गर्ने भन्ने पनि भएको छ । त्यसकारण माननीय सदस्यहरू समग्रमा यो भ्रमण विगतको भन्दा फलदायी भएको छ । परिणाममुखी भएको छ । विश्वासको नयाँ धरातल खडा भएको छ । नेपालको यो राष्ट्रियहित यहाँ गयो भन्ने ठाउँ कही छैन । साथीहरूले भन्नुभो' सट्टापट्टा भन्यो मैले भनेकै होइन । मैले यसो पनि विगतदेखि भन्ने तर्क पनि छ भनें पत्रकारहरूसँग । मैले अहिले प्रमाणपत्र ठ्याकै देखाउन त सकिन अहिले । समय सायद आउँछ मैले प्रमाण पनि देखाउन सक्छु । अहिले जो जो पार्टी नेताहरूले यो सट्टा भन्ने शब्द आँ पनि गर्न हुन्थेन भन्नुभा'छ । उहाहरूले नै सट्टाको कुरा निर्णय गराउनुभा'छ । कुनै दिन समय आउला । तर म के भन्छु भने मैले नेपालको राष्ट्रिय हितका पक्षमा नेपाली जनताको बृहत्तर विकास र समृद्धिको हितको पक्षमा आफ्नो विभेद र वर्गतले भ्याए जति मैले गरें भने जति छ मलाइ गर्व छ । म खुसी छु ।

र कतिपय माननीय सदस्यहरूले भन्नुहुन्छ कतिपय मानिसहरूले बढो अपमानित भएर आयो । म बिल्कुल अपमानित भएको छैन । म त बढो सम्मानित भएको महसुस छ । यहाँ अहिले मसँगै जाने माननीय मन्त्रीजीहरू पनि हुनुहुन्छ । हामी सबै निकै उत्साहित भएका छौं । त्यहाँ दिल्लीदेखि नै माननीयहरूले भन्नुहुन्छ राज्यमन्त्री स्वागत गर्न आएको प्रधानमन्त्री नआएर भन्नुहुन्छ । सबैलाई राज्यमन्त्री नै हो आउने गरेको विगतदेखि एकाद अपवाद छोडेर सबैलाई त्यही हो । म स्टेट भिजटमा ग'को बेलामा दोस्रो पटकको मेरो भिजिट स्टेट भिजिट थियो ।

राजकीय भ्रमण त्यति बेला विदेश मन्त्री आउनुभा'थ्यो । सुष्मा स्वराज मलाई एयरपोर्टमा लिन । अफिसियल भिजिट भएको बेलामा राज्यमन्त्री नै हो । अझ कतिपय बेला त सहसचिव आ'को छन् प्रधानमन्त्रीलाई लिन एयरपोर्टमा । र त्यतिबेला त हामी कसैले पनि अपमानित ठानेनौं? अहिले प्रचण्डको ग'को बेलामा राज्यमन्त्री आ'को बेलामा राज्यमन्त्री सबै राज्यमन्त्री हो । हेर्नुहोला इतिहास ।

अनि दिल्लीबाट एयरपोर्टबाट हामी जाने क्रममा सम्पूर्ण रूपले स्वागत जसरी जुन भव्यताका साथ गरिएको थियो त्यहाँ । त्यो राजकीय भ्रमणभन्दा फरक चाहिँ मैले महसुस गरिन । राजकीय भ्रमणको बेलामा जस्तो हुन्थ्यो त्यस्तै नै थियो त्यहाँ । र मध्येप्रदेश जाँदा त्यहाँ त्यसमा त अझ बढी झकिझकाउको कुरा गर्ने हो भने त्यहाँको चाहिँ राजनीतिक प्रतिनिधिले पनि र नेपालीहरूले पनि किनकी इन्दोरमा चाहिँ एयरपोर्टबाट झर्ने बित्तिकै तपाईंहरूले पनि देख्नुभो' होला बाजागाजा, झण्डा, नेपाली झण्डा, भारतीय झण्डा, नाच पनि थरीथरीका नाचहरू, नेपालीका पनि दुई/तीन सय नेपालीहरू पनि जम्मा भा'थ्ये । त्यहाँदेखि उज्जैनसम्म चोक चोकमा डान्स, बाजागाजा, नारावाजी यस्तो चाहिँ थियो कि चाहिँ त्यहाँ हाम्रो टोली साँच्चै नै गौरवान्वित भएको महसुस गरेकै थियौं हामीले । त्यसकारण यहाँ अपमान हामीले आफूलाई अपमान भयौं किनभने म सम्मानित भएर आ'को ठान्या छु तपाईंहरूले यहाँ बसेर अपमान देखे । हामी ग'का जति उत्साहित भएर आ'छौं । त्यहाँ त्यस्तो केही पनि भा'को होइन । बरू धेरै राम्रो भएको हो ।

अब अर्को त प्रश्न उठउनुभएन त्यसकारण मैले जवाफ दिन पनि परेन तै । गेरू वस्त्रवाला त थाहा पाइसक्नुभएकै छ । त्यसकारण माननीय सदस्यहरू अब एउटै भ्रमणबाट धेरै चिज भयो त म भन्दिन । तर परिणाममुखी भयो । उपलब्धिमूलक भयो । विश्वासको नयाँ आधार बन्यो । नेपाल अब विकासको नयाँ जहिले पनि राजनीतिक कचिङ्गलभित्र फसिराखेकोलाई अहिले विकासमुखी, परिणाममुखी, एक्सन ओरिएन्टेड बनाइया' छ । यो भ्रमणलाई यो नेपाल र नेपालीको निम्ति खुसीको कुरा हो भन्दै म विदा हुन्छु । धन्यवाद ।

(१२:५० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

विषयः कार्यभार तोकिएको सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू संवत् २०८० साल जेठ १७ गते बुधबार मित्रराष्ट्र भारतको औपचारिक भ्रमणका लागि त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधानबमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काज्यूले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(डिल्ली राम शर्मा)

सचिव

२०८०/०२/१७

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतलाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३१ बमोजिम वक्तव्य सहित "आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु।

(१२:५१ बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, जेठ १५ गते संविधानको व्यवस्थाअनुसार मैले २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमान यो संयुक्त सदनमा प्रस्तुत गरिसकेको छु । त्यसको प्रति यहाँहरूसँग छ । र मूलतः यो बजेटले सुधारका विषयमा विशेष जोड दिएको छ । पुँजीगत खर्चलाई कसरी प्रभावकारी बनाउने त्यसको बुँदागत रूपमा बजेटमा उल्लेख गरिएको छ । साधारण खर्चलाई कसरी एउटा अनुशासन भित्र राख्ने, त्यस विषयमा पनि सुस्पष्ट ढङ्गबाट उल्लेख गरिएको छ । र हाम्रो अहिलेको बजेटको बनाउँदाखेरि जुन हाम्रो स्रोत र साधनको सीमितताको बिचमा हामीले बजेट बनाइराखेका थियौं । त्यसका बाबजुत हामीले यो करका दरहरूलाई राजस्वतर्फ हामीले जुन सुधारका प्रयास गरेका छौं । यो भ्याट विस्तारै विस्तारै त्यो सूची भ्याटका सूची घट्दै थियो । त्यसलाई फेरि पुनर्स्थापित गर्दै लगेका छौं । र कुनै व्यक्ति विशेष घराना विशेषलाई केन्द्रित नगरेर समग्रमा अर्थतन्त्रलाई चलायमान बनाउने आन्तरिक देशभित्रको उत्पादनलाई चाहिँ प्रोत्साहन गर्ने त्यसलाई एक लेभलको हामीले सुरक्षा दिने र कसैको मुख नहेरीकन यो बजेट हामीले तयार गर्या छौं र समग्र नेपाली जनतालाई केन्द्रविन्दुमा राखेर र अर्थतन्त्रलाई चलायमान बनाउने आधारमा यो बजेट प्रस्तुत भएको छ । धेरै सुधारका प्रस्तावहरू यहाँ छन् । आन्तरिक

उत्पादनलाई बढाउने प्रावधानहरू यसमा उल्लेख भएका छन् । त्यस्तै गरेर यो आईटी सेक्टर अहिले एउटा प्रोस्पेक्ट देखिया छ । सम्भावना देखिया छ । त्यसलाई पनि प्रोमोट गर्ने कुराहरू यसमा छ । कृषिलाई पनि आधुनिकीकरण गर्ने । त्यसमा चाहिँ एग्रोबिजनेसलाई प्रोमोट गर्ने कुराहरू पनि यसमा उल्लेख छ र देशभित्रै रोजगारीका अवसर सिर्जना गर्ने कुराहरू पनि उल्लेख छ । त्यसकारण म यसको विस्तृत व्याख्यामा जान चाहन्न । किनभने त्यो बजेटको प्रति यहाँहरूको सामुन्ने छ र यहाँहरू सबैले मैले बजेट प्रस्तुत गर्दा सुन्नुभएको छ । त्यसका आधारमा यो छलफल अगाडि बढ्ने छ भन्ने मैले विश्वास लिएको छु । फेरि यहाँहरूको छलफलमा आएका विषयवस्तु टिप्पणी, प्रश्न, जिज्ञासाहरूलाई समग्र रूपमा मैले उत्तर दिने नै छु ।

त्यसकारण सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को निमय १३१ बमोजिम "आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्दछु । धन्यवाद ।

(१२:५५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतले पेस गर्नुभएको आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई छलफलमा भाग लिन क्रमशः समय उपलब्ध गराउँछु ।

माननीय जगप्रसाद शर्मा । समय १२ मिनेट । यसपछि माननीय ईन्दु कडरिया ।

(१२:५६ बजे) **माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू आर्थिक वर्ष २०८०/०८१ को बजेटमा छलफल सुरु भएको छ । मलाई डर त लागिरहेको छ । हाम्रो यो गरिमामय राष्ट्रिय सभामा बजेट केन्द्रित छलफल बहस हुन्छ या यसबाट डिरेल भएर मैले कोसिस गर्छु । यो बजेटमै केन्द्रित भएर मैले आफ्ना केही धारणाहरू यहाँ राख्न चाहन्छु ।

सबभन्दा पहिला यो अहिलेको ०८०/०८१ को बजेट ४९६ ओटा बुँदामा लिपीबद्ध भएर आएको छ । यो बजेट धरातलमा टेकेर आएको छ, सन्तुलित छ, समस्याको वास्तविक पहिचान गरेको छ । स्वामित्वका दृष्टिकोणबाट बजेट तीनखम्बे नीति सरकारी, निजी र सहकारीमा आधारित भएर आएको छ र उत्पादनका दृष्टिकोणबाट यो दुई खुट्टे प्रणालीजस्तो भएर एउटा

खुट्टा उद्योग, एउटा खुट्टा कृषि यो दुई खुट्टे प्रणालीमा आधारित भएर आएको छ । यो समस्याको र अहिलेको बिषम परिस्थितिलाई चिरफार गरेर पनि आउने कोसिस यो बजेटले गरेको छ । समग्रमा यो बजेट यो विषय परिस्थितिलाई चिर्दै समृद्धिको दिशा दरोसँग पकड्ने कोसिस गरेको अनुभूति हुन्छ । साथै बजेटले कार्यान्वयनको चुनौतीलाई सामना गर्ने नीतिसमेत लिएर आएको छ । तसर्थ यो बजेटको मूल स्पिरिटमा मेरो समर्थन छ । र यो बजेट कार्यान्वयन भएर जाने छ भन्ने मलाई विश्वास पनि जागेको छ ।

यो बजेटले मुख्यतः एउटा सही किन पनि छ भने यसले ६ ओटा उद्देश्यहरू मतलब सङ्केन्द्रित रूपमा राखेको छ । आर्थिक वृद्धि गर्ने गरिबी न्यूनीकरण गर्ने आर्थिक स्थायित्व दिने, समाजलाई सुरक्षा न्याय र विकास दिने सङ्घीयता कार्यान्वयन गर्ने र सुशासन कायम गर्ने बजेट प्रणालीमा सुधार गरेर पुँजीगत खर्च वृद्धि गर्ने । यो ६ ओटा यसले उद्देश्यहरू लिएको छ र त्यस्तै १० ओटा प्राथमिकताहरू यसले राखेको छ । जो सही र वस्तुनिष्ठ खालका छन् भन्ने यो बजेटको बजेट वक्तव्यको सरसर्ती हेर्दा त्यस्तो देखिन्छ र यो बजेटका खास गरी ४/५ ओटा सकारात्मक पक्षहरू मैले यहाँ उल्लेख गर्न चाहन्छु ।

एउटाः यसले मुख्यतः समस्याको वास्तविक पहिचान गरेर राजस्व सङ्कलनमा वृद्धि गर्ने नीति लिएको छ । त्यो कसरी भने राजस्व प्रणाली सुधार गरेर राजस्व चुवाहट नियन्त्रण गरेर आर्थिक क्रियाकलापको विस्तार । यसमा सबैभन्दा महत्त्वपूर्ण कुरा अहिलेसम्म हुन नसकेको कार्यान्वयन गर्ने गरी नेपालमा काठहरूको सदुपयोग गर्ने कुरा ढुङ्गा, गिट्टीलाई पनि निश्चित एउटा विधि सिस्टम बनाएर परिचालन गर्ने कुरा, जग्गा प्रशासनलाई सुधार गर्ने कुरा जसले आन्तरिक राजस्व वृद्धि गर्छ स्वभावैले र त्यस्तै वस्तुको आयात र निर्यातमा वृद्धि गरेर जसबाट राजस्व वृद्धि हुन्छ र त्यसको साथसाथै दुई शक्तिशाली छिमेकी राष्ट्रहरूमा उल्लेखनीय आर्थिक गतिविधि जो छ त्यसको ठिक सदुपयोग गरेर सम्बन्ध सुधार गरेर त्यसको ठिक सदुपयोग गरेर राजस्व वृद्धि गर्ने यसले नीति लिएको छ । यसको सकारात्मक पक्ष पहिलो ।

दोस्रोः साधारण खर्चमा मितव्ययिता र पूँजीगत खर्चमा वृद्धि गर्ने यसले नीति लिएको छ । कानुन र नियमावली निर्माण गर्ने निर्माण गरेर त्यस्तै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताहरू पहिलोपटक फागुन मसान्तभित्रै ल्याउने यो एउटा सकारात्मक कदम छ यसको । कार्ययोजना असारभित्रै फाइनल गर्ने यसको दोस्रो अर्को मतलबजस्तो सकारात्मक कुरा छ यसको । त्यस्तै सम्बन्धित मन्त्रालयले कार्ययोजना कार्यान्वयन गर्नका निम्ति निर्देशिकाहरू नियमावली र निर्देशिका साउनभित्रै बनाउने कुरा र कात्तिक महिनाभित्रै मतलब यो पुँजीगत खर्च अथवा पुँजीगत योजनाहरू ठेक्कामा कात्तिक महिनाभित्रै दिने र कात्तिक महिनापछि सबै बदर गर्ने

रोक्का गर्ने जो लिएको छ । यो यसको सकारात्मक पक्ष हो । यसले एकातिर साधारण खर्चमा मितव्ययिता हुने र पुँजीगत खर्च वृद्धि गर्ने एउटा नीति यसको सकारात्मक छ दोस्रो कुरा ।

तेस्रो कुराः वित्तीय प्रणालीमा सुधार खास गरी वित्तीय प्रणाली अलि गलत खालको जो रहँदै आएको थियो हाम्रो देशको सन्दर्भमा त्यसलाई कानुन र नियमावलीहरू संशोधन र त्यसलाई सुधार गर्ने गरेर एउटा । दोस्रोः अनावश्यक रहेका एकाधबाहेक अनावश्यक रहेका बिसओटा सरकारी संरचनाहरू जो खारेज गर्ने नीति जो लिएको छ यो एकदम सकारात्मक छ र स्वागतयोग्य छ । म स्वागत गर्न चाहन्छु । त्यस्तै कामकाजी संरचनाहरू जो छन् तिनलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने यसले नीति लिएको छ ।

र चौथो कुराः बजेट कार्यान्वयनको यसले सुनिश्चितता गरेको छ । हाम्रो समस्या बजेट त राम्रो आउने तर त्यो बजेट कार्यान्वयन नहुने एउटा परम्परा गलत परम्परा जो रहँदै आएको थियो नेपालमा त्यसलाई क्रस गरेर बजेट कार्यान्वयनको एउटा सुनिश्चितताको आधार यसले तयार बनाएको छ । त्यसको मुख्य कुरा भनेको एउटा सोच, कानुन, नियमावली र संरचनाहरू परिवर्तन गर्ने एउटा आधार यो खडा गरेर बजेट कार्यान्वयनको सुनिश्चितता गरेको छ । दोस्रो कुराः छलफल बहसमा अलि स्वतन्त्रता र कामकार्यवाहीमा एक रूपता लिने यसले यसले नीति लिएको छ । यो अर्थमा पनि यो बजेट कार्यान्वयन हुन्छ भन्ने देखिन्छ । त्यसको साथसाथै आर्थिक क्रान्ति अथवा समृद्धिको एउटा पाँचओटा आधारहरू मुख्यतः यसले तय गरेको छ ।

(१३:०१ बजे) <u>पीठासीन</u>:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

<u>माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- त्यो पाँचओटा आधार भनेको पहिलोः कृषि, दोस्रोः उद्योग, तेस्रोः ऊर्जामा लगानी, चौथोः यसले लिएको भनेको पर्यटन र पाँचौंमा सूचना प्रविधिमा जोड दिने पाँचओटा समृद्धिका आधार बनाएर यसलाई फोकस गरेर अगाडि बढेको छ । यसले पनि यो कार्यान्वयन हुन्छ भन्ने देखिन्छ । त्यसको साथसाथै बजेट कार्यान्वयनलाई राष्ट्रको सफलतासँग जोडेर यो बजेट आएको छ । सकारात्मक ढङ्गले हेर्दा । बजेटले सधैं बजेटले सहमति र सहकार्य समझदारीको बाटो पनि जस्तो खोलेको म आफूलाई अनुभुति हुन्छ । यसका अतिरिक्त कृषि र उद्योगमा मुख्य जोड दिएर अलि जनजिब्रोमा झुन्डिने नाराहरू यसले तय गरेको छ । वास्तविक किसानका हातमा अनुदान पुगोस् भनेर उत्पादन साथमा र अनुदान हातमा जस्तो अलि लोकप्रिय नारा पनि ल्याएर यसले आएको छ । त्यस्तै समग्रमा यसले चाहे पर्यटकको क्षेत्रमा चाहे उद्योगको क्षेत्रमा समग्रमा अलि धरातल

टिकेरजस्तो यो बजेट आएको छ र यो कार्यान्वयनको प्रक्रियामा अगाडि जान्छ भन्ने नै मलाई लाग्छ । यसको सकारात्मक पक्षहरू हेर्दा त्यसको साथसाथै अलि लुम्बिनी प्रदेश र दाङ जिल्लामा केन्द्रित हुँदा केही योजनाहरू पुरानो यो करिब करिब देशका एकाध एयरपोर्टहरूसँगैको एउटा एयरपोर्ट दाङको टरिगाउँ एयरपोर्ट हो । जो २००८ सालमा सुरु भएर २०११ सालबाट त्यहाँ प्लेन बस्न सुरु गरेको हो । यो अहिलेसम्म राज्यको नजर नपरेको जो थियो नीति कार्यक्रममा यसलाई छोएर आएको छ । बजेटले यसको व्यवस्था गरोस् भन्ने म सुझाव दिन चाहन्छु ।

त्यस्तै दाङका खास गरी दुइटा भ्याली एउटाः देउखुरी भ्यालीमा दाङको मुख्य समस्या भनेको सिँचाइको समस्या हो । बट्कापत र जनताको तटबन्ध दाङभित्रको सिँचाइ वृहत् दाङ सिँचाइको एउटा परियोजना जो छ । त्यो परियोजनाको त्यसको पुनर्स्थापना र त्यसको सिँचाइ प्रणालीको पुनर्स्थापना र पुनर्निर्माण गरेर तीन हजारभन्दा बढी जमिनमा सिँचाइ गर्ने एउटा ठोस् योजना जो लिएर आएको छ । यसको निम्ति म अर्थमन्त्रीलाई धन्यवाद दिन चाहन्छु र थोरै दाङको सिँचाइलाई अथवा त्यहाँको बहुउद्देशीय दाङ माडी डाइभर्सन अहिले छुटेको छ । यो दुखद् पक्ष हो र त्यसको साथसाथै जसरी पूर्व पश्चिम हाइवे एउटा लाइफलाइनका रूपमा रहन्छ । दाङका सन्दर्भमा र साबिकको पुरानो राप्तीको सन्दर्भमा भन्दा गोराही तुलसीपुर एउटा लाइफलाइनको बाटो हो । जो अलपत्र पर्यो भलै सरकारले अहिले यसको ठेक्का क्रोनिक को दिशामा गएर । बरबादीको दिशामा गएको उसलाई सच्चाएको त छ । त्यसमा यो बजेटमा नै छुनुपर्थ्यो । त्यो छुटेको म आफूलाई अनुभूति भएको छ समग्रमा ।

र यो बजेटका केही मतलब सुझावहरू बजेटसम्बन्धी मेरा केही सुझावहरू छन् । म सुझावहरू राख्न चाहन्छु । यो सुझावहरू राख्नभन्दा पहिला छलफल गर्ने यसको कमा, फुलस्टप केही चेन्ज नहुने जो छ । आगामी यो बजेटले केही घच्घचाएको पनि छ । र आगामी वर्षदेखि खास गरी माननीयहरूका राय, सल्लाह, सुझावहरू नागरिकका राय, सल्लाह, सुझावहरू लिएर त्यसलाई परिमार्जन गर्ने र परिष्कृत गर्ने त्यसका निम्ति आवश्यक कानुन आवश्यक नियमावलीहरूजस्तो संशोधन गर्नका निम्ति तयार हुनुपर्छ र त्यो वातावरण बन्नुपर्छ भन्ने पहिलो सुझाव राख्न चाहन्छु र मैले तीन चारटा सुझावहरू के राख्न चाहन्छु भने मतलब जस्तो यसका मतलब टिप्पणीहरू अथवा सुझावहरू के व्यक्त गर्न चाहन्छु भने यसको यो बजेटको नकारात्मक पक्ष भनेको संसदीय क्षेत्र विकास क्षेत्र पूर्वाधार भनेर छुट्याइएको छ । जो यो राष्ट्रिय सभाको सर्वसम्मतबाट नदिने कुराजस्तो प्रधानमन्त्रीसँगै अर्थमन्त्रीसँगै बसेर भएको थियो । त्यो पुनः आयो यसले म आफूलाई के अनुभूति गराएको छ भने माननीयहरूलाई संसद एउटा गरिमामय

स्थान हो । माननीयहरू एउटा सम्मानित ठाउँ हो यिनीहरूलाई एउटा विडम्बना कस्तो बनाइदियो भने संसदीय क्षेत्र विकास कोष बनाएर तलको वडाध्यक्ष वडा सदस्यहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने एउटा विडम्बनापूर्ण स्थिति खडा गर्दियो । यो एउटा बजेटको नकारात्मक पक्ष हो । र त्यसको साथसाथै यो संसदीय विकास कोष भनेर जो छुट्याएको छ । यो एकदम दुरुपयोग हुने खतरा पनि छ । बरु यसमा आपसी सहमति गरेर छलफल गरेर यो निर्वाचन प्रणाली नै परिवर्तन गर्नेमा जस्तो हामीले छलफल चलाउनुपर्छ र यो बजेटको एउटा नकारात्मक पक्ष संसद क्षेत्र पूर्वाधार कार्यक्रम यो नकारात्मक रूपमा लिएको छु मैले एउटा ।

दोस्रोः शिक्षा, स्वास्थ्यमा सबैको अपेक्षा चाहाना कुल बजेटको २० प्रतिशत बजेट छुटिने शिक्षा क्षेत्रमा त्यो आवश्यकता हो । अरू क्षेत्र निजी क्षेत्रले बनाउँदा हुन्छ । शिक्षा र स्वास्थ्य भनेको राज्यले नै जस्तो जिम्मा लिने कुरा हो । यसमा बजेटको कमी भएको छ । शिक्षा क्षेत्रमा हेर्दा मुस्किलले १२ प्रतिशत थोरै पुग्दैन १२ प्रतिशत पहिलेको भन्दा बजेट त बढी छुटिएको छ । तर पनि यो पुग्दैन र आगामी वर्ष शिक्षा क्षेत्रमा, स्वास्थ्य क्षेत्रमा, शिक्षा क्षेत्रमा २० प्रतिशत बजेट छुट्टियोस् भन्ने म सुझाव दिन चाहन्छु । त्यो तयारी होस् भन्ने म दिन चाहन्छु र त्यसको साथसाथै यसको एउटा नकारात्मक पक्ष भनेको साधारण खर्च बढ्दै जाने पुँजीगत खर्च घट्दै जाने र त्यो घटेको पनि थोरै पनि खर्च नहुने स्थिति जो छ । यसको अन्त्य गर्नका निम्ति केही पहल केही मैले अगाडि पनि राखें । केही कोसिस त यो बजेटले गरेको छ । तर पनि यो पुग्दो मात्रामा भ'को छैन । त्यसकारण राज्यको काम भनेको स्वाभावैले के होइन भने राज्यको काम भनेको सेवा दिने, राज्यको काम भनेको सुरक्षा दिने, न्याय दिने मात्रै भएर पुग्दैन त्यसले जनता नागरिक परनिर्भर हुन्छ । परजीवीजस्तो हुन्छ । उत्पादनसँग जोड्ने कुरा हो त्यो कुरा पुगेको छैन । त्यतापट्टि ध्यान जाओस् भन्न चाहन्छु ।

र अर्को कुरा राजस्व सङ्कलनमा जुन ढङ्गको एउटा जुन अहिलेको आवश्यकता हो । साधारण खर्च जो बढेको छ । मुस्किलले राजस्व सङ्कलनले मात्र त्यो नपुग्ने स्थिति विडम्बनापूर्ण स्थिति बनेको छ । (सभा अध्यक्ष महोदय, म एक मिनेट माग गर्न चाहन्छु ।) मेरो थोरै महत्त्वपूर्ण दुई तीनटा बुँदाहरू बाँकी छन् । र यो बजेट कार्यान्वयनको चुनौती पनि त्यही ढङ्गले रहेको छ । यो बजेट कार्यान्वयनको चुनौतीलाई अझ नयाँ ढङ्गले धेरै कोसिस त यसले गरेको छ । यतिले पुग्दो छैन । बजेट कार्यान्वयनका चुनौतीका निम्ति यो चुनौती सामना गर्नका निम्ति अझै नयाँ ढङ्गले सोच्नुपर्छ भन्ने लाग्छ र अन्तमा मैले के राख्न चाहन्छु भने एक जना जिम्मेवार माननीयले अस्ति भर्खरै भन्नुभो' मसँग त्यहाँ भन्नुभ'को थियो । मलाई पनि लागिरहेको थियो । अहिले देशमा खास गरी जे कदमहरू अथवा सरकारबाट जे क्रियाकलाप अगाडि बढिरहेको छ । त्यसले एउटा विश्वासको वातावरण त बनेको छ । तर छलफल बहस जो ढङ्गले हुने गरेको

छ । यसले के देश बन्छ? एउटा शङ्का र निरासातिर लिन थाल्यो । मैले लास्टमा के भन्न चाहन्छु भने तीन "स" मा व्यक्त गर्न चाहन्छु । यहाँ समय छैन । तीन "स" मा मात्रै व्यक्त के गर्न चाहन्छु भने शुद्धीकरण र सुशासन आफैबाट सुरु गरौं । सम्बन्ध सुधारलाई एउटा नयाँ उचाइमा लिने कोसिस गरौं । सामूहिक सङ्कल्प गर्दै समृद्धिको अभियानमा सबै लामबद्ध बनौं । देश बन्न सक्छ । यो देशलाई सफल राष्ट्र हामीले बनाउन सक्छौं । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय ईन्दु कडरिया । समय ६ मिनेट । त्यसपछि माननीय रमेशजंग रायमाझी ।

**(१३:०९ बजे) <u>माननीय श्री ईन्दु कडरिया (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी अर्थमन्त्री डा. प्रकाशशरण महतले आर्थिक वर्ष २०८०/०८१ मा प्रस्तुत गर्नुभएको सरकारको बजेटसम्बन्धी छलफल गरिरहेका छौं । नेपालको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा छ । बढ्दो अनुत्पादन खर्च, कमजोर पुँजीगत खर्च, उच्च मुद्रास्फीति, खुम्चँदो रोजगारीका अवसर, बढ्दो अनुत्पादन खर्च, कमजोर पुँजीगत खर्च, खुम्चँदो रोजगारीका अवसर, उच्च ब्याजदर गर्दा लगानीको वातावरण नरहेको आर्थिक वृद्धिदर सूचाङ्क कमजोर रहेको अवस्थामा सरकारले ल्याएको बजेट जनतामा उत्साह थप्ने, अर्थतन्त्र तुरुन्तै लयमा फर्कनेजस्तो खालको र विश्वास दिलाउने खालको पनि देखिएको छैन । तसर्थ, अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष ०८०/०८१ को बजेटमाथि म निम्नानुसारका सुझावहरू प्रस्तुत गर्न चाहन्छुः-

सङ्कटपूर्ण अवस्थामा रहेको देशको अर्थतन्त्रको बिचमा आएको यो बजेट बढी महत्त्वाकाङ्क्षी देखिन्छ । यसले लक्ष्य पूरा गर्ने आशङ्का छ । बजेटले अनुमानित राजस्व उठ्न कठिन हुनुजस्ता पुराना समस्याहरू भोग्ने निश्चित छ । १७ दशमलव ५ खर्ब रुपैयाँमा बजेट १२ दशमलव ४८ खर्बको राजस्व ४९ अर्बको वैदेशिक अनुदान सबै लक्ष्य बढी महत्त्वाकाङ्क्षी छन् । अहिलेको अवस्थामा ६ प्रतिशतभन्दा ठुलो आर्थिक वृद्धिको लक्ष्य भेटाउन मुस्किल छ । यतिबेला राजस्व र अन्य आम्दानी घटेको अवस्था छ । समयको सापेक्षतालाई मध्यनजर गर्दै सानो आकारको बजेट आउनुपर्थ्यो । यसैले स्रोतबिनाको ठुलो बजेट अविश्वासनीय छ । स्थिरता र उत्पादनशीलता, उत्पादकत्व वृद्धिजस्ता उद्देश्य राम्रा छन् । तर ती उद्देश्य कसरी भेट्ने भन्ने ठोस योजना र कार्यक्रम छैन । बजेट छरपस्ट छ । आकार अस्वाभाविक ठुलो आकारको छ । यो बजेटले अर्थतन्त्रको सङ्कटपूर्ण अवस्थालाई सम्बोधन गर्न सक्दैन । विश्वव्यापी आर्थिक

समस्या तथा आन्तरिक आयको शिथिलता कारण बजेटले लिएका उद्देश्य हासिल गर्न निकै चुनौती देखिन्छ । राजस्व सङ्कलनको लक्ष्य महत्त्वाकाङ्क्षी छ । यो भेट्न कठिन छ ।

सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटमा संविधानको प्रत्याभूत गरेको समाजवाद उन्मुख अर्थतन्त्र बनाउने कुरो ठोस रूपमा कतै देखिँदैन । यो बजेट असाध्यै मेहेनत गरेर लेखिएको राम्रो निबन्धजस्तो छ । सुन्दा जनताका सबै दुःख हटाउँछजस्तो लाग्छ । धेरै कुरा समेटिएका छन् । तर व्यावहारिक रूपमा कार्यान्वयन हुन्छ भन्ने विश्वास दिलाउन सक्ने अवस्थाको यो बजेटले बताएको छैन ।

गठबन्धन सरकारले अहिलेकै क्षमता र कार्यशैलीले यो बजेटले तय गरेका लक्ष्य पूरा हुन सक्ने देखिँदैन । देखिन्छ बैङ्किक क्षेत्रमा रहेको उच्च ब्याजदर र दोहोरो अङ्कमा लगानीका लागि प्रतिकूल रही आएको छ । निर्माण र उत्पादनमूलक क्षेत्रमा लगानीकर्ताहरूले उच्च ब्याजदर र प्रशासनिक जटिलताले लगानीको वातावरण धमिलिएको बताइरहेका छन् । बैङ्किङ क्षेत्रमा लगानीयोग्य भूमि पुँजीको समस्या रही आएको अवस्था छ । कर्जा प्रवाहमा लगानीकर्तालाई प्रोत्साहन हुने खुकुलो बैङ्किङ नीति अवलोकन गरी लगानीलाई प्रोत्साहित गर्ने नीतिगत व्यवस्था मिलाउन बजेट तहमै सुकेको छ । लगानीमैत्री बैङ्किङ नीतिको व्यवस्था बजेटमार्फत सम्बोधन गर्न म अध्यक्षमार्फत अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु ।

कूल पुँजीगत खर्चको कम्तीमा १ प्रतिशत अनुसन्धान, नवप्रवर्धन र आविष्कारमा खर्च गरिने भनेर बजेटमा व्यवस्था हुनु सकारात्मक छ । अनुसन्धान, नवप्रवर्धन, आविष्कारमा समन्वय गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा छुट्टै इकाइ स्थापना गरिने भनिएको छ । यो कार्यक्रम शिक्षाअन्तर्गत नराखी छुट्टै स्वायत्त प्राज्ञिक संस्थामार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउन म अध्यक्षमार्फत अर्थमन्त्रीज्यूको पनि फेरि पनि ध्यान आकर्षण गराउन चाहन्छु ।

र मैले अर्को कृषिमा पनि जोड्न चाहेँ । कृषि अनुदान विगतमा व्यापक दुरुपयोग भएको, वास्तविक किसानहरूमा नपुगेको भनेर आलोचना आइरहेको अवस्थामा यस बजेटले उत्पादनमा आधारित कृषि अनुदानलाई प्रोत्साहन गर्ने, गरिने भनेर बजेटले घोषणा गरेको छ । यो सकारात्मक छ । यो सुन्दर प्रिय, एकदम प्रिय, राम्रो लागे पनि ठुला र पहुँचवालाले मात्र कृषि अनुदान प्राप्त गर्ने देखिन्छ । बिउ बिजन, रासायनिक मल, बिमा यान्त्रीकरणमा दिएको अनुदान यथावत् राखी उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिएको छ भनेर बजेटमा सम्बोधन गरिएको छ । उत्पादनको अवस्था थाहा पाउन सम्बन्धित कर्मचारी, प्राविधिक कृषकको खेतबारीमै पुग्नुपर्दछ । यसमा साना तथा मध्यम किसानले यो अनुदानबाट फाइदा पाउनेमा आशङ्का छ । (मलाई १ मिनेट पनि मैले समय मागेँ) । देशमा साना तथा मध्यम किसानले यो

अनुदानबाट फाइदा पाउने आशङ्का छ । वर्तमान अवस्थामा सीमित कर्मचारी संयन्त्रबाट यो कृषि अनुदान कार्यक्रम वास्तविक कृषिको मा पुग्ने गरी, कृषकको मा पुग्ने गरी कार्यान्वयन हुन गाह्रो छ । तसर्थ, यो कार्यान्वयन हुनुको लागि बजेट नै कृषि मन्त्रालयअन्तर्गत कृषि अनुसन्धान भित्र छुट्टै संरचना र प्रणालीको व्यवस्था गर्न म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । रासायनिक मलको अनुदानमा दोब्बर बढाइनु राम्रो कुरा हो । तर कूल ग्राह्यास्थ उत्पादनमा सबैभन्दा धेरै योगदान रहेको कृषि क्षेत्रमा थप नयाँ कार्यक्रम ल्याउनुपर्ने तर कृषिमा नयाँ कार्यक्रम केही पनि आएको देखिएन । सरकारले बजेटमा कृषिलाई प्राथमिकताको क्षेत्रमा भनेको, प्राथमिकतामा राखेको छ । तर देशभरि सञ्चालनमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बजेट ३ अर्ब २२ खर्ब मात्र विनियोजन गरिएको छ । विगतभन्दा २ ...... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय रमेशजंग रायमाझी । समय १० मिनेट । त्यसपछि माननीय डा. विमला राई पौडयाल ।

(१३:१६ बजे) **माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीले २०८०/०८१ को बजेटलाई राजस्व र व्ययको वार्षिक अनुमानित बजेट पेस गर्नुभएको छ । जुन बजेट १७ खरब ५१ अरब ३१ करोड रुपैयाँ छ । छोटो समयमा अर्थमन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको र बजेट ल्याउनुपर्ने, त्यो परिस्थितिमा बजेट लिएर आउनु अहिले हामी आर्थिक मन्दीमा रहिरहेको बेलामा एउटा प्रतिकूल अवस्थामा ल्याइएको बजेट अर्थमन्त्रीज्यू र उहाँको टोटल अर्थमन्त्रालयको टिमलाई र उहाँलाई सहयोग गर्ने सम्पूर्णलाई हार्दिक बधाई दिन चाहन्छु । र यो बजेटको स्वागत गर्न चाहन्छु ।

एउटा गीत छ क्या फूलको आँखामा फूलै संसार, काँडाको आँखामा अब के संसार माननीयज्यूहरूले आफैं बुझिसक्नुभएछ । त्यसकारण यो विगतमा जसरी जुन अवस्थामा आएको थियो बजेट र बजेटलाई हामीले जसरी हेरिरहेको थियौं, आजको बजेट फरक छ । हामी आफैं आर्थिक मन्दीमा छौं भन्छौं । यो रोस्ट्रम फुटुन्जेल बोल्छौं । माइक फुटुन्जेल रोस्ट्रममा उभिएर बोल्छौं । अनि यस्तो परिस्थितिमा ल्याएको बजेटलाई पनि हामीले स्वागत गर्न सक्दैनौं । र हामीले के भन्न सक्छौं भने, समग्रमा के भन्न सक्छौं भने यो बजेट कार्यान्वयन पक्षमा ध्यान दिनुपर्यो । अर्थमन्त्रालय र गृहमन्त्रालय यसमा अरू मन्त्रालय त छँदै छ । अर्थमन्त्रालय र गृहमन्त्रालय यसमा एकदमै लाग्नुपर्यो र राजस्वलाई चुहावट हुन दिनुभएन ।

राजस्व उठाउनुपर्यो । भन्सार टाइट हुनुपर्यो, गृहमन्त्रालय र अर्थमन्त्रालयको । .... गरेर अगाडि बढ्नुपर्यो भनेर हामीले भन्नुपर्ने बेलामा हामी चैं अझैं यो निबन्धको रूपमा, कथाको रूपमा भनेर भनिम् भने हामीमा अहिले पनि कुण्ठा पालेकोजस्तो देख्छु म । किनभने विपक्षको धर्म भन्ने कुरा पुजा गर्ने बेलामा, मन्दिर जाने बेलामा, शास्त्र पढ्ने बेलामा धर्मको कुराहरू आउलान् । यहाँ जिम्मेवारीका कुरा पनि छन् क्या । हामी धर्म मात्र मान्ने कि जिम्मेवारी पनि पूरा गर्ने? हाम्रो जिम्मेवारी विरोध मात्रै गर्ने हो र? हाम्रो आलोचना मात्रै गर्ने हो र हाम्रो काम? हामीले त सकारात्मक कुरा ल्याउनुभएछ अर्थमन्त्रीज्यू, यो सरकारलाई बधाई छ, धन्यवाद छ । तपाईंहरूले यसलाई कार्यान्वयन पक्षमा लिएर जानुपर्यो भन्ने । म बुँदा वाइज गइनँ । त्यसैले कन्टेन्टमा म बोलिरहेको छु ।

जसरी यो चैं युवामैत्री बजेटको रूपमा पनि म यसलाई लिन्छु । हाम्रो देशको युवाहरू १६ वर्षदेखि ४० वर्षको युवाहरू ४२.५६ प्रतिशत युवाहरू छन् । जो यो मुलुकमा बस्नै चाहँदैन । हामीले सोच्यौं कहिले बजेट बनाउँदाखेरि? हामीले के भन्यौं भने यी युवाहरूले बुझेकै छैनन् । कुन पनि सरकारले यो युवाहरूले बुझेको छैन । त्याग, तपस्या, लगानीका कुरा गर्यौं हामीले आफ्ना । आफ्ना मात्रै कुरा गर्यौं हामीले । हामी संसदमा आउनेले आफ्ना मात्रै कुरा गर्यौं, पार्टीले पार्टीका मात्रै कुरा गर्यौं । तर देशका युवाहरूका बारेमा हामीले कहिले सोच्यौं? यो युवा चैं पल्स टु गरेपछि के गर्छ? ऊँ चैं विदेश जाने कोर्स पढ्न थाल्छ । कसरी विदेश जाने? यहाँ पढिसकेपछि जागिर पाइँदैन, रोजगारी पाइँदैन । अवसरहरूबाट वञ्चित छन् भनेर ती युवाहरू आज पलायनको अवस्थामा छ । तिनको बारेमा हामीले बजेट बनाउँदा कहिले सोच्यौं? कहिले सोचेनौं । अनि हामी हाम्रा त्यागका कुरा गरेका छौं, हामी तपस्याका कुरा गर्या छौं, हाम्रा लगानीका कुरा गर्या छौं, हामी जेल बसेका कुरा गर्या छौं । जेल बसेको ब्याजसम्म खाइसक्यौं हामीले । कति जेलका जेल बजाएर बस्ने अब? त्यो दिन छ जस्तो मलाई लाग्दैन अब । त्यसकारण यो युवामैत्री पनि छ भन्ने मलाई लाग्छ ।

यो चैं स्टयाटस बिजनेस ३ प्रतिशत ब्याजमा सरकारले युवाहरूलाई रोजगारी दिने भन्या छ । विगतको जस्तो सरकारले युवा स्वरोजगार भनेर बाँदर धपाउने यो खालको कुरा गर्या छैन अहिले । बाँदरहरूलाई खेद्ने नै खालको यो बजेट बनाउन खोजर्को छैन अहिले । Actual के हो त परिस्थिति? त्यो परिस्थितिभित्र सरकार डुब्न खोजेको छ । सरकारले पहिचान गर्न खोजेको छ । समस्या के हो? त्यो समस्यालाई खोजी गर्दाखेरि आज युवाहरूलाई चैं आकर्षित गर्ने खालको बजेट आएको छ भन्ने मलाई लाग्छ । यदि यो बजेटलाई कार्यान्वयन पक्षमा हामीले आफ्ना नातागोता, मन्त्रीका मान्छे, सांसदका मान्छे, सचिवका मान्छे, नेताका मान्छे भनेर

छानेनौं । जो मान्छे यो क्षेत्रमा काम गर्न तयार छ, त्यो मान्छेलाई हामीले लगानी गर्यौं र ३ पर्सेन्ट ब्याजमा दियौं भने, उसको कार्यविधिअनुसार गर्यौं भने वैदेशिक रोजगारमा जानेको सङ्ख्या घट्छ । हामीले कतिवटा उद्योग खोल्यौं? कति मान्छेलाई यहाँ रोजगारी दिने अवसरहरू खोज्यौं? कहिले खोजेनौं । युवाका बारेमा कसैले सोचेन, कुनै सरकारले । त्यसकारण यो युवामैत्री छ भन्ने मैले यसमा धेरै स्ट्रेस दिइराखेको छु ।

जस्तो अब हामी यो आवद्ध हुन अभिप्रेरित गर्ने हैन, उत्पादक बढाउने, रोजगारी बढाउने खालको कार्यक्रममा विशेष ध्यान दिनुपर्छ भन्ने लाग्छ । हामीले तीनटा कुरा भन्यौं संसदमा जहिले पनि । स्वास्थ्य, शिक्षा र कृषिमा सरकारले बजेट बुद्धि गरोस् भनेर हामीले । अहिलेको सरकारले यो तीनटा कुरालाई विशेष ध्यान देको पनि देख्छु म । पहिले पहिलेभन्दा कषिमा अहिले डबल भयो भनेर अगि विपक्षी दलको माननयज्यूले पनि भनेर जानुभा' छ । अनुदान दिने कुरा गरिएको छ । सरकारले कार्यक्रम बनाउँदैखेरि कार्यान्वयन गर्ने कुरामा सबै सरकारले गर्ने कुरा कार्यान्वयन होइन । त्यहाँ भएका कर्मचारीहरूले, त्यहाँका स्थानीय नेतृत्वहरूले कार्यान्वयलाई ध्यान दिनुपर्ने हुन्छ । तर त्यो ध्यान नदेको कारणले आज हरेक सरकारले गर्न खोज्दा खोज्दै पनि गर्न नसकिरहेको देखिरहेको छु ।

त्यसैले म यहाँहरू सबैमा आग्रह गर्न चाहन्छु, हामीहरू विशेष गरेर राजस्व कसरी उठाउन सक्छौं? राजस्वको वृद्धि कसरी उठाउँछौं? अब कयौं माननीयज्यूहरू बजेटको बेलामा पार्लियामेन्टमा बोलेको देख्छु, राजस्व बढाउनुहुँदैन । राजस्व बढाउनुहुँदैन, माननीयहरूलाई पैसा चाहिया छ ५/५ करोड रुपैयाँ, १०/१० करोड रुपैयाँ चाहिया छ । कहाँबाट ल्याएर दिन्छ सरकारले? अर्थमन्त्रीसँग नुवाकोटमा त्यत्रो सम्पत्ति छैन होला । प्रधानमन्त्रीसँग त्यत्रो सम्पत्ति छैन होला, बेचेर दिने । त्यसकारण राजस्व नबढीकन, ट्याक्स वृद्धि नभईकन, ट्याक्स नउठीकन कसरी पैसा प्राप्त हुन सक्छ? विकास चैं हामीलाई, सबैलाई लाइन चाहिने, यत्रो लिस्ट बोकेर हामी जाने, मन्त्रीको मा लाइन लागेर जाने, वडा अध्यक्षसँग विकासको लागि पैसा माग्न आउने अनि तर हामी के भन्छौं भने राजस्व उठ्नुहुँदैन । राजस्व घटाउँनुपर्छ । व्यापारीको भाषा बोल्ने होइन माननीयहरूले । कुनै व्यवसायको भाषा बोल्ने होइन माननीयले । माननीयले जनताको भाषा बोल्नुपर्यो । जनताको भाषा बोलेपछि मात्रै अनि जनताले पत्याउँछन् । जनताको भाषा नबोल्ने, व्यापारीसँग प्रभावित भएर कुनै व्यापरीले भन्देको भरमा यथार्थ स्थिति के हो भनेर नबुझीगन बोल्ने चलन पनि छ हाम्रो संसदहरूमा । त्यसकारण पनि मैले त्यो तीनटा कुरामा भनें ।

जसरी कृषि र अनुदान आएको छ, आज मल समयमा मल आऔस् भन्या छ हामीले । समयमा मल आएमा उत्पादन बढ्छ । आज हामी ८५ पर्सेन्ट फलफूल, सब्जीहरू छिमेकी राष्ट्रबाट किनेर खाइरहेका छौं । ८५ पर्सेन्ट । अनि हाम्रो विदेशमा रोजगार गरेर पठाएको पैसा जब यो देशमा चैं बस्न सक्दैन अनि नेपाल भन्ने देश धनी हुन्छ? कहिले हुन सक्दैन । किन्यो, खायो, पठायो । जताबाट आयो त्यतै गयो । त्यस्तो भयो भने यो देश धनी हुन सक्दैन । त्यसकारण हामीले उत्पादन बढाउनुपर्यो । हाम्रो उत्पादन बढ्यो भने हाम्रो उपादनले हामीलाई थमाउने, हिजो हामी आत्मनिर्भर थियौं । आज खै केमा निर्भर छौं? अर्काको निर्भर भइसक्यौं । भएजति युवाहरू सबै विदेश पठाइसक्यौं । महिनौं यो उसमा, कति महिनामा ६ लाख युवाहरू बाहिर गइसके भन्या छ । पढ्न, रोजगार गर्न । हुँदा हुँदै अब त के भयो भने हाम्रो guardian हरू पनि कस्तो भइसक्नुभयो भने अब टोपी भिसा र तेल भिसामा विदेश गएर उतै बस्न थाल्या छ । टोपी भनेको छोराको graduation मा जाने अनि तेल भिसा भनेको बुहारी सुत्केरी भइसकेपछि नाति स्याहार्न जाने, नातिनी स्याहार्न जाने । बुढाबुढी पनि उतै गएर बस्ने स्थिति, यहाँ बुढाबुढीलाई पानी दिनेसम्म मान्छे नहुने स्थिति भा' छ । त्यसकारण हामीलाई मलाई के लाग्छ भने हामीले यो देशलाई अलिकति, हामीले अलिकति सत्तापक्ष र प्रतिपक्ष नभईकन अबको दिनमा हामीले यो सरकारलाई सफल बनाउने, यो मुलुकलाई सफल बनाउने कुरामा लागेनौं भने हामी सबैले दुःख पाउने दिन आउँदै छ । यिनै कुराहरू राख्दै आफ्नो भनाइ यहीं अन्त्य गर्छु । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय डक्टर विमला राई पौडयाल । समय ११ मिनेट । त्यसपछि माननीय रामचन्द्र राई ।

**(१३:२६ बजे) <u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो कडा र फुल छैन है मेरो आँखामा चस्मा छ । म तथ्याङ्कमा बसेर बोल्दै छु । अध्यक्षज्यू, पहिलो मान्यता बजेटको भनेको देशको आर्थिक अवस्थाको सही चित्रण गर्ने हो । विश्लेषण गर्ने हो । र जहाँ राम्रो गर्न सक्यौं हामीले त्यसलाई टिकाउने हो । जहाँ राम्रो गर्न सकेनौं । यो कारणले राम्रो गर्न सकेनौं भनेर त्यसको चिरफार गर्ने हो र त्यसलाई करेक्सन गर्ने हो । बजेटले त्यसै गर्छ समग्रमा । जहाँ हामी राम्रोसँग रोगको पहिचान गर्दैनौं, राम्रोसँग रोगको पहिचान नगरेदेखि हाम्रो उपचार असहज हुन्छ । अनि लोकप्रियतालाई असर पार्छ कि भनेर रोग लुकायौं भने उपचारै हुँदैन । समस्या त्यो छ । मैले अहिले भन्न खोजेको देशको आर्थिक

अवस्थाको कुरा छ । र बजेटले देशको आर्थिक अवस्थाकों आकडालाई कसरी प्रस्तुत गर्दैछ र त्यसको उपचार कस्तो छ । म सिद्धान्तमा मात्रै बोल्छु । किन भने यो पछि गएर हामी विषयगत मन्त्रालयको छुट्टै छलफल गर्छौं । छुट्टै नै त्यति बेला विषयगत कुराहरू, क्षेत्रगत कुराहरू हुन्छन् ।

समग्रमा पूँजीगत खर्च र राजस्व संङ्कलनको अवस्था र तरलता हेर्दा हाम्रो देश अहिले आर्थिक मन्दीमा गइसकेको भान हुन्छ । चालु आर्थिक वर्षमा मात्र ३ खर्बले राजस्व घट्ने देखिन्छ । र यसको भार विकास खर्चमा पर्ने देखिन्छ । आर्थिक वर्ष सकिन लाग्दाको अहिलेको अवस्था भनेको लगभग ५६ प्रतिशत मात्रै आम्दानी भा'को छ । पोहोर साल जति आम्दानी गर्छौं भन्यौं त्यसको ५६ प्रतिशत मात्रै आम्दानी भा'को छ । वैदेशिक अनुदान १० प्रतिशतभन्दा कम उठेको छ । ९ पोइन्ट सम्थिङ हो । तथ्याङ्क हेर्नुहोस् । आम्दानीको ठुलो हिस्सा चालु खर्चमा लगाउँदा पनि चालु खर्च मात्रै धान्न गाह्रो भएको अवस्था हो । अहिलेको अवस्था भनेको । पूँजीगत खर्च जुन विकासको लागि खर्च हुने हो त्यो पूँजीगत खर्च जसले आर्थिक बृद्धि र राजस्वमा टेवा इने हो त्यो करिब एकतिहाइ मात्र आएको अवस्था छ । चालु वर्षको बजेटमा धान, गँहुको आयात २० प्रतिशत घटाउने भनेको हो । निर्यात बढाउने भनेको हो । जुन दिगो समाधान पनि हो । तर हालको आँकडा हेर्दा कृषि उपज, अन्न, फलफुल तरकारी सबैको आयात बढेकै अवस्था छ । घटेको छैन । त्यसले गर्दा निर्यात पनि २५ प्रतिशतले घटेको देखिन्छ । व्यापारघाटा बढेको देखिन्छ । तथ्याङ्कमा देखिने यी तथ्याङ्कहरू हुन् जसले हामीलाई आर्थिक मन्दीतिर जाँदै छौं हैं भनेको छ ।

अब तथ्याङ्कमा नदेखिने अवस्था हेरौं । व्यापार बन्द भइराखेका छन् । निजी स्कुलमा कलेजमा निम्न र मध्यम वर्गलाई फि तिर्न धौ धौ भाएको छ । ठेकेदारले काम गरेका छैनन् । गरेको कामको भुक्तानी सरकारबाट पाएका छैनन् । भुक्तानी नपाएपछि बाँकी काम गर्न सकेका छैनन् । बजारभाउ ८ प्रतिशतभन्दा कम देखाएको छ बजेट स्पिचले । तर सय रुपैयाँ पर्ने सामान एक सय आठमा अहिले आ'छैन । दाल, चामल, नुन, तेल म पनि किन्छु । यहाँहरू पनि किन्नुहुन्छ । सबै जना किन्छौं हामी । यसले धेरैले किनेर खान नसक्ने अवस्थामा छ । कम पकाउने र कमसल खाने अवस्था भइसकेको छ । सहकारीहरू पैसा लगाउनेले भुक्तानी पा'का छैनन् । तरलताको अभाव छ । लगानी डुबेको छ । अनि ठगिएका नागरिक र परिबन्धले डुबेका सहकारी दुवैलाई चाहिँ सरकारको संरक्षणको आवश्यकता देखिन्छ । अहिलेको अवस्था हेर्दाखेरि । बजारमा तरलताको व्यापक अभाव छ । ब्याजदर र मुद्रास्फीति

अझै बढ्ने देखिन्छ । सबै अवस्था हेर्दा हामी सकारात्मक होइन नकारात्मक अवस्थामा जाँदै छौं ।

अब यस्तो नकारात्मक अवस्थामा हामी जाँदै छौ भने यसको उपचार कस्तो हुने? हामीले उपचारलाई हेर्न पर्छ र बजेटले दिने भनेको उपचार हो । बजेटको आकार हेर्दाखेरि चाहिँ यो नर्मल अवस्थामा बनेको जस्तो देखिन्छ । अहिलेको अवस्था नर्मल छैन । पोहोर साल अर्थमन्त्री जनार्दन शर्माले ८ प्रतिशतको बृद्धि गर्ने भन्नुभो' पछि संशोधन गरेर ४ पोइन्ट ५ प्रतिशत बनाइयो । भयो कति? २ पोइन्ट १६ प्रतिशत । अहिले पनि हामी त्यस्तै त्यस्तै अवस्थामा छौं । त्यसैले ६ पर्सेन्ट आर्थिक बृद्धिदरको लक्ष्य भनिएको छ । त्यो फेरि मङ्सिरमा गएर संशोधन हुन्छ । र अन्तिममा गएर कति पुग्छ थाहा छैन । अवस्था यो हो । त्यसैले यो बजेटले रोगको पहिचान आंशिक मात्रै गरेको छ भन्छु मैले ।

र जति पहिचान गरेको छ । त्यसको उपचार नारामा सीमित छ । किन म त्यसो भन्दै छु भने मैले बजेट वक्तव्यमा नारा मात्रै गने । २२ ओटा नारा रहिछ नयाँ नयाँ । २२ ओटा एउटा बजेट वक्तव्यमा । अनि यो नारा बनाउन मात्रै मन्त्रालयमा कति ओटा बैठक बस्यो होलान्? कति दिन बैठक बस्यो होला? त्यसको खर्च कति भयो होला? कन्सल्टेन्सि कतिमा गयो होला? त्यो track गर्‍यो भने रमाइलो फिगर आउँछ जस्तो मलाई लाग्छ । तर नाराले त देश विकास हुँदैन । फेरि मन्त्री आएपिछे नारा फेर्ने हो भनेदेखि त कसरी उपचार होला? यो पनि बहुत डर लाग्दो अवस्था देख्छु मैले । त्यो भएर जति नारा छ । त्योअनुसारको योजना, बजेट विनियोजन र कार्यान्वयन सुनिश्चितता छ कि छैन? भनेर हेर्नुपर्ने हामी सांसदहरूको दायित्व हो ।

बजेटको अर्को प्रमुखपक्ष भनेको आम्दानीको आकलन हो । र सोअनुसारको खर्चको विनियोजन हो । आम्दानी कति हुन्छ? र त्यो इमान्दारपूर्वक विश्लेषण गरेर मात्र बजेटको आकार निर्क्योल गर्नुपर्छ । ५५ वर्षको इतिहासमा लक्ष्य गरेको तुलनामा सबैभन्दा कम राजस्व उठेको यसै वर्ष । आँकलन हेरौं हामीले । संशोधित लक्ष्यभन्दा पनि करिब दुई खर्ब कम राजस्व उठेको देखिन्छ । अब ३५ दिन बाँकी छ । यो आर्थिक वर्षको हाल दिनमा २ अर्ब जति राजस्व उठ्छ । अब त्यो राजस्व पाँच अर्ब नै उठाए पनि २ खर्बभन्दा बढी त उठ्ने देखिँदैन । अनि त्यो भइसकेपछि यसै वर्ष हामीले दुई सयदेखि तीस सय अर्ब आम्दानी गुमाउँदै छौं । र अहिलेको घाटा अर्को वर्षको घाटामा जोडिन्छ । त्यसरी हेर्नुभयो भने देखि यो सत्र खर्ब एकाउन्न अर्बको बजेट यो सुन्निएको जस्तो लाग्छ कि लाग्दैन? यो विचार गरौं ।

अब आर्थिक मन्दी छ । हाम्रो देशमा मात्र होइन । विश्वमै आर्थिक मन्दी छ । विश्वको आर्थिक मन्दीले हाम्रो देशको पनि श्रम बजार, पर्यटन, वैदेशिक लगानी, अनुदान, निर्यात

सबैमा असर पार्छ त्यो आँकलन गरेका छौं हामीले? नर्मल अवस्था होइन यो, त्यो आँकलन गर्या छौं? त्यो चाहिँ देखिँदैन । अब सबैभन्दा पहिला त अहिलेको ब्याजदर सरकारले नपुग वैदेशिक अनुदान घटेको छ । राजस्व घटेको छ । नपुग चाहिँ आन्तरिक ऋणबाट लिन्छु भन्छ । आन्तरिक ऋणबाट पैसा उठाउने भनेको निजी क्षेत्रले उठाउने पैसाको भाग खोस्ने हो । अनि ब्याजदर घट्छ? बैङ्कले त सरकारलाई लगानी गर्छ नि । निजी क्षेत्रलाई भन्दा किन भने सरकारलाई लगानी गऱ्यो भने त रिक्स कम हुन्छ बैङ्कलाई । अनि निजी क्षेत्रले एक्टिभिटि कहाँबाट गर्छ? अनि कसरी आउँछ? आर्थिक बृद्धि कसरी हुन्छ? त्यसैले अझै पनि आर्थिक बृद्धि हुन डर लाग्दो अवस्था छ । यो होला जस्तो लाग्दैन । र ब्याजदर अझै पनि घट्ने देखिन्छ ।

तेस्रो बजेटको मान्यता भनेको नीति कार्यक्रम र पञ्चवर्षिय योजनासँग अनि दिगो विकास लक्ष्यसँग हाम्रो प्रतिबद्धतासँग हामीले गरेका बाचाहरूसँग मिलेका छन् कि छैनन्? सामानजस्यता हेर्ने कुरा हो । सामानजस्यता हेर्ने भनेर सरसर्ती मैले हेरे । हेर्दाखेरि कतिपय कुराहरू धेरै टाढा नजाऊ । कतिपय कुराहरू त यो अस्ति भर्खरै राष्ट्रपतिज्यूले पढ्नुभएको नीति कार्यक्रम र बजेटमै सामानजस्यता देखिँदैन । किन देखिँदैन भन्नुहोला । भर्खरै भर्खरै नीति कार्यक्रम आउनुभन्दा अगाडिको कुरा हो । मन्त्रिपरिषद्ले गेटा विश्वविद्यालय, गेटा मेडिकल कलेजलाई धनगढीको गेटा मेडिकलेजलाई विश्वविद्यालय बनाउने भन्यो । बजेटले आएर के निर्णय गऱ्यो । प्रतिष्ठान बनाउने भनेर निर्णय गरेको छ । विश्वविद्यालय र प्रतिष्ठान एउटै होइन । त्यस्तै गरीकन विपन्नलाई निःशुल्क मिटर जडान गर्ने, निःशुल्क विजुली दिने भनेर नीति कार्यक्रमले बोल्यो । बजेटमा त्यसको कुरै आ'को छैन ।त्यसको लागि पैसा पनि छुट्या छैन । यस्ता खालका असामज्यता नभएका क्षेत्रहरू थुप्रै छन् । मसँग समय पुग्दैन सबै मैले भन्न सक्दिन ।

चौथों, बजेटमा मितव्ययीता र कार्यान्वयनमा प्रभावकारीता जरुरी छ । यसका लागि केही नयाँ कुराहरू थाल्नुभा'को छ, अर्थमन्त्रीज्यूले । विशेष गरीकन केही समितिहरू खारेजीका कुराहरू आएका छन् । केही बोर्डहरू खारेजीका कुराहरू आएका छन् । त्यस्ता पाँच सय कति ओटा चाहिँ खारेज गर्नुपर्ने छ रे । जम्मा जम्मी बिस ओटाको लिष्ट आ'को छ । तर त्यसलाई राम्रो सुरुवात भन्छु मैले । तर त्यो राम्रो सुरुवात गर्दाखेरि गृहकार्य पुगेको छ त? भनेर हेरौं न त एकचोटी । हामीसँग शिक्षा मन्त्री यहीं हुनुहुन्छ । एकतिर बजेट वक्तव्यले नेपाल विश्वविद्यालय बनाउने र त्यसको लागि कानुन तयार गर्ने भन्छ । कानुन संसदमा छ । ड्राफ्ट अर्कोतिर नेपाल विश्वविद्यालय बनाउन कै लागि भनेर व्यवस्था गरिएको समितिलाई खारेज गर्छु भन्छ । पूर्वाधार विकास समिति खारेज गर्छु भन्छ । त्यो बिचको ग्याप के हुन्छ? अनि कति पैसा बचाउने भएछ त? यो खारेज गरेर बच्छ चाहिँ कति भनेर हेरेको एक करोड प्रतिवर्षको

रहेछ त्यो समितिको जम्मा खर्च । अनि एक करोडको लागि यो सरकारले त्यो भ्याकुम क्रिएट गर्दैछ । एकतिर कानुन बनाउने अर्कोतिर पूर्वाधार समितिलाई खारेज गर्ने त्यो भ्याकुम क्रिएट गर्दैछ । के गर्न खोज्या? होमर्क भा'को हो? शिक्षा मन्त्रीज्यूलाई थाहा छ यो कुरो? कि अर्थमन्त्रीज्यूले आफै लेख्नुभो'? कि अर्थमन्त्रीज्यूलाई पनि थाहा छ कि सचिवज्युले लेख्नुभो'? यो कुराहरू सोध्नुपर्ने अवस्था छ ।

अब राष्ट्रिय दुग्ध विकास बोर्ड खारेज गर्ने भनिएको छ । राष्ट्रिय दुग्ध विकास बोर्ड भनेको किसान, व्यापारी, उद्यमी, उपभोक्ता, बजार सबैको संयोजना गर्ने संयोजनकारी बोर्ड हो । असाध्यै महत्त्वपूर्ण बोर्ड हो । यो बोर्ड खारेज गरेपछि कसले हेर्ने? मन्त्रालयले हेर्ने । कुन विभागले हेर्ने त? थाहा छैन । राम्रो के हुन्थ्यो भने राम्रोसँग गृहकार्य गरेर अलि धेरै पैसा खाने समितिहरू जसलाई त्यस्तै कामहरू हेर्नको लागि हामीसँग विभाग पनि छन् भने त्यो विभाग र बोर्डमा चाहिँ एउटा राख्दाखेरि राम्रो हुन्थ्यो जस्तो मलाई लाग्छ । त्यसमा गृहकार्य पुगेको छैन । राम्रो इन्टेन्सनले गरिएको तर गृहकार्य नपुगिकन गरिएको काम हो यो भन्छु मैले यसमा सुधार गर्न जरुरी देख्छु मैले ।

अब त्यसपछि खर्च घटाउने सम्बन्धमा स्वास्थ्यको खर्च घटेको देखिन्छ । यो कोभिडको बेलामा भा'को पैसा खर्च घटेको हो भनेदेखि त ठिकै छ । नत्र भने स्वास्थ्यमा खर्च घट्ने सेक्टर चाहिँ होइन जस्तो मलाई लाग्छ ।

एकदमै क्वीक्ली लास्ट पोइन्ट भन्छु अध्यक्षज्यू, करको समग्र वातावरणको स्थायित्व र लगानी मैत्री वातावरण एकदम जरुरी छ । तर अहिले हेर्दा करको दायरा बारम्बार परिवर्तन गरेको अवस्था देखिन्छ । उखु र विद्युतीय गाडीको मात्र उदाहरण दिन्छु । उखु किसानलाई अनुदान दिने भनेर भनिएको छ । ठिक हो । तर बाहिरबाट आउने चिनीको कर चाहिँ घटाइएको छ । त्यो भनेपछि नेपाली चिनी कसरी विक्री हुन्छ? अनि किसानले कसरी लगाउँछ? मिलेन कुरा ।विद्युतीय सवारी साधन मिडिलक्लासले चढ्ने मैले जस्ताले चढ्ने मिडिलक्लासले चढ्ने ४० लाखसम्म पर्ने विद्युतीय गाडीको कर बढाइएको छ । अलि धनी हुनेखानेले चढ्ने अलि महङ्गा विद्युतीय गाडीको कर घटाइएको छ । कसको इसारामा गरिएको? किन गरिएको? तपाईंहरू आपै बुझ्नुहोस् । यसले गर्दा तथ्याङ्कमा बसेर कुरा गरौं र त्यहीअनुसार सुझाव दिऊँ भनेर मैले भन्छु । मेरा सुझाव यही हुन । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय रामचन्द्र राई । समय ७ मिनेट । त्यसपछि माननीय प्रकाश पन्थ ।

(१३:३८ बजे) **<u>माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८०/०८१ को बजेट अर्थमन्त्रीले प्रस्तुत गरिसक्नुभ'को छ । हामीले यो बजेटको किताब पढिरहँदा, बजेट वक्तव्य सुनिरहँदा हामीले केही अनुभूतिहरू गऱ्यौं । र मैले पढिरहँदाखेरि मैले चाहिँ के पाए भन्दा यो बजेट विल्कुल आश्वासनको मात्रै पोको छ भन्ने लागेको छ । यो बजेट नाराहरूको सङ्गालो छ भन्ने लागेको छ । यो बजेट मापन गर्न योग्य छैन । मापन हुँदैन मापन योग्य छैन भन्ने लागेको छ । यो बजेटले दिगो विकास लक्ष्यको, दिगो विकास गन्तव्यको गन्तव्यलाई यसले पहिलाएकै छैन भन्ने लागेको छ । बजेट स्पष्ट गन्तव्य किटान गरेको छैन । बजेटले विद्यमान, बजेटमा विद्यमान आर्थिक सङ्कटबाट समाधान दिने योजना छैन । साधन स्रोत र साधन स्रोतको असीमितता र अनिश्चितता हुँदा हुँदै बजेटको आकार र क्षेत्र ठुलो बनाएकोले यो बजेट यथार्थपरक छैन ।

रोजगारी बृद्धिको कुरा गरेको छ । नीति कार्यक्रममा तर यो बजेटमा चाहिँ गफमा मात्रै सीमित गरेको छ । यसमा कुनै त्यस्तो चिज छैन । नागरिक पेन्सनको हावादारी कार्यक्रम प्रस्तुत भ'को छ । त्यो नागरिक पेन्सन कसरी दिने? त्यसको कार्यविधि के हुने? । कहाँबाट आउने? यसको केही चिज छैन । वैदेशिक ऋण र अनुदान यसले ल्याउन सकेको छैन । त्यसो भएर आगामी वर्षको बजेट यसले पहिचान गर्न सक्दैन । ऋण लिएर ऋण तिर्नुपर्ने स्थिति सृजना भा'को छ । यसले अर्थतन्त्रलाई Debt Trap मा लाने खतरा बढाएको छ । बेरुजु अङ्क र प्रतिशत बढ्दै गएको छ । यसले के देखिन्छ भन्दा सरकारको सुशासनको नारा गफमा सिमित भा'को छ ।

बन्द उद्योगहरू सञ्चालन गर्ने कुरा गरेको छ । तर बजेटमा बन्द उद्योग सञ्चालन गर्नलाई कुनै बजेटमा व्यवस्था गरेको छैन । हिउँदमा ३० यूनिट वर्खामा ५० यूनिट विजुली म नेपाली जनतालाई दिन्छु भनेर भनेको थियो नीति कार्यक्रममा । बजेटमा त्यसको कुनै पैसा व्यवस्था गरेको छैन । चालु खर्च घटाउने र पूँजीगत खर्च बढाउने भनेर भनेको थयो तर त्यस्तो भएन । अहिले पनि चालु खर्च चाहिँ बढेको छ । पूँजीगत चाहिँ घटेको छ । उल्टो । यसको अर्थ के हो भने नीति कार्यक्रम र बजेटमा सिलसिलेवार यसको दुइटाको बिचमा समन्यव हुनुपर्थ्यो समन्वय छैन ।

प्रदेश र स्थानीय तहको बजेट कटौती गरेको छ । हाम्रो मुल रूपमा सङ्घीय प्रणालीमा हाम्रो काम गर्ने क्षेत्र त्यो सङ्घ र प्रदेश हो । त्यसको बजेट चाहिँ कटौती गरेको छ । संविधानको मर्म विपरीत ग्रामीण विकास कार्यक्रम ल्या'को छ । सङ्घीयताले ग्रामीण विकास गर्ने

काम त स्थानीय तहको होला नि? दिएको, तर सरकारले आफै गर्छु भन्छ ग्रामीण विकास कार्यक्रम ल्या'को छ । यो पनि यसको चाहिँ कुरा मिलेको छैन ।

सार्वजनिक सङ्घ, संस्था बन्द गर्ने योजनाका साथ कार्यक्रम आ'को छ । यसले सार्वजनिक संस्थालाई अभिबृद्धि गर्ने होइन, स्थापित गर्ने होइन? यसले बन्द गर्ने खालको कार्यक्रम आ'को छ । निजीकरण र कम्पनीकरण गर्ने बाटोमा गएको छ यो बजेट । सबै काम निजी क्षेत्रले गर्न पर्छ भन्ने दृष्टिकोणबाट अभिप्रेरित भा'को छ बजेट । सबै काम निजी क्षेत्रलाई जिम्मा दिएको छ । त्यसै गरी स्वदेशीको भन्दा विदेशीको पूँजी प्रवर्धन गर्ने ढङ्गबाट चाहिँ यो बजेट आ'को छ । यो सबै कुरा हेरिसकेपछि यो बजेट साँच्चै कार्यान्वयन योग्य छैन किन भनेको? भन्दा यो बजेटले १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट प्रक्षेपण गरेको छ । यसले १२ खर्ब, १२ खर्ब ४८ अर्ब राजस्व उठाउँछु भन्छ । यही वर्ष ३ सय अर्ब ३ खर्ब प्लस यही वर्ष उठ्दैन । आगौं यो घाटा बजेटमा जान्छ । अनि जब यो पैसा आउँदैन । १७ खर्ब चाहिँ यो कहाँबाट ल्याउछ र परिचालन गर्छ? अनि यो बजेट Debt Trap मा जान्छ कि जाँदैन? त्यसो भएर यो बजेट साँचो अर्थमा हावादारी छ भनेर भनेको हो ।

र मैले के भन्छुभन्दा गत साल ८ पर्सेन्ट आर्थिक बृद्धि गर्छु भनेर भनेको थियो । यथार्थमा २ पोइन्ट वान सिक्स हुनेवाला छ । भइसकेको छैन । हुनेवाला छ भनेर भनेको छ । हुन्छ कि हुँदैन थाहा छैन । अब यसपाली ६ पर्सेन्ट आर्थिक बृद्धि गर्छु । आर्थिक बृद्धि गर्छु भन्छ । यो घाटा बजेट पहिचान गरेर यसले ८ पर्सेन्ट चाहिँ आर्थिक बृद्धि चाहिँ कहाँबाट गर्छ? बजेट उचित कि अनुचित भन्ने कुरा त, बजेट कार्यान्वयन भइसकेपछि आर्थिक बृद्धिको प्रतिशत के हुन्छ भन्ने आधारमा तय होला नि? मैले गाली गऱ्या, मैले आलोचना गऱ्या कारणले गर्दा केही साथीहरूले यसलाई राम्रो छ भनेर वाहवाही गऱ्या कारणले गर्दाखेरि यसको नजिता प्राप्त हुने होइन । र मैले कसैलाई जवाफ दिंदा वा मैले कसैको जवाफ सुन्नको लागि कुरा सुनेर यो बजेट ठिक छ वा बेठिक छ भनेर भन्ने कुराको आँकलन हुँदैन ।

र मैले यहाँ थप कुरा के भन्छु भन्दा बन्द उद्योग सञ्चालन गर्छु भनेर भन्यो । हेटौंडाको कपडा उद्योग, बुटवल स्पिरिङ उद्योग, रबर गोर्खकाली रबर उद्योग बन्द चलाउँछु भन्यो । बजेटमा व्यवस्था भएन अघि पनि मैले भने । मैले यहाँ सम्झन चाहेको महत्त्वपूर्ण कुरा चाहिँ के हो भने कपास विकासलाई यसले विघटन गर्यो । कपास विकास आज पनि घाटामा छैन । हेटौंडा कपडा उद्योग र के रे बुटवल धागो कारखानाको चलाउने हो भने कपास चाहिन्छ । आज पनि झन्डै २२/२३ सय मेट्रिक टन जति कपास कपडा उद्योगले प्रयोग गर्थ्यो । त्यसको उत्पादन ३ हजार जति थियो । त्यसलाई बन्द गर्दियो । किन बन्द गरेको? आठ सय पचास

विगाह जमिन त्यो सित छ । त्यो जमिनलाई चलखेल गर्न पाइन्छ । त्यो हरिसिद्धि टायल कारखाना जस्तो गर्न पाइन्छ । त्यो भृकुटी जस्तो गर्न पाइन्छ भनेर होला मैले अघि नै आलोचना गरेको छु । कि यसले निजीकरणलाई प्रसय गरेको छ । यसले अन्तर्राष्ट्रिय पूँजीलाई, विदेशी पूँजीलाई प्रसय गरेको छ । त्यसकारणले गर्दाखेरि त्यो कपास विकास बन्द गरियो । कपास विकास चलेको भए बुटल धागो कारखाना र हेटौंडा कपडा उद्योग चल्न सक्थ्यो । बजेटमा व्यवस्था गर्न सक्थ्यो । त्यसले गर्दाखेरि यो बजेट ट्रेण्ड दिशा विल्कुल नेपाली जनताको हितमा छैन । र यसले परिचालन गर्न सक्दैन । यो हावादारी छ । यो गफको पोको छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रकाश पन्थ । समय ७ मिनेट । त्यसपछि माननीय उदय बहादुर बोहरा ।

(१३:४६ बजे) **<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अब ठिकलाई ठिक भन्नुपर्यो । बेठिकलाई बेठिक पनि भन्नुपर्यो र छलफललाई अलि सुस्त बढाउँदै गयो भने प्रतिनिधि सभाभन्दा यो फरक हो भन्ने कुरा पनि देखिन्छ । पछि पास गर्ने बेलामा हुन्छ र हुन्न त्यति बेलै भनौंला । यसलाई स्वस्थ बनाउने कुरा हामी सबैले कोसिस गरौं हार्दिक अपिल गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सरकारले ल्याएको यो बजेट कार्यान्वयनमा आउन सक्यो भने चाहिँ एकदम ठिक छ चलायमान छ भन्ने कुरा मेरो अध्ययनले यहाँ देख्छु मैले आर्थिक वर्ष ०८०/०८१ को बजेट वक्तव्यलाई हार्दिक स्वागत र सर्थमन पनि गर्दछु । अब मुलुकले खोजेको बजेट चाहिँ अर्थतन्त्र बचाउने जनजीवन चलाउने, समतामूलक समाज निर्माण गर्ने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रवर्धन गर्ने खालको बजेट नै मुलुकले खोजेको हो । उत्पादन र रोजगारी बढाउने र सुशासनयुक्त, भ्रष्टाचारमुक्त मुलुक निर्माण गर्ने कुरा त्यस्तो खालको बजेट नै मुलुकले खोजेको हो र मानव अधिकार लक्षित र दिगो विकास मैत्री बजेट हो मुलुकले खोजेको आशा गरौं कामना गरौं । बजेट कार्यान्वयनमा यी सबै कुराहरू देखिन्छन् र हामीले यसको अनुभूतिहरू पनि गर्न सकियोस् । अबको जोड बल चाहिँ आवश्यकता भनेकै एक्सनमा हो कार्यान्वयनमा हो । हामी डकुमेन्टका हिसाबले त दस्तावेजका हिसाबले हामी धेरै अगाडि छौं । समस्या कार्यान्वयनमा एक्सनमा देखिएको छ । अब कुरा गर्ने के भन्दा पनि काम गर्ने हामी एक्सन प्रदानतिर जानुपर्यो । पहिला पहिला फिलिमहरू एक्सन प्रदान चल्थ्यो ।

अहिले राजनीति गफ प्रदान र भ्रम प्रदान चल्या छ । यसलाई हामी एक्सन प्रदान बनाउने कुरामा हामी चाहिँ अगाडि जानुपर्ने चुनौतीहरू हामीमाझ छ ।

अध्यक्ष महोदय, यो १८८ बुँदाको नीति तथा कार्यक्रमपछाडि हामीले फेरि ४९६ बुँदाको बजेट वक्तव्य हामीले सुन्यौं । सरसर्ती हेरौं पनि तुलनात्मक रूपमा यो अलिकति अघिल्लो वर्षमा भन्दा मोटै छ छन चाहिँ कुनै कुरा कुनै सबालहरू यहाँ छुटेको चाहिँ छैनन् । त्यो खालको छ । सकेसम्म धेरै विषयहरू समेट्न खोजेको पनि देखिन्छ । हामीले बजेटलाई हेर्दाखेरि अब मैले बजेटको दिशा यसको गाइडिङ प्रिन्सिपल के रैच यो बजेट कता उन्मुख छ । बजेटले चाहिँ के गर्न खोज्दै छ । यसको धडकन पनि विचार गर्नुपर्यो । यसको सुगर प्रेसर पनि चेक गर्नुपर्यो भनेर यसलाई मैले हेरें । अर्थतन्त्रमा देखिएका समस्या र चुनौतीहरूलाई सम्बोधन गर्नेतर्फ यो बजेट उन्मुख चाहिँ छ र अर्थतन्त्रलाई गतिशील बनाउन कोसिस यसले त्यतातर्फ नि उन्मुख छ । र निजी क्षेत्रको मनोबल उच्च पार्ने खालको पनि छ र निजी क्षेत्रले यसलाई स्वागत पनि गरिसकेको अवस्था छ । र उच्च र दिगो फराकिलो आर्थिक वृद्धि गर्नेलगायत कुराहरूमा यो अगाडि छ र सबल अर्थतन्त्र निर्माण गर्नेतर्फ बजेट निर्देशित भ'को मैले यहाँ हेर्दाखेरि पढ्दाखेरि भेट्या कुराहरू हो र मैले बजेटको लक्ष्यहरूलाई पनि खोज्दाखेरि आम जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्नेतर्फ बजेट चाहिँ त्यतापट्टि लक्षित छ ।

सीमान्तकृत र पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग, समुदायलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउने कोसिस यसले गर्ने छ । समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्नेतर्फ बजेट लक्षित भ'को पनि मैले देखें भेटें । लक्ष्यहरू राम्रै लाग्यो । प्रतिस्पर्धी क्षमता र तुलनात्मक उच्च लाभ भएको उद्योगहरू प्रवर्धनतर्फ पनि यसले लक्ष्य राखेको छ । डिजिटल र हरित अर्थतन्त्र विकास गर्ने कुरा पनि ठिकै राम्रै लाग्यो तर अब लगानीको सुरक्षा गर्ने कुरा लगानी मैत्री वातावरण बनाउने कुरा चाहिँ निकै चुनौतीपूर्ण छ । यसतर्फ हामीले ध्यान दिन आवश्यक छ सरकारले ।

युवाहरूलाई मुलुकभित्रै आर्थिक गतिविधि आबद्ध गर्ने कुरा एकदम सुन्दर छ तर यसलाई स्पष्ट कार्यक्रम चाहिँ छैन । सुनिश्चितता युवाहरूलाई नेपालमै राख्ने कुराको सुनिश्चितता भेटेको छैन । यसतर्फ कार्यान्वयनमा ध्यान दिन आवश्यक छ । बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्य एकदमै राम्रो र नयाँ लाग्यो । कार्यान्वयनमा चाहिँ यसले सार्थकता पाउन पर्यो यहाँ मात्रै यो भएर भएन ।

अध्यक्ष महोदय, यो बजेटका उद्देश्य र प्राथमिकता सन्तोष प्रदत्त छ तर कार्यान्वयनमा आशङ्का पनि छ फेरि कार्यान्वयनमा चाहिँ । अब हामीले कृषि, ऊर्जा, पर्यटनको विकास गर्ने

भनेकै छौं । उत्पादन र रोजगारी बढाउने पनि भनिएकै छ । सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्ने कुरा प्राथमिकतामा छ नै तिनीहरूलाई नारामा सीमित नहोस् यिनीहरूले कार्यान्वयन एक्सनमा आओस् भन्ने कुरा हो । सुशासनयुक्त, भ्रष्टाचारमुक्त मुलुक निर्माण गर्ने काम निकै चुनौतीपूर्ण छ । निरङ्कुशता ढल्यो तर भ्रष्टाचार ढलेन । भ्रष्टाचार जर्जर अवस्थामा छ । अलिकति पनि यो गल्दै गल्या छैन । यसलाई गलाउन आवश्यक छ । शान्ति र संविधान आयो तर सुशासन आएन । यो एकदम जर्जर अवस्था छ । यसतर्फ सरकारले बढी चाहिँ एक्सन गर्न आवश्यक देखिन्छ ।

बजेट प्रणालीमा सुधार होस् र पुँजीगत खर्चको प्रभावकारी पनि होस् । आगामी वर्षदेखि मन्त्रालयले चाहिँ बजेट सीमा निर्धारण भएसँगै फागुनभित्रै चाहिँ संसदमा छलफल गराउने कुरा ल्याको छ । विनियोजन विधेयकको सिद्धान्त प्राथमिकताहरू फागुनमै संसदमा छलफल गर्ने कुरा एकदमै प्रशंसनीय कुरा छ । संसदमा बजेटमाथि खालि हल्लाखल्ला मात्रै हुन्छ । नाटक मात्रै हुन्छ । काम हुन्न भन्ने कुरा थियो । त्यो परम्परालाई त्यो मान्यतालाई यसले खारेज गर्ने कुरा मैले विश्वास लिएको छु । बजेट कार्यान्वयन, कार्ययोजना असारभित्रै तर्जुमा गर्ने कुरा कार्यान्वयनको कार्ययोजना चाहिँ असारभित्रै तर्जुमा गर्ने कुराले सुशासन प्रवर्धन र पुँजीगत खर्चको प्रभावकारितालाई बढाउनलाई सघाउ पुऱ्याउने आशा चाहिँ गर्न सकिन्छ । यसमा तुरुन्तै काम हामी दुई महिनापछि देखे कुरा हो यो चाहिँ सङ्घीयताप्रति अलिकति पनि उदार हुन खोजिएन फेरि पनि वित्तीय सङ्घीयतालगायत स्रोत हस्तान्तरण तथा सङ्घीय मजबुतीकरण र स्थानीय तहको प्रभावकारिता बढाउनेतर्फ अझ अलिकति ध्यान पुग्या छैन । अझै पनि अलमलको स्थितिहरू छ । अझै पनि अलिकति आत्मकेन्द्रित मानसिकताहरू हाबी छ । त्यो कताबाट भयो ब्यूरोक्रेसीबाट भयो कि नेताहरूबाट भयो । र तल्लो तहहरूलाई अझै पनि भर गर्न सक्या छैन । विश्वास गर्न सक्या छैन । यिनले काम गरी खान्छन् भन्ने कुरा अझै पनि विश्वास छैन । त्यो कहाँबाट त्यस्तो भयो त्यसतर्फ फेरि पनि त्यसलाई चिर्नुपर्ने आवश्यकताहरू छ ।

एकातर्फ साधारण खर्च बढ्दै ग'को छ र पुँजीगत खर्चको प्रभावकारिता पनि घट्दै ग'को छ भने अर्कोतर्फ राजस्व सङ्कलन पनि कम भैर'को छ । आयात घटाउँदा विदेशबाट सामान कम ल्याउँदाखेरि राजस्व पनि घटेको छ । यसले एकतर्फ विकास कार्यक्रमलाई प्रभावित पारेको छ भने अर्कोतर्फ आगामी दिनमा बजेट र अर्थतन्त्र सन्तुलन गर्ने कुरामा पनि चुनौती बढिरहेको छ । लगानीको वातावरण नहुने आन्तरिक ऋण बढ्ने बाह्य ऋण पनि बढ्दै जाने कुराले अर्थतन्त्र कति बेला दुर्घटना हुन्छ भन्ने कुरा एउटा खतराको रूपमा हामी सामु त्यो छँदै छ । मैले यसलाई सरसर्ती दिगो विकासको दृष्टिले पनि बजेट वक्तव्यलाई हेरें तर यहाँ अलिकति चित्त

बुझेन मलाई यो दिगो विकासको दृष्टिबाट बजेट हेर्दाखेरि चाहिँ म आफू त्यसमै पनि भ'को हुनाले अलिकति दुःख पनि लाग्यो । नीतिगत रूपमा जिरो कोड राखेर ३१ पोइन्ट २९ प्रतिशत ५ खर्ब ४८ अर्ब बजेटविना एसडीजी कोड छुट्याइएको छ । यसले दिगो विकास लक्ष्य प्राप्तिको गम्भीर यसले क्षति पुऱ्याउँछ हामीलाई । ३१ पोइन्ट २९ प्रतिशत अथवा ५ खर्ब ४८ अर्बभन्दा बढी बजेटविना एसडीजी कोडिङविना खर्च हुन्छ भन्ने कुराले चाहिँ दिगो विकास लक्ष्यलाई चाहिँ यसले कहिल्यै पूरा हुन्न भन्ने कुरा हो । कुल बजेटलाई झन्डै एक तिहाइ बजेटले दिगो विकास चिन्दैन एक तिहाइ बजेटलाई दिगो विकास चिन्दैन भनेसी कसरी दिगो विकास लक्ष्य हासिल हुन्छ? भन्ने कुरा चाहिँ हाम्रो अगाडि चुनौतीपूर्ण छ र दिगो विकास लक्ष्यको यूएनको एउटा प्राथमिकता छ । त्यो प्राथमिकतालाई हामीले त्यहाँ हेरेनौं र हामीले आफ्नै प्राथमिकताले गर्‍यौं । त्यो जसले गर्दा असमानता हटाउने कुरा गरिबीको अन्त्य गर्ने कुरालगायत विषयहरू अझै पनि पछाडि परेको छ । अन्तिम अन्तिमतिरै छु । बजेट सुन्दाखेरि मलाई यो दोहोरो परेका सङ्घ संस्थाहरू घटाउने भन्ने कुरा थियो संस्थाहरू तर त्यहाँ यो महिला तथा बालबालिका विभाग पनि घटाइँदाखेरि चाहिँ अलिकति दुःख लाइरा' छ । अरू त बरु ठिकै ठिकै पनि छ ।

र अर्को गम्भीर कुरा चाहिँ संघीय संसदका ३३४ जना सांसदहरूको बिचमै पनि भेदभावपूर्ण व्यवहार भयो । १६५ जना सांसदका हातमा ५/५ करोडको लड्डु उपहार समानुपातिकतर्फका ११० राष्ट्रिय सभातर्फका ५९ गरी १६९ जना बहुमत सांसदको टाउकोमा डन्डा बर्साउने कोर्रा हान्ने ह्विप लगाउने कुरा हुँदै छ । यो एकदम गलत काम छ । संसदीय अभ्यास र व्यवस्थापिकाको व्यवस्थाभित्रको बिच संघियता विरोधी आग्रहपूर्ण र यो भेदभाव संसदीय इतिहासमा एउटा कालो धब्बाको रूपमा अङ्कित हुने नै छ । यसको जिम्मेवार स्वयम् सरकार र ५ करोड हातमा लिनेहरूले चाहिँ यो सुशासनको धज्जी उठाउन सक्छन् । .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय उदय बहादुर बोहरा । समय ११ मिनेट । त्यसपछि माननीय मोहम्मद खालिद ।

(१३:५४ बजे) **माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, अर्थमन्त्री माननीय डाक्टर प्रकाशशरण महतले ६ ओटा उद्देश्य र १० ओटा मूलभूत कार्यक्रमलाई प्राथमिकतामा राख्दै गत सोमवार २०८०/०८१ को

बजेट पेस गर्नुभ'को छ र यो बजेटमा हामी छलफल गरिरहेका छौं । यसमा आआफ्ना दृष्टिकोणहरू छन् । सापेक्ष दृष्टिकोणहरू पनि छन् । निरिपेक्ष दृष्टिकोणहरू पनि छन् । यो आआफ्नो अधिकारको कुरा हो तर म एउटा के निवेदन गर्न चाहन्छु भने निरपेक्षित दृष्टिकोणले हामी सही ठाउँमा पुग्न सक्दैनौं । सापेक्षित दृष्टिकोण हामीले राख्यौं भने सही ठाउँमा पुग्न सक्छौं । त्यसो भ'को हुनाले पक्कै पनि यसमा हामीले विचार पुर्‍याउनुपर्छ भन्ने मलाई लाग्छ र बजेट जम्मा ७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट विनियोजन भ'को छ । पेस भ'को छ र यसमा गत विगतजस्तै यो चालु खर्च अत्याधिक छ । तथापि सरकारले चालु खर्चलाई नियन्त्रण गर्न आफ्ना योजना र कार्यक्रमहरू ल्याको छ र त्यस्तै पुँजीगत खर्चभन्दा वित्तीय व्यवस्थापनतर्फ खर्च बढी देखिन्छ । यो मुलुकको लागि पक्कै पनि हित कर होइन र यसको स्रोत व्यवस्थापन गत वर्ष जुन राजस्व सङ्कलन आर्थिक वर्षको तुलनामा ५ दशमलब ९५ प्रतिशतले ऋणात्मक हुँदै छ । राजस्व सङ्कलनमा कमी देखिन्छ । तथापि सरकारले आगामी ०८०/०८१ का लागि १२ खर्ब ४८ अर्ब ६२ करोड राजस्व सङ्कलन गर्ने हिम्मत देखाएको छ । यसलाई सकारात्मक रूपमा लिनुपर्छ । त्यो ड्रिम हो योजना हो, प्लान हो । जब हामीले योजना नै राख्दैनौं, प्लान नै राख्दैनौं, हामीसँग योजनै हुन्न भने त्यो परिपूर्ति हुन सक्दैन । त्यसो भएको हुनाले म यसलाई सकारात्मक रूपमा लिएको छु । र अर्को चालु आ.व. को बजेटमा करिब १५ खर्ब ४ अर्ब ९९ करोड खर्च गर्ने संशोधित अनुमान पेस भएकोमा यसमा केही जस्तैः राष्ट्रिय योजना आयोगले दिएको १६ खर्ब ८८ अर्बको सीमाभन्दा ६३ अर्ब वृद्धि हुन ग'को छ बजेट ।

सम्माननीय अध्यक्ष महोदय, र चालु खर्च खासै घटेको देखिँदैन । पुँजीगत खर्च पनि खासै वृद्धि भएको देखिँदैन । चालु आर्थिक वर्षको बजेटमा पुँजीगत खर्चको हिस्सा १७ दशमलब १७ प्रतिशत छ । देखिन्छ । र आगामी आर्थिक वर्षमा कुल बजेटको पुँजीगत खर्चभन्दा त्यसमा १७ दशमलब २५ प्रतिशतले विनियोजन भएको देखिन्छ र आगामी आर्थिक वर्षको बजेटमा लगानी वृद्धि त्यति हुन सकेको देखिँदैन । चालु वर्षको संशोधित बजेटमा ६५ दशमलब २० प्रतिशत रहेकोमा आगामी वर्ष २०८०/०८१ को बजेटमा ६९ दशमलब ३३ पर्सेन्ट कायम गरिएको छ । र यो रकम पुँजीगततर्फ थप भएको देखिँदैन । त्यसो भ'को हुनाले यो वित्तीय व्यवस्थापनतर्फ बढी हुन पुगेको छ । यो बढी देखिन्छ ।

अध्यक्ष महोदय, अब सरकारले विनियोजन बजेटभित्र केही सकारात्मक कामहरू पनि ल्याएको छ । जस्तैः यो विनियोजित बजेटमा शिक्षामा ११ दशमलब २६ पर्सेन्ट वृद्धि गरेको छ देखिन्छ । कृषिमा गत वर्षमा भन्दा केही ३ अर्ब १ करोड वृद्धि भएको देखिन्छ । र त्यस्तै अन्य यो भौतिक पूर्वाधारतिर ३० अर्ब कटौती भएको देखिन्छ । प्रदेश र स्थानीय तहमा गत

आर्थिक वर्षको तुलनामा १ दशमलब २२ प्रतिशतले बजेट कटौती भएको छ । त्यसो भएको हुनाले यो प्रदेश र स्थानीयतर्फ जुन बजेट कटौती भ'को छ । यसले त्यति ठिक गरेन र यसलाई मलाई लाग्छ । सरकारले फेरि पुनर्विचार गर्ने छ ।

सम्माननीय अध्यक्षज्यू, विश्व अर्थतन्त्रमा देखिएको आर्थिक मन्दीको बिचबाट आएको यो बजेटले स्वाभाविक यसका आफ्ना समस्याहरू छन् । अप्ठ्याराहरू छन् । तर स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा बजेटले चालु आर्थिक वर्षको तुलनामा २० प्रतिशतले कटौती गरिको छ । यो पनि सकारात्मक मान्न सकिँदैन । यसलाई सरकारले पुनः सच्चाओस् । त्यस्तै नयाँ तथा महत्त्वपूर्ण योजना तथा कार्यक्रमहरू यो विनियोजित बजेटले प्रस्तावित पनि गरेको छ । साधारण खर्चमा चाहिने वृद्धि हुँदै गएको अवस्थामा प्रस्तुत बजेटमा अनावश्यक सार्वजनिक खर्च घटाउन पुनरावलोकन आयोग २०७५ ले दिएको सुझावलाई क्रमशः कार्यान्वयन गरी सरकारको स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्रमा परेका औचित्य नभएका अनावश्यक संस्थाहरूलाई खारेजी गर्ने र यसको पहिलो चरणमा अठारओटा विभिन्न सङ्घ संस्थाहरूलाई खारेजी गर्ने र दुईओटालाई मर्जर गर्ने कार्यक्रम यो सरकारले ल्याएको छ र जुन यस्ता अनावश्यक रहेका संरचनाहरूलाई पछि पनि यसलाई खारेज गर्दै जाने कुराहरू सरकारले ल्याएको देखिन्छ । त्यसो भएको हुनाले जसको कारण अनावश्यक प्रशासन खर्चमा घटी साधारण खर्चमा वृद्धि हुने यसले मैले देख्दछु । त्यस्तै सरकारका सकारात्मक कार्यक्रमहरूमा सरकारी निकायका सबै प्रकारका प्रोत्साहन र अतिरिक्त समयका भत्ता खारेजी गरेको छ । नयाँ सवारी साधन र फर्निचर खरिदलाई बन्द गरेको छ । कम्पनी दर्ता र पुँजीगत वृद्धि गर्दा शुल्क दस्तुर लाग्ने वैदेशिक लगानी आकर्षित गर्न आगामी आ.व. भित्र लगानी सम्मेलन स्वेदशी विदेशी तथा लगानी मुलुकभित्र बढाउन लगानी मैत्री वातावरण बनाउने कृषि उत्पादनमा आधारित अनुदान कृषि उत्पादन र खरिद तथा बजारीकरण कृषि मल खरिदमा दोब्बर अनुदान चाहिँ यो कार्यक्रममा छ । सन् २०२३ देखि ०३२ सम्म पर्यटन दशकका रूपमा मनाइने कार्यक्रम यो बजेटले ल्याएको छ । वातावरणीय अध्ययनपछि ढुङ्गा, गिट्टी उत्खनन र निकासी गर्ने कार्यक्रम यसमा छ र महिला उद्यम ग्राम स्थापना गर्ने कार्यक्रम यसमा छ । अनुसन्धान प्रवर्धनका लागि बजेट छुट्याइएको छ । त्यसकारण यी चिजहरू सकारात्मक पक्ष हुन् । त्यस्तै सिंहदरबार र सरकारी कार्यालयहरूमा यत्रतत्र छरिएर रहेका पुराना सवार साधनहरूलाई लिलामी गर्ने र यसलाई तह लगाउने कुराहरू सरकारले ल्याएको छ । त्यसो भ'को हुनाले यसलाई सकारात्मक रूपमा मान्न पर्छ ।

अध्यक्ष महोदय, गत विगतमा राष्ट्रमाथि ऋणभार बढ्दै गए पनि काम चल्दै जाने पुँजीगत खर्चभन्दा साधारण खर्च बढ्दै गए पनि काम चलेसम्म तथ्याङ्कमा अर्थतन्त्र सुधार नै भएको

देखाउने प्रवृत्तिबाट भिन्न हुँदै राष्ट्रिय अर्थतन्त्रमा सङ्कट रहेको वास्तविकतालाई यो बजेटले स्विकारेको छ । यो सकारात्मक हो । यसलाई सकारात्मक मान्नुपर्छ । त्यसो भएको हुनाले यस्तो तर अर्को परिस्थिति यो परिस्थितिमा जुन संसद विकास कोष ल्याएको छ सरकारले त्यो असाध्यै गलत छ । र त्यसलाई सरकारले सच्चाओस् यो मेरो अनुरोध हो । र अध्यक्ष महोदय, मैले अघि पनि भनें यो जुन बजेट हो । यो बजेट यो हिज यो जुन समस्या चाहिँ देखिएको छ बजेटमा बजेट समस्याग्रस्त छ पक्का हो मैले अघिन पनि भनिसकें । सरकारले इमानदारीपूर्वक हामी समस्यामा छौं । यो बजेट समस्यामा छ राष्ट्र अप्ठ्यारोमा छ भन्ने बजेटले देखाएको अवस्थामा यो के हिजैदेखि चाहिने तपाईंको एक वर्षभित्र मात्रै भएको होर? होइन नि यो त धेरै पहिलादेखि धेरै पहिलादेखि हामी ऋणात्मक रूपमा हुँदा हुँदा हुँदा यो अवस्था आयो । त्यस्तै हामी २१ खर्ब लगभग लगभग २२ खर्बको हारहारीमा ऋणात्मक अवस्थामा छौं । यो मुलुकमा त्यसो भ'को हुनाले हामीले अहिले पनि हाम्रा दृष्टिकोणहरू सच्याउन नसकेको अवस्था छ । त्यसो भ'को हुनाले म के अनुरोध गर्न चाहन्छु भने अन्तिममा अध्यक्ष महोदय, अन्तम बजेटमा देखिएका कमी  कमजोरीहरू सच्याउन आग्रह गर्दछु र समग्रमा यो बजेट परम्परागत धरातलमा टेके तापनि यो समय सापेक्ष र रचनात्मक र प्रगतिशील छ । प्रस्तुत बजेट कार्यान्वयनको सफलता प्राप्त गरोस् यो बजेटले र यो समग्रमा सकारात्मक छ भन्ने कुरा म राख्दै म बिदा हुन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय मोहम्मद खालिद । समय १४ मिनेट । त्यसपछि माननीय श्री शेखर कुमार सिंह ।

**(१३:५४ बजे) <u>माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो २०८०/०८१ को बजेट सम्बन्धमा हामी छलफल गरिरहेका छौं । मैले सुनें र अध्ययन गरेंअनुसार म समग्र रूपमा मूलभूत रूपमा सैद्धान्तिक रूपमा यस बजेटको समर्थन गर्दछु । यसमा धेरै रचनात्मक नयाँ र संविधानको पालना हुने गरी कुराहरू आएको छ । तैपनि म केही साना सुझावहरू पनि दिन चाहन्छु ।

यस बजेटको उद्देश्यमध्ये के भनिएको छ भने यो बजेट फराकिलो, दिगो, समावेशी र संविधानको पालना गर्ने खाले हुन्छ । दिगो विकासको यो एउटा अर्थपूर्ण शब्द हो । सायद मैले बुझेंअनुसार यसको अर्थ यो पनि छ कि राज्यको पहुँच जुन ठाउँ, जुन एरिया, जुन क्षेत्र, जुन वर्ग र समुदायसम्म पुगेको छैन । त्यहाँसम्म पुगोस् । मलाई लाग्दैनँ कि हामी बजेट तर्जुमा

गर्दाखेरि हामी आफैले गरेका सर्भे प्रस्तुत गरेका एचडीआईका सर्भेहरूलाई मानव विकास सूचकाङ्कलाई हामी हेर्छौं कि हेर्दैनौं? हाम्रो देशमा गरिबी त छँदै छ । १५ प्रतिशतभन्दा बढी नेपाली दाजुभाइ दिदीबहिनीहरू गरिबी रेखामुनि जीवन बिताइरहेका छन् । क्षेत्रगत रूपमा हेर्ने हो भने अहिले गत वर्षको जीडीपीले के भनिरहेको छ भने मधेस प्रदेश सबभन्दा पछाडि परेका प्रदेश हुन् । फोर पोइन्ट एट टु मात्र यसको जीडीपी रहेको थियो । यो अलि चिन्ताजनक छ । र एचडीआईको रिपोर्टमा म भन्दैनँ तर सरकारले आफैं विचार गरोस् । एकचोटि पढोस् । कि त्यो रिपोर्टमा कुन वर्ग र समुदाय पछाडि परेका छन् वा पारिएका छन् । त्यसका लागि यो बजेटमा के भएको छ? के गरेको छ? जवाफ आफैं खोज्नुस् र आफैं समाधान गर्नुस् भन्ने म आशा राख्छु ।

यता म केही अझ सुझाव दिन चाहन्छु । खानेपानीमा मैले पञ्चायत कालदेखि म आफ्नो बाल्यकालदेखि खानेपानीको समाधान हेन्डपाइपबाट खोज्दै छु । धेरै साथीहरूको भनाइ छ र म ऊसँग सहमत छु । कि यो हेन्डपाइप भन्दाखेरि भन्नाले भ्रष्टाचारको एउटा मूल स्रोत हो । म आफ्नो बाल्यकालदेखि हेन्डपाइपको वितरण हेरिरहे' छु तर अहिलेसम्म पानी पिउने पानीको समस्याको समाधान भएको छैन र नेताहरू कर्मचारीहरूको मिलेमतोमा २ सयको १ सय फिट नदिनेलाई दिने, दिनेलाई नदिने गरी एकदम वियोग मचाएको छ । त्यसले गर्दा यसलाई तत्काल नभए पनि क्रमशः खारेज गर्दै जाने र त्यसको स्थायी समाधान के हुन्छ भन्ने त्यतातिर ध्यान दिनु जरुरी छ । हुनत आज हामी के हेर्दै छौं भन्ने खास गरी तराईको एरियामा पानीको स्तर एकदम लेयर तल गैरहेको छ । हेन्डपाइपहरू बेकार परेको छ । मेसिनले पानी तानिरहेको छैन । यी समस्याहरूलाई हेर्दा त्यो सामूहिक पानी ट्याक आदि इत्यादिको क्रमशः व्यवस्था गर्नु जरुरी छ ।

शिक्षाको बारेमा शिक्षा सम्बन्धमा म के भन्न चाहन्छु भने स्पेसल्ली मधेस प्रदेशमा र मेरो गृह जिल्लाबाट जुन तथ्याङ्क आएको छ । म त्यो ठुलो त्यो अलि विग्न बढी छ । म पढेर सुनाउन सक्दैनँ म हजुरको माध्यमबाट सम्माननीय अध्यक्षज्यूको मार्फतबाट शिक्षा मन्त्रीजीको ध्यान आकर्षण गराउन चाहन्छु कि विद्यार्थीको सङ्ख्याअनुसार दरबन्दी छैन । टिचर छैन । कसरी पठनपाठन हुने त्यहाँप्रति विशेष ध्यान दिनुपर्छ । त्यसै गरी गत वर्ष बजेटमा मदरसा कुरा आयो हामीहरूले एकदम निहालेर वर्षभरि अध्ययन गरौं । के हुँदै छ? तर त्यो मुङ्गेरीलालको सपनाबाहेक केही पनि भएन यसपालि पनि त्यो शब्द थप्या छ बजेटमा मलाई आशा छ कि जनतासँग मुस्लिम समुदायका अगुवाहरूसँग र माननीय उपेन्द्र यादवसँग राज्यले जुन सम्झौता गर्या थियो । त्यो २२ बुँदे सम्झौताको बुँदा नम्बर ९ मा मदरासा बोर्डको कल्पना

रहेको छ । तत्काल त्यतातिर ध्यान दिएर त्यसलाई कार्यान्वयनको दिशातिर हामी जान्छौं भन्ने हाम्रो सरकार जान्छ भन्ने मैले आशा लिएको छु ।

त्यसै गरी संविधानको धारा ५१ खण्ड (ग) को नम्बर ६ र ७ मा बहुभाषित नीति लिने भनिएको छ । बहुभाषी भन्दाखेरि कामकाजको भाषा त एउटा हुन्छ तर देशमा बोलिने सबै भाषा र संस्कृतिको उत्थानको लागि राज्यले लगानी गर्छ राज्यले त्यसको संरक्षण र संवर्द्धन गर्छ । मलाई लाग्छ संविधान त बन्यो तर संविधानको यो दफा उस्ताका उस्तै राखेको छ । मैले उर्दु भाषाको उत्थान भएको छ? हेरेन मैथिली भाषाको उत्थान भएको छ खासै देखिएन । अवधी भाषाको उत्थान भए' छ? खासै देखिएन कुन कुन भाषाको म नाम लिऊँ? यो एकाधत्मक शासन र त्यो मानसिकता आज पनि यो बजेट बनाउँदा कहीँ न कहीँ कहीँ न कहीँ झल्केको छ । यसलाई सच्याउनुपर्छ मेरो आग्रह छ । त्यसरी अघि एक जना हाम्रो माननीयजीले भनिसक्नुभो' यो दुग्ध विकास बोर्डको सम्बन्धमा हाम्रा भूतपूर्व कृषिमन्त्री माननीय मृगेन्द्रजीसँग धेरै किसानहरूले भेटे मेरा अध्यक्ष माननीय उपेन्द्र यादवजीले पनि भेटेर वहाँलाई के भन्नुभो' तपाईंहरू प्रधानमन्त्रीसँग कुरो गर्नुस् यो बोर्डलाई किन खारेज गर्या छ । यो बोर्डअघि कुरा आइसक्या छ । त्यसले गर्दा सङ्क्षिप्तमा म के भन्न चाहन्छु भने यो खारिजीलाई फिर्ता हुनुपर्यो ।

पर्यटनको सम्बन्धमा म के भन्न चाहन्छु कि भने सय गन्तव्य पर्यटनको सय गन्तव्य नेपाल सरकारले तोकेको छ । त्यसमा सिराहा जिल्लाको सहलेस फूलबारी पनि छ । सहलेस..... पनि छ । मेरो आग्रह के छ भने कि यसलाई राष्ट्रिय विभूतिमा सम्मेलित गर्नुपर्ने सहलेस फूलबारीलाई राष्ट्रिय सम्पदाको सूचीमा राखिनुपर्ने अनि मधेसमा भएका यस्ता जुन पर्यटकीय गन्तव्यहरू छ मात्र यो कारणले गर्दाखेरि त्यो मधेसमा छ त्यसको उत्थानप्रति निराशा वा उदासीनता देखाउनु राज्यको र हाम्रो हितमा छैन । त्यसै गरी १८५७ हाम्रो पढोसी राष्ट्र हाम्रो भारतको अवधमा ..... शाहको गद्दी खोसिँदा कस्तो अवस्था थियो भने एकदम बिकराल अवस्था थियो । त्यहाँ वहाँको स्वास्नीले अङ्ग्रेजी साम्राज्यअगाडि आफ्नो टाउको झुकाउनुभएन वहाँले एक वर्षसम्म अङ्ग्रेजी साम्राज्यको अगाडि लड्दै गइन, लड्दै गइन । र आफ्नो दस बाह्र सालको छोरालाई गद्दीमा बठाइन् । नसकेर नसकेर अवधबाट त्यहाँ भागेर यहाँ काठमाडौं यहाँ पुगिन् र वहाँको मजार र चिहान अहिले नेपाल जामे मस्जिद बागबजार आकासे पुलको छेऊमा रहेको छ । खास बुँदा के छ भने के विश्वको विभिन्न क्रान्तिहरूमा नेपालको पनि योगदान रहेको छ । र त्यस्ता महान महिला योद्धालाई नेपालले र नेपालीहरूले शरण दिएको छ भन्ने त्यसलाई पनि गन्तव्यको एउटा पर्यटकीय गन्तव्यको रूपमा राख्नुपर्ने मेरो धारणा रहेको छ ।

त्यसै गरी ठिक विगतका राजदरबार किङ्सवेको अगाडि जुन कस्मिरी जाने मस्जिद र नेपाली जाने मस्जिद रहेको छ । त्यसलाई पनि राज्यको सम्पदा राज्यको सम्पदा र पर्यटकीय गन्तव्यमा त्यसलाई पनि समावेश गर्नु मेरो आग्रह रहेको छ । जाँदा जाँदा किसानहरूको एउटा समस्याको बारेमा यो मलखादको समस्या जुन बेला पनि हामी यो हाउसमा बाहिर मिडियाको माध्यममा सडकमा यताउति जहिले पनि सुन्दै छुम् । र यसपालिको बजेटमा कलकारखाना नै लगाउने कुरा भैरहेको छ । त्यो स्वागतयोग्य छ तर यो कुरा हामीले गत वर्ष पनि सुनेका थियौं । के मलको कारखाना लगाउने । प्राङ्गारिक मललाई प्रोत्साहन गर्ने । तर त्यो भएन यसपालि पनि यही हुन्छ कि? कारखाना यदि यो दीर्घकालीन हो तर अल्पकालीन जुन उपायहरू छन् । त्यसलाई पनि हामीले अवलम्बन गर्नुपर्छ । अहिले मैले जुन प्रारम्भिक अध्ययन गर्या छु त्योअनुसार किसानहरूले हालको वितरण प्रणालीबाट मलखाद पाइरहेको छैन । कतै यो अवस्था छ कि मलको फालाफाल छ । गोदाममा मलैमल छ । त्यहाँ लिनेवाला कोही छैन । कतै यो अवस्था छ कि किसानमा हाहाकार छ । किसानको माग बढ्दो मागलाई त्यहाँ आपूर्तिको लागि मलखाद रहेको छैन र विचरा किसानहरू बाध्य भएर पारी जान्छन् । उता पनि लठ्ठी खान्छन् । यता आएर यता पनि लठ्ठी खान्छन् । दुईतिरको लठ्ठी त्यो विचरा गरिब र निमुखा किसानले खाइरहेका छन् । त्यसले गर्दा दुईतिरका दुईतिरका मार खाने दुईतिरको लठ्ठी खाने किसानमाथि हामी अलि एकदम सेन्सिटिभ भएर सिन्सियर भएर हामी वहाँको समस्यातिर हेरौं र अहिलेका जुन वितरण प्रणाली छ । खादको वितरण प्रणाली छ । त्यसमाथि हामी विचार गरौं । यदि विचार गरेन भने त्यो दिनहुँ हामी यस्तै समस्याहरू सुन्दै रहन्छौं कि फलानो ठाउँमा किसानले आत्महत्या गर्यो । फलानो ठाउँमा किसान कुटियो फलानो ठाउँमा किसानको यो समस्या भयो । यो वितरण प्रणालीलाई हामीले ठिक पार्नुपर्छ । र अन्तमा जाँदा जाँदा यो बजेट समग्रमा ठिक छ । उचित छ । मनासिव छ भन्दै तर यो बजेट अल्पसङ्ख्यकहरूलाई, यो बजेट मुस्लिम समुदायहरूलाई, यो बजेट चाहे जस्तो दलित समुदायलाई, यो बजेट पिछडा वर्गलाई, पछाडि पारिएका क्षेत्रलाई, पछाडि परेका जनतालाई चाहे जस्तो सम्बोधन गरेको छैन भन्ने मेरो धारणा रहेको छ र यदि यो सच्याएन भने हामी जुन वाचा गर्या छौं कि यो बजेट संविधानअनुरूप छ त्यो संविधानअनुरूप हुँदैन भन्ने मेरो धारणा छ । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय शेखर कुमार सिंह । समय ७ मिनेट । त्यसपछि माननीय खिमलाल देवकोटा ।

(१४:१९ बजे) **मानननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, हामी आज बजेटसम्बन्धी छलफल उपस्थित भा' छौं । तर गरौं के? यी बजेटले सबै कुरो समेट्या छ । केही न केही त त्यतातिर पनि त गएर बोल्नैपर्छ । ४९६ बुँदामा समेटिएको यो बजेट स्वागतयोग्य छ । हामीले यसलाई समर्थन गर्दछु । सँगै निश्चित रूपमा मानवीय त्रुटि हुन त स्वाभाविकै हो । मानव त्रुटि हुन पुग्या होला । म सुरुवात गर्न चाहन्छु ७५३ वटा स्थानीय तहमा आईडीएमका प्रशिक्षित कार्यकर्ताहरू महिला एवम् पुरुषमा १५ सय ६ जना युएनडीपीबाट दक्ष रोजगार प्राप्त व्यक्तिहरू यो बजेटमा उहाँहरूको करिब करिब सायद स्यालरी मात्र छ । सायद अर्थमन्त्रीजीले उतातिर ध्यान दिएर किनकि गाउँमा गएर नाइलो बुन्ने, पोते सिकाउने, साबुन नबाउने, एकतिर हामी उद्योगका कुरो गरिराख्या छु, आर्थिक उत्थानको कुरो गर्दछु । अर्कोतिर यो सिकाउने मान्छेहरूले घर पठाइदियो भने त फेरि अलिकति मार्का पर्ला नि । त्यतातिर पनि ध्यान जाओस् अर्थमन्त्रीजीलाई । अर्थमन्त्रीज्यू त हुनुहुन्न तर क्याबिनेटको वरिष्ठ मन्त्री, हाम्रो शिक्षा मन्त्रीज्यू हुनुहुन्छ । उहाँमार्फत जान्छ भन्ने म आशा राख्या छु ।

साथै सम्माननीय अध्यक्षज्यू, हाम्रो सभामा अहिले शिक्षा मन्त्रीज्यू उपस्थित हुनुहुन्छ । जता जाँदा पनि विद्यार्थीको सङ्ख्यामा शिक्षकको उपस्थिति छैन । शिक्षामा अगर हामी ध्यान पुर्याएनौं भने के होला यो देशको अवस्था? आरजक भिड बनाएर हामी के गर्ने हो? यसलाई पनि सुधार्नु उपायबाट सच्याउनुपर्छ । माननीय शिक्षा मन्त्रीज्यू, हजुरकै बाटो बाटोबाट पनि धेरै स्कुल पढ्दै होला । हजुरकै आँखाअगाडि पनि पढ्दै होला । त्यसमा यही आर्थिक वर्षमा ठोस समाधान हुन्छ भन्ने हामी आशा राख्या छौं । सँगै हामीले व्यवस्थापन गर्दा कति चाहिँ छुट भएको हुनुपर्छ कि अब किसानको खेतीको बेला आइसक्या छ । बजेटमा सुनिश्चितता त भएछ । यी सुनिश्चितताअनुसार हामी किसानलाई मल खाद समयमा उपलब्ध होस् भनेर त्यतातिर पनि म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । बजेटले सुनिश्चितता गर्या छ तर कार्य क्रममा जाँदा जाँदै किसानले धान रोपिसकेपछि मल आउने अवस्था चैं नसिर्जना होस् । त्यसको लागि सरकारले बेलादेखि नै सजक रहनुपर्छ । सजकताका शब्द मैले व्यवहारमा ल्याएको छु ।

निश्चित रूपमा हाम्रो तराईमा मैले उठाउँदै आएका कुराहरू अलिकति भ्रमित पनि भए कि चुरे खनन् गरेर यिनीहरू बेच्नलाई चुरे खनन् गरेर होइन, सरकारको नीतिमा चुरेबाट बगेर आएका नदीजन पदार्थहरू उठाइएन भने अब यो खहरे खोलाहरू हाम्रो कृषि उपयोगी जमिनलाई

त ३० पर्सेन्टजति खाइ नै सक्या छ । बाद बाँकी पनि खाएर जान्छ । त्यसैले सरकारले राम्रो काम गर्या छ, यस पक्षमा । उत्खननतिर लाग्या छ । यसलाई मैले धन्यवाद दिन चाहन्छु ।

साथै सरकारले चुरेसँग जोड्दा जोड्दै हामी चुरे क्षेत्रका वासी पनि हौं । खानेपानीको साह्रै अभाव भइसक्या छ । त्यहाँ १७ फिट, १८ फिटमा tubewell लाएको थियो । आज १०० फिट बोरिङ गर्दा पनि पानी आउन अवस्था छुटिसक्या छ । नारा त हामी बडा मिठो दियौं । चुरेको माटो चुरेलाई, चुरेको जल सबैलाई । खोइ कता गयो त? यतातिर पनि सरकारको ध्यान जानुपर्छ । चुरेमा हामी केही गर्या छैनौं भनी म भन्दिनँ । गर्या छु, प्रयास गर्या छु । तर के प्रयासले चुरेको रिजर्भयरहरू फेरि पुनः काम गर्छ । त्यतातिर पनि ध्यान दिनुपर्छ ।

अब सातै प्रदेशलाई हेर्दाखेरि त मधेस प्रदेश त भन्दाखेरि अलि यो बजेटमा अलि उपेक्षित भएजस्तो लाग्छ । त्यसैकारणले यो उपेक्षाको दृषिलाई नहेर्दिऊँ । मधेस प्रदेश पनि यसै भूगोलको प्रदेश हो । यसलाई चैं ध्यान राखेर बिचार गर्दिनुहुन्छ भन्ने मैले आशा राख्या छु भन्दै अब बत्ती पनि बली नै सक्या छ । अनुशासन पनि मान्नैपर्छ । लास्टको त्यतिकै आफ्नो भनाइ जिष्टमा मैले राखें । म यति आशा राख्दै जाँदै छु । निश्चित नै सरकार यो ध्यान पुर्याउँला । हामी सरकारको साथमा त छँदै छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय खिमलाल देवकोटा । समय ७ मिनेट । त्यसपछि माननीय बामदेव गौतम ।

(१४:२६ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, विषय प्रवेश गर्नुभन्दा पहिला अघि भर्खरै सम्मानीय प्रधानमन्त्रीज्यूले प्रतिनिधि सभाको तुलनामा राष्ट्रिय सभा चाहिँ अलिकति सव्य र शिष्ट रहेछ भन्नुभयो । मलाई खुसी पनि लाग्यो । मैले सम्माननीय अध्यक्षजयूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूमा मेरो अनुरोध छ । प्रतिनिधि सभा धेरै ठुलो भयो । त्यो सङ्ख्याले पनि अलिकति व्यवस्थापन गर्न अलि गाह्रो भा' छ । त्यो प्रतिनिधि सभाको दुई सय पचहत्तरलाई घटाएर एक सय पैंसट्ठीमा मात्रै सीमित गर्ने गरेर तुरुन्त संविधान संशोधनको विधि चाहिँ अगाडी बढाइयोस् ।

सम्माननीय अध्यक्ष महोदय, अब यो बजेटमा म चाहिँ विशेष गरी अब यो प्रदेश र स्थानीयको नजरमा बजेटलाई अलिकति मैले हेरेको छु । तर अलिकति म यसलाई जुन उत्साह,

जुन उमङ्ग, जुन जाँगर हुनुपर्ने हो त्यो चाहिँ मैले पाइन । व्यक्तिगत रूपमा सङ्घीयताको नजरमा प्रदेश र स्थानीयको दृष्टिले हेर्दाखेरि बजेट प्रति मेरो त्यति उत्साह जाँगर छैन । मुलत: तीनओटा कुराहरू । सबभन्दा पहिलो, प्रदेश र स्थानीय तहले पाउनुपर्ने अनुदान घटाइएको छ । दोस्रो, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम जुन हामीले चिहानघाटमा पुऱ्याइसकेका थियौं । त्यसलाई ब्युँताइएको छ । तेस्रो, बजेटको अनुसूची यहाँहरूले हेर्नुभयो भने मन्त्रालयको विनियोजन त्यो बेलामा हामी छलफल पनि गरौंला । मन्त्रालयको विनियोजन हेर्दाखेरि हरेक अधिकांश मन्त्रालय लगभग दुइतिहाइभन्दा बढी मन्त्रालयहरूको बजेट एकदमै केन्द्रिकृत छ । त्यसकारण केन्द्रिकृत सोंच र मानसिकताबाट बजेट बनेको छ । केही त केही त बोल्नुपऱ्यो ।

अब मैले अलि बजेटमा प्रवेश गर्दाखेरि अब सम्माननीय अध्यक्ष महोदय, हामी कहाँ राष्ट्रपति, प्रधानमन्त्रीसँग जोडेर विभिन्न खालका परियोजनाहरू, विभिन्न खालका कार्यक्रमहरू हामीले बनाउने गरेका छौं । मेरो बुझाइ के हो भने यो महालेखापरीक्षकको कार्यालयलगायत अरू संवैधानिक निकायका कार्यालयहरूले पनि यो बोलेका छन् । लेखेका छन् । विशेष गरी अधिकांश मन्त्रालयमा चाहिँ त्यो प्रधानमन्त्रीसँग नाम जोडिउन् चाहे त्यो राष्ट्रपतिसँग नाम जोडिउन् वा अन्य विभिन्न नामका विभिन्न परियोजनाहरू छन् । विभिन्न कार्यक्रमहरू छन् । ती विभिन्न परियोजना र कार्यक्रमले तल प्रदेश र स्थानीय तहमा जाने जुन अनुदानलाई रोकेको छ । छेकेको छ । ती सबै केन्द्रिकृत छन् । त्यसकारण यो केन्द्रमा बजेट थुपार्ने अनि स्थानीय र प्रदेशमा जाने जुन वित्तीय हस्तान्तरण कटौती गर्ने जुन प्रयास भइरहेको छ । यसको चाहिँ भर्त्सना गर्नुपर्छ । म यसको भर्त्सना गर्छु ।

सम्माननीय अध्यक्ष महोदय, यो अघि मैले भनिसके यो निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलगायत केही सङ्घीयता विरोधी कार्यक्रमहरू छन् । ती कार्यक्रमले बजेटका केही राम्रा पक्षलाई एकदम कुरूप बनाएको छ । केही न केही राम्रो कुराहरू पनि छन् । मैले राम्रा एक दुइटा केही कुराहरू पनि यहाँ मैले गर्छु । संघीयताको भावना विपरितका केही संस्थाहरू खारेजी र गाभिएका छन् । यो विषयमा पछि हामी बहस पनि गरौंला । सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन लागू गर्ने, सार्वजनिक प्रशासनको संरचना र दरवन्दीको पुनरावलोकन गरी छरितो बनाउने, प्रदेशमा प्रहरी समायोजन गर्ने, अन्तर प्रदेश परिषद्लगायत अन्तरतहसमन्वयकारी संस्थाहरूलाई क्रियाशील गर्ने भन्ने कुराहरू राम्रा छन् । यसै गरी रु.२५ लाख सम्मका बैकल्पिक सहायक राजमार्ग तर्फका कार्यक्रम प्रदेश र सघन सहरी विकासतर्फका कार्यक्रम स्थानीय तहबाट कार्यान्वयन गर्ने भन्ने पक्ष पनि राम्रो छ । तर रकमको सीमा सम्बन्धमा मेरो विमती छ । तर यसको कार्यान्वयनमा पनि मेरो शंका छ । अघिल्लो पटक पनि बजेटमा यस्तै

कार्यक्रमहरू राखियो हामीले यहाँ पास पनि गऱ्यौं । स्वीकृति पनि गऱ्यौं । तल पठाइयो फेरि क्याविनेटबाट खोसेर ल्याइयो । त्यो काम नहोस् । त्यो गर्ने हो भने नराख्नुहोस् । फिर्ता लिनुहोस् ।

यो खारेज गर्ने जुन निकायहरू छन् । अहिले विभागकै सङ्ख्याको कुरा गर्ने हो भने पाँच दर्जन छन् । आधाभन्दा बढी विभागको काम नै छैन । यहाँ महिला विभाग खारेज गरिएको छ । यहाँ प्रसङ्ग कुरो निस्किसक्यो । अब सारा महिलावादीहरूले महिला विभाग खारेजको कुराहरू प्रसङ्ग निकाल्नुहुन्छ । अनि कम्तिमा यो डिमान्ड साइटबाट आयनुपऱ्यो के सरकारले चाहिँ विषयगत मन्त्रालयबाट कुन कुन निकायहरू खारेज गर्ने भनेर त्यताबाट आउनुपऱ्यो । यो मैले बुझेको चाहिँ अर्थमन्त्रालयले आफ्नै तरिकाले खारेज गर्ने भन्ने कुरा राखेको छ । यो गलत छ । यसले चाहिँ यो खारेजी प्रक्रियालाई चाहिँ झन् यसले चाहिँ अफठ्यारो पार्छ भन्ने मेरो बुझाइ हो ।

सम्माननीय अध्यक्ष महोदय, अलिकति म वित्तीय हस्तान्तरणको कुरा अलिकति मैले बढी बोल्नै पर्ने हुन्छ । किन भने मेरो विषय पनि यो हो । र सभाअध्यक्षज्यू २०६७ सालमा स्थानीय विकास मन्त्री हुँदाखेरि म त्यहाँ बसेको पनि थिए । त्यहाँ काम गरेको पनि थिए । करिब करिब मेरो यही हातले १० वर्ष जति मैले तत्कालीन स्थानीय निकायको वित्तीय हस्तान्तरण गरेको छु । मेरो आफ्नो विषय पनि हो । अलिकति मैले यो सैद्धान्तिक कुरा पनि जोड्छु । जस्तो नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई न्यायोचित राजश्व बाँडफाँड गर्नुपर्ने, खर्चको आवश्यकता र राजस्वको क्षमताका आधारमा वित्तीय हस्तान्तरण गर्नुपर्नेलगायतका विषयहरू संविधानको धारा ६० मा छ । तर आर्थिक वर्ष २०८०/०८१ को बजेट मात्र हैन । २०७४ पछिका कुनै पनि बजेटले संविधानलाई चिनेन्, बुझेनन् । मैले यो रोष्ट्रमबाट पटक पटक भनेको पनि छु । कामलाई दामले अर्थात् खर्चलाई राजस्वले पछ्याउनुपर्दछ भन्ने यो सर्वस्वीकार्य सिद्धान्त पनि हो । र यो हाम्रो संविधानले स्वीकार पनि गरेको छ । यसलाई Finance follows the functions पनि भनिन्छ ।

यो प्रधानमन्त्री कार्यालयको एउटा अध्ययन प्रतिवेदन छ सम्माननीय अध्यक्ष महोदय । त्यो प्रतिवेदनले के भन्छ भने साविकमा नेपाल सरकारले गर्ने कामहरूको ६० प्रतिशतभन्दा बढी कामको भार, खर्च जिम्मेवारी सबै तल प्रदेश र स्थानीय तहमा झरेको छ । नम्बर एक । तर ८५ प्रतिशतभन्दा बढी राजस्व अधिकार केन्द्रमा छ भनेको छ । जब ८५ प्रतिशत राजस्व अधिकार केन्द्रमा भइ सकेपछि यसलाई हस्तान्तरण गर्ने भनेको त वित्तीय हस्तान्तरण हो । वित्तीय हस्तान्तरणले व्याक अप गर्ने त संविधानमै लेखेको छ । संविधानको धारामै लेखेको

छ । ६० मै लेखेको छ । त्यहाँ संविधानले के भन्छ भने तैले वित्तीय हस्तान्तरण गर्दा पनि समानीकरण मात्रै गर है । अरू त्यो सशर्तलगायतको अरू नगर भनेर त्यसैमा जोड दिऊँ भनेर संविधानले लेखेको छ । तर यहाँ भइदियो के भने सबै यो समानीकरण अनुदानलगायतमा कटौती गरिएको छ । र सङ्घीय सरकारले आफुलाई चाहिँ यो मालिक, दाता सम्झिने र प्रदेश र स्थानीय तहलाई सेवक भिखारी ठान्ने जुन प्रवृत्ति छ । यो प्रवृत्ति यो बजेटमा मात्रै होइन सम्माननीय अध्यक्ष महोदय, २०७४ पछिका सबै बजेटमा छ यो कुराहरू । त्यसकारण हाम्रा अहिलेसम्मका जुन बजेट बन्यो । अर्थमन्त्रीहरूले बजेट बनाउनुभो' कसैले पनि यो संविधानलाई राम्रोसँग बोलेनन्, जानेनन् । वित्तीय सङ्घीयता राम्रोसँग बुझेनन्, जानेनन् । वित्तीय हस्तान्तरणको सामान्य Basic Fundamental priciple को बारेमा पनि उहाँहरूले बुझ्नुभएन जस्तो मलाई लाग्छ । त्यसकारण यो पाटोमा अलिकति गम्भीर हुन जरुरी छ । र फेरि सशर्त अनुदान भनेको के हो भने अरूले बोकाएको भारी बोकाएर तल मैले यो अनुदान, यो कार्यक्रम तैले गरै भनेर तल तोकेर पठाउने त्यो भनेको अरूको कार्यक्रम हो । यो भारी तल बोकाइएको छ । यो गर्न मिल्दैन ।

अब निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका बारेमा त सबै माननीयज्यूले भनि पनि सक्नुभा'को यो मसानघाटमा पठाइसकिएको यसलाई ब्युझाइएको छ । हाम्रो माननीयज्यूहरूलाई ठेक्कापट्टामा पनि संलग्न गराउने जुन क्रियाकलाप भा' छ । यो भर्त्सना योग्य छ । मलाई त चिन्ता के लागेको छ भने यो कार्यक्रम ब्युताउन सत्ता पक्ष मात्रै होइन विपक्षी पनि लाग्यो रे भन्ने कुराहरू मैले चाहिँ अर्थमन्त्रालयको केही पदाधिकारीहरूबाट पाएँ । यो गम्भीर आपतिजनक छ सम्माननीय अध्यक्ष महोदय । र हाम्रो समग्र प्लानिङ्ग ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय बामदेव गौतम । समय ७ मिनेट । त्यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१४:३४ बजे) **माननीय श्री बामदेव गौतम (मनोनीत)**ः- सम्माननीय अध्यक्षज्यू, संघीय संसदका दुवै सदनका संयुक्त बैठकमा यही महिना १५ गते अर्थमन्त्री माननीय प्रकाशशरण महतले करिब ४ घण्टा पढ्दै नेपाल सरकारको आर्थिक वर्ष ०८०/०८१ को बजेट प्रस्तुत गर्नुभयो । घण्टौं लगाएर प्रस्तुत गर्नुभएको बजेट वक्तव्य मैले सिङ्गो दिन लगाएर अध्ययन गर्न सकें । मैले यो बजेटलाई आलोचनात्मक दृष्टिकोणको आधारमा समर्थन गर्दै विभिन्न सुझावहरूसहित आफ्नो विचार प्रस्तुत गर्न गइरहेको छु ।

धेरै विद्वान्हरू, राष्ट्र सेवक कर्मचारीहरूसमेतको सहयोगले मेहेनत गरेर तयार गर्नुभएको ९१ पेजको नीति तथा कार्यक्रम र ४४ त्यसको अनुसूची समावेश बजेट वक्तव्यलाई एकसरह पढ्नका निम्ति पनि घण्टौं लाग्नु स्वभाविकै हो । कुनै पनि बजेटमा उल्लेख हुनुपर्ने सबै विषयहरू यो बजेटमा पनि छुटेको जस्तो लाग्दैन । आफ्नो बुद्धि विवेकले भ्याएसम्म कुनै कसर नराखी समृद्ध भाषामा उल्लेख भएको यो बजेटमा नराम्रो भन्न पर्ने केही भेटाउन सकिएन । तर आम्दानी खर्चसहितको यो दस्ताबेजको महत्त्व त्यसबेला उजागर हुने छ जब १ वर्षपछि कार्यान्वयन भएको देख्न सकिने छ । बजेटमा उल्लेख भएका सबै कार्यक्रमहरू आगामी ५ वर्षमा पनि पूरा हुन सक्ने अवस्था मैले देख्दिनँ । तर पनि जे जति कार्यान्वयन हुने छन्, ती नेपाली जनताकै पक्षमा रहने छन् भन्ने मलाई लागेको छ । बजेट वक्तव्य ६ ओटा उद्देश्यहरू, १० वटा प्राथमिकताहरू, ३८२ कार्यक्रम तथा अनेकौं नीतिहरूले भरिभराउ रहेका छन् ।

(१४:३६ बजे) **पुनःपीठासीन**:- माननीय श्री जयन्ती देवी राई ।

**माननीय श्री बामदेव गौतम (मनोनीत)**:- आगामी आर्थिक वर्षका निम्ति कूल रु. १७ खर्ब ५१ अर्ब ३१ करोड खर्च अनुमान गरिएको छ । त्यसबाट चालु खर्च रु. ११ खर्ब ४१ अर्ब ७८ करोड अर्थात् कूल बजेटको ६५ दशमलब २० प्रतिशत विनियोजन भएको छ । त्यसै गरी पुँजीगत अर्थात् विकास निर्माणतर्फ रु. ३ खर्ब २ अर्ब ७ करोड अर्थात् १७ दशमलब २५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ अर्थात् किस्ता र ब्याज आदि तिर्न रु. ३ खर्ब ७ अर्ब ४५ करोड अर्थात् १७ दशमलब ५५ प्रतिशत विनियोजन गरिएको छ । कूल बजेटको सबभन्दा ठुलो हिस्सा राज्य सञ्चालनमा रहेका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकसित सम्बन्धित राष्ट्र सेवकहरूको तलब भत्ता आदिमा खर्च देखाइएको छ । जुन यथार्थ सत्य हो । यसमा घटाउन सकिन्न । क्षमता हुँदा बढाउने हो । वित्तीय व्यवस्थापनमा पनि घटाउन सकिन्न । बजेटमा स्रोत व्यवस्थापनका लागि राजस्वबाट १२ खर्ब ४८ अर्ब ६२ करोड वैदेशिक अनुदानबाट ४९ अर्ब ९४ करोडको अनुमान गरिएको छ । यसो गर्दा ४ खर्ब ५२ अर्ब ७५ करोड नपुग देखिन्छ । त्यसलाई पूर्ति गर्न वैदेशिक ऋण २ खर्ब १२ अर्ब ७५ करोड प्राप्त हुने अनुमान गरिएको छ । त्यसबाट पनि नपुग २ खर्ब ४० अर्ब आन्तरिक ऋण उठाउने अनुमान गरिएको छ ।

आजअगाडिका बजेटहरूले यसपटकको जस्तै घाटा बजेट प्रस्तुत गरेका थिए । अधिकांश बजेटहरूले अनुमान गरेका वैदेशिक सहायता, वैदेशिक ऋण तथा आन्तरिक ऋण कहिले पनि

पूर्ण रूपले प्राप्त भएका छैनन् । तर चालु खर्च जसरी पनि पूरा गर्नैपर्छ र जसका निम्ति पुँजीगत खर्च घटाउनुको विकल्प देखिन्न । आजअगाडि बजेट ल्याउँदा सुन्नेहरू सबै खुसी हुने, आर्थिक वर्ष सकिँदा जनता सबै निराश हुने अवस्था सिर्जना हुने गरेको छ । यसपटकको बजेटले पनि १ वर्षपछि यसै नेपाली जनतालाई निराश तुल्याउनेभन्दा अरू केही गर्ने छैन । यस्तो अवस्थामा आगामी १ वर्षभित्र खर्च नगरे पनि हुने काम चल्न सक्नेजस्ता पक्षहरूमा बजेट विनियोजन गर्न हुन्न थियो । त्यसो गरेर लोकप्रियता हासिल हुन्छ कि भन्ने ठानेर होला एकदमै जोडबल लगाएर अनेकौं शीर्षक राखेर तथा हरेक कार्यक्रमका सार व्यक्त हुने गरी सिङ्गारिएका नाराहरू पनि प्रस्तुत गरिएको छ । बजेट वक्तव्यमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा सोही किसिमले गरिएको छ । समग्र आर्थिक सूचाङ्कहरू नकारात्मक रहेका छन् । चालु आर्थिक वर्षको अन्त्यतिर अर्थात् २, ३ महिनाभित्रै केही सूचाङ्कहरू सकारात्मक देखिएको उल्लेख गरिएको छ ।

अहिले वास्तवमा बुद्धि पुर्‍याउन नसक्ने हो भने आगामी आर्थिक वर्ष विगतको भन्दा धेरै अप्ठ्यारोमा पर्ने अनुमान गर्न सकिन्छ । बजेटमा राम्रा राम्रा कार्यक्रमहरू छन् । नराम्रा कसैले भन्न सक्दैन । उद्देश्यहरू आदर्शवादी छन् । तिनलाई इन्कार गर्न कसैले सक्दैन । प्राथमिकताहरू १० वटा छन् । तर कार्यान्वयन गर्न सकिने अवस्था एउटाको पनि छैन । साँच्चै इमान्दारीसाथ भन्ने हो भने कृषि उत्पादनको व्यवसायीकरण र औद्योगीकरण आजको प्राथमिकतामा पर्नुपर्छ । त्यसको लागि ठुलो मात्रामा विद्युतीय उर्जाको आवश्यकता पर्छ । हामीसँग कृषि उत्पादनको क्षेत्र करिब २६ लाख हेक्टर रहेको छ । यदि यसलाई प्राथमिकतामा राखेर अगाडि बढाउने हो भने प्रतिवर्ष काम गर्न उमेर पुगेका १० लाख युवाहरूले रोजगारी प्राप्त गर्ने छन् । यसलाई आगामी ५ आर्थिक वर्षसम्म जारी राख्न पर्ने हुन्छ । यो क्षेत्रलाई हरेक वर्ष १ नम्बरको प्राथमिकता राख्दै जान सकियो भने ३० लाखभन्दा धेरै व्यक्तिहरूले रोजगारी प्राप्त गर्न सक्ने छन् । कृषिको व्यवसायीकरण र औद्योगीकरणको सहउत्पादनका रूपमा औद्योगीकरण, यातायात पूर्वाधार निर्माण, सहरीकरणसहित चौतर्फी विकासको अवस्था सिर्जना हुने छ । अर्को ५ वर्ष पनि यसलाई प्राथमिकतामा राखेर अगाडि बढाउँदा रोजगारीका निम्ति विदेशमा रहेका सबै नेपाली नागरिकले देशभित्रै रोजगारी प्राप्त गर्ने अवस्था सिर्जना हुने छ । प्रतिव्यक्ति आम्दानी अमेरिकी डलरमा ५, १० हजार पुग्न सक्ने अवस्था सिर्जना हुने छ । तर बजेटले न कृषि क्षेत्रमा रहेका जनताको दयनीय अवस्था देख्न सकेको छ, न राष्ट्रिय बजारको संरक्षण गर्न सकेको छ, न त अन्तर्राष्ट्रिय बजारको सुनिश्चितता गर्न सकेको छ । अहिलेसम्म

चलनचल्ती जे छ, त्यही अवस्थामा बजेट हुलमुलिएको छ र कृषि उत्पादनको क्षेत्रमा आमूल परिवर्तन गर्नेतर्फ दृष्टि पुग्नै सकेको छैन ।

कृषि उत्पादनको व्यवसायीकरण र औद्योगीकरणको महत्त्व वर्तमान सरकारले बुझ्न सकिएको देखिएन । कृषि उत्पादनको विकासका निम्ति सरकारले जस्तोसुकै खतरा मोलेर पनि उत्पादन क्षेत्रको चक्लाबन्दी गर्नैपर्छ । उत्पादकत्व वृद्धि गर्नैपर्छ । २६ लाख हेक्टर कृषि भूमि अहिले कित्ताकाट भएर ४ करोड टुक्रामा विभाजित छ । यो कित्ताकाट ९९ प्रतिशत नेपाली जनतालाई सधैं गरिब बनाउने, १ प्रतिशत मुठी भरका व्यक्तिहरूलाई अकुत सम्पत्ति कमाउने संरचना बनेको छ । अहिले यो बजेटमा ४ करोड कित्तामा विभाजित कृषि भूमिलाई अरू तीव्रगतिमा, अरू धेरै टुक्रामा विभाजित गर्ने ज्यानमारा कित्ताकाटलाई तुरुन्त लागु गर्ने उल्लेख गरिएको छ । यसले मात्रै पनि के देखिन्छ भने वर्तमान सरकार आकाशपातालका कुरा धेरै गर्छ । कुरा जे पनि गर्छ र जनताको भलो हुने कामलाई प्राथमिकतामा राख्न दृष्टि दोषको कारणले असफल छ । कृषि तथा औद्योगिक उत्पादनका निम्ति विद्युत् उर्जा अतिआवश्यक छ । मैले आफ्नो लेखेर ल्याएको पनि घटाउनुपर्ने भो' । र मेरो विचारमा प्राथमितामा राख्न पर्ने ८ ओटा विषयहरू छन् । यो राख्नुपर्दछ भन्ने मलाई लाग्छ ।

१. आगामी वर्षभित्र खाद्यवस्तुमा आत्मनिर्भरता, कृषि भूमिको चक्लाबन्दी, कृषि उत्पादनको व्यवसायीकरण र औद्योगीकरण, राष्ट्रिय बजारको संरक्षण तथा आत्मनिर्भरता, सुनिश्चितभन्दा पहिले खाद्यवस्तु निर्यातमा रोकसाथै विदेशबाट सम्पूर्ण खाद्यवस्तु आयातमा प्रतिबन्ध ।

२. सडक दुर्घटनाको न्यूनीकरण । अहिले सडक दुर्घटनाबाट सबैभन्दा धेरै नेपाली नागरिकको ज्यान, नागरिकले ज्यान गुमाउनुपरेको अवस्था छ । यस्तो अवस्थामा तुरुन्तै दुर्घटना नहुने सुनश्चितताका लागि सडक मर्मत तथा सुधार, राजमार्ग प्रहरीको स्थापना र खतरायुक्त सडकमा हरेक २ किलोमिटरमा राजमार्ग प्रहरी पोस्ट स्थापना, राजमार्गमा हरेक ५ किलोमिटरमा सीसीटीभी जडान, ..... प्रतिबद्धताको पालना र मादक पर्दाथ सेवनमा कडाइका साथ प्रतिबन्ध लगाउने । (मैले २, ३ ओटालाई मात्रै भन्छु । यति चैं अनुरोध गर्छु ।) सीमा ..... (समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय भैरव सुन्दर श्रेष्ठ । समय १२ मिनेट । त्यसपछाडि माननीय भुवन वहादुर सुनार ।

(१४:४२ बजे) **<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, हामी आर्थिक वर्ष २०८०/०८१ का बजेटका सन्दर्भमाथि माननीय अर्थमन्त्रीज्यूले अस्ति संयुक्त सदनमा जे कुरा राख्नु चाहिँ भयो । त्यसको सन्दर्भमाथि हामी यो सदनमाथि छलफल गरिरहेका छौं । धेरै माननीयज्यूहरूले आफ्नो कुराहरू राखिसक्नुभ'को छ । र मैले पनि केही कुराहरू सङ्क्षिपमा समय १२ मिनेट मात्रै छ । म राख्न गैरहेको छु ।

वास्तवमा यो बजेट करिब ४९६ बुँदाहरूमा लेखिए पनि बजेट सरसर्ती हेर्दा यो कस्तो देखिन्छ भने यसको उद्देश्य के हो? गन्तव्य कहाँ जाने हो? यी यावत कुराहरूलाई यो बजेटले पछ्याको जस्तो चाहिँ देखिँदैन । यो बजेट यस्तो किन भयो? सायद अब मलाई लाग्छ । धेरै पार्टीहरूको सहभागितामा बनेको सरकार भ'को कारणले गठबन्धनकै सरकार भ'को कारणले जसलाई हामी खिचडी भन्छौं । यसले एउटा आधार के हो त? त्यसका सैद्धान्तिक आधारहरू के हुन् त भन्ने कुरो पछ्याउन नसकेको जस्तो यो बजेट कता कता अल्मलिएजस्तो । अघि माननीयज्यूहरूले भनिसक्नुभ'को छ । ६ ओटा उद्देश्य भनेका चाहिँ छन् । १० ओटा प्राथमिकता राखिएको छ । र ३३२ ओटा कार्यक्रमहरू राखिएका छन् र अनगन्ती ती कार्यक्रमहरूलाई पूरा गर्नका निम्ति बजेटको हामीसँग छैन । केवल इच्छा जाहेर गरिएको चाहिँ छ र बजेट त्यसमा सुनिश्चितता गरिएको छैन ।

र अर्को कुरोः यो बजेट आगामी वर्षको १७ खर्ब ५१ अर्ब ३१ करोड छ । तर त्यो बजेटको लक्ष्य पूरा गर्न यो सरकार सक्छ या सक्दैन । त्यसको निम्ति बजेट भन्नेबित्तिकै अघिल्लो आर्थिक वर्ष ०७८/०७९ मा हामीले यथार्थ कति चाहिँ खर्च भो' चालु आर्थिक वर्ष ०७९/०८० मा ती संशोधितअनुमान कति भो' त्यसका आधारले आगामी वर्षको बजेट प्रस्तावित गर्नुपर्थ्यो तर हामी देखिरहेका छौं कि बजेट यो अन्यन्तै बजेट ल्याउनका लागि ल्याइएको भए पनि हाम्रो अर्थमन्त्रीज्यूले अस्ति भन्नुभ'को छ । मसँग जम्मा दुई महिना समय चाहिँ थियो भनेर भन्नुभा' थियो । वास्तवमा उहाँको यो व्यक्तिगत कुरा हो या होइन । राज्यको कुरा हो सरकार कहिले पनि म २ महिना म ३ महिना म ४ महिना भन्ने चाहिँ ठाउँ हुँदैन । सरकार भनेको अविछिन्न उत्तराधिकारवाला स्वशासित भन्छौं हामी । त्यस्तो भ'को कारणले गर्दाखेरि वहाँले त्यो भनेर उम्किन पाउनुहुँदैन । र यो बजेटले जे कुराको हामीले आशा गरेका थियौं । ती कुराहरूलाई केही कुराहरू यो बजेटभित्र अब कार्यान्वयनको तहमा पुग्दाखेरि बजेट कति कार्यान्वयन हुने हो । केही कुरा राम्रा भए पनि अधिकांश कुराहरू एउटा जनतालाई अल्मल्याउने र आर्थिक वर्षको अन्त अन्त तेस्रो चौमासिक सुरु भए पछि फेरि पनि बजेट कार्यान्वयन नहुने खालका ती थुप्रै कुराहरू ३३२ ओटा कार्यक्रमहरू छन् । जुन कार्यक्रम

सम्पन्न गर्नको निम्ति मैले अस्ति पनि नीति र कार्यक्रम हुँदाखेरि आफ्नो कुराहरू राख्ने प्रसङ्गमा भनेको थिएँ । यसलाई ५० खर्बको बजेट भए पनि यो बजेट यो आउँदो बजेट पूरा नहुने कुरो अहिलेको यो बजेटले जुन कुरा प्रस्तावित ३३२ ओटा कार्यक्रमहरू राखेको छ । त्यसले पनि प्रष्ट पार्छ ।

भन्न त हामी वास्तवमा हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा छौं । योभन्दा राम्रो व्यवस्था उत्कृष्ट व्यवस्था केही पनि हुन सक्दैन । नीति र कार्यक्रमको सन्दर्भमा प्रधानमन्त्रीज्यूले यही मञ्चबाट के भन्नुभ'को थियो भन्दा हामी समाजवाद उन्मुख चाहिँ छौं । संविधानले पनि त्यो कुरा भनेको छ । हामी सामाजिक न्यायका निम्ति आर्थिक सामाजिक रूपान्तरण गर्दै हामी त्यो दिशामा अग्रसर हुन्छौं र अहिलेको बजेट त्यसतर्फ उन्मुख छ भन्ने कुरा भन्नुभ'को थियो तर यो बजेटको एउटा पनि ठाउँमा समाजवादको ससम्म उल्लेख भ'को छैन । यसले गर्दाखेरि भन्ने एउटा गर्ने अर्कै खालको यो कसले बजेट बनाउँछ । कसले त्यो लिपिबद्ध गर्दिन्छ । यसैले देशको प्रधानमन्त्रीले बोलेका कुराहरू पनि यो बजेट भित्र समावेश गरिएन । त्यसप्रति हामी दुःखी छौं । वास्तवमा हामी कतातिर यो देश उन्मुख भैरहेको छ? कसका निम्ति यो बजेट बनेको छ? यसले मिहिन् ढङ्गले ती ग्रामीण तहमा बसेका जनताको निम्ति यो बजेट लक्षित गरिएको छ वा छैन भन्ने कुरा हेर्दाखेरि ती वास्तवमा जनताहरूले ती कुराहरू अपेक्षा गरेका कुराहरू पाउने सम्भावना हामी कहीँ पनि देख्दैनौं । जस्तो यो बजेटमाथि बजेटमा भनिएको थियो । थुप्रै कुराहरू मैले यो बुँदा वाइजमा म जान चाहन्नँ तर पनि ती केही कुराहरूलाई म चाहिँ अघि माननीयज्यूले आफ्ना कुरा राख्ने प्रसङ्गमा भन्नु भा'को छ । बजेट अत्यन्तै राम्रो छ भनेर हामी तथ्यमा आधारित भएर हामीले चालु आर्थिक वर्षमाथि के खालका कुराहरू हामीले अघि सारेका थियौं । ती अघि सारेका कुराहरू कति पूरा भए त? मुख्य कुरो के हो भन्दाखेरि हामीले यो चालु आर्थिक वर्षमध्ये हामीले सबै सूचकाङ्कहरू वास्तवमा नकारात्मक छन् । ती सूचकाङ्कहरू नकारात्मक हुँदाहुँदै पनि अब कि त यो दिउँसै रात परिसक्यो भन्नुपर्यो । होइन भने तथ्यमा आधारित बोल्ने हो भने ती कुनै पनि सूचकाङ्कहरूले सूचनाहरूले बजेट राम्रो भयो । बजेट राम्रोसँग अगाडि ग'को छ भन्ने कुरो यही पनि तथ्यगत ढङ्गले देखिएको छैन । जस्तो चालु पुँजीगत खर्च हामी ३ खर्ब ८० अर्ब खर्च गर्ने लक्ष्य राखेका थियौं । त्यसमध्ये अहिलेसम्म जम्मा ३७ पर्सेन्ट मात्रै बजेट खर्च भ'को छ । त्यसको हुन आउने भनेको रकम भनेको १ खर्बभन्दा ४० अर्बभन्दा बढी खर्च भ'को चाहिँ छैन । अब यो अहिलेको चालु ..... बजेट एकातिर यस्ता छ भने पुँजीगततर्फ यस्ता छ भने काम गरेर सम्पन्न भएका आयोजनाहरूलाई ८० अर्बको यो असार मसान्तसम्म ती काम गरेका ठेकेदारहरूलाई

भुक्तानी दिनुपर्ने छ र आज ठेकेदारहरू भुक्तानी नपाएर एउटा बेहाल भएको अवस्थामा छ । राजस्व हामीले कति आकँलन गरेका थियौं भने १२ खर्ब ४० अर्ब रुपियाँ हामीले लक्ष्य गरेका थियौं । यसमध्येमा राजस्व अहिलेसम्म यो वैशाख जेठको १५ गतेसम्म उठेको राजस्व भनेको कुल ७ खर्ब ५० अर्ब मात्रै चाहिँ उठेको छ । अनि हामी संशोधित अनुमानमा कहाँ जान्छौंभन्दा ११ खर्ब ८० अर्ब भनेर करिब करिब १२ अर्बको संशोधितअनुमान राख्छौं । वास्तवमा त्यो उठ्नेवाला छैन । र अब हामीसँग राजस्व उठाउने दिन भनेको ३५/३६ दिनबाहेक हामीसँग छैनन् । प्रत्येक दिन हामीले ५ अर्ब राजस्व उठायौं भने पनि १० अर्बको राजस्वसम्म हामी पुग्न सक्दैनौं यसले गर्दाखेरि राजस्वमाथि करिब ३ सय अर्ब राजस्व अनुमानमा हाम्रो चाहिँ कमी आउने भयो । त्यसको असर कहाँ पर्छ त भन्दाखेरि फेरि आन्तरिक ऋणमा व्यय भार बढ्छ ।

र अर्कोतिर वैदेशिक अनुदानमाथि हामीले ५० अर्बको आशा गरेका थियौं । अहिलेसम्म जेठको यो अस्ति १५ गतेसम्म जम्मा ४ अर्ब मात्रै वैदेशिक अनुदान हामीकहाँ आयो । हामीले ऋण माग्दाखेरि ऋणमा हामीले कति भनेका छौं भन्दा २ खर्ब ४२ अर्ब चाहिँ हामीले ऋणको अपेक्षा गरेका थियौं । अहिलेसम्म जेठ १५ गतेसम्म जम्मा कति आयो भन्दाखेरि ४५ अर्ब मात्रै राजस्व आ'को छ । यसरी करिब करिब यसलाई मैले २५० अर्ब रुपियाँ वैदेशिक अनुदान र ऋण नआउने निश्चित भैसक्यो । यसले गर्दाखेरि राजस्व करिब २५० देखि ३०० अर्ब रुपियाँ हामीसँग कम हुने र वैदेशिक अनुदानमा ऋण पनि त्यसै गरी ढाइ सय अर्ब रुपियाँ चाहिने हामीसँग कम हुने भए पनि करिब साढे पाँच सय अर्ब अर्थात् ५ खर्ब ५० अर्ब रुपियाँ अब व्यय भार कहाँ जाने भयो भन्दा फेरि आन्तरिक ऋणमाथि जब कि आन्तरिक ऋण अहिले कति २१ खर्ब रुपियाँभन्दा बढी आन्तरिक ऋण छ । त्यो ऋण अबको साउनमा २६ खर्ब साढे २६ खर्बको ऋण हुन्छ । जसले गर्दाखेरि त्यो आन्तरिक ऋणलाई र बाह्य ऋणलाई हामीले अनिवार्य रूपमा तिर्नुपर्ने हुन्छ । त्यो अहिले करिब करिब कति लक्ष्य गरिएको छ भन्दा यो अनिवार्य सर्त हो यो । १ खर्ब ४० अर्ब रुपियाँ हामीले बुझाउनुपर्छ । आगामी आ. व. मा गैसकेपछि हामीले त्यो ठ्याक्कै यसको डबल २ सय अर्ब जति हामीले त्यो आन्तरिक ऋण र बाह्य ऋणको सावाँ र ब्याज बुझाउनुपर्ने अवस्था छ । यी कुराहरू तथ्यगत कुराहरू हुन् ।

र अर्कोतिर म भन्न चाहन्छु । हामी यो सरकारले यो चालुमा के भनेको थियो भन्दाखेरि उसले धेरै लक्ष्यहरू निर्धारण गरेको थियो कि निर्यात दोब्बर गर्ने चालुमा निर्यात दोब्बर गर्ने आयात २० पर्सेन्टले घटाउने पाँच वर्षमा व्यापारघाटालाई सन्तुलनमा ल्याउने, गरिबको रेखामुनि रहेका ८ लाख परिवारलाई उन्मुक्ति दिने अथवा त्यो रेखाबाट माथि लेरआउने र यस्तालगायतका

थुप्रै कुराहरू यसले परिलक्षित गरेको थियो । करिब ५ लाख चाहिँ युवाहरूलाई हामीले रोजगार दिन्छौँ भन्ने कुरा पनि राखेको थियो । आज ती सबै कुराहरू कहीं पनि पूरा भ'को हामीले देख्दैनौं र गजबको कुरो के छ भन्दाखेरि हामीले यो निर्यातलाई दोब्बर गर्ने भनेका छौं आज निर्यात झन् बढी बढेर आ'को निर्यात बढेर जानुपर्नेमा आयात चाहिँ दोब्बरभन्दा अझ बढी बढेर आ'को छ । यो अहिलेसम्मको देशको यो जेठको १५ गतेसम्मको हाम्रो । म राख्न चाहन्छु । (**सम्माननीय अध्यक्ष**ः- के भो' माननीयज्यू ।)

(माननीय मृगेन्द्र कुमार सिंह यादवले टेबुल ठोकेर, हात उठाएर केही कुरा राख्न खोज्नुभएको ।)

**माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल)**ः- सरकारी बेन्च एकदम खाली छ । त्यो खाली राखेर चाहिँ यो सदन चल्न सक्दैन ।

(प्रतिपक्षका माननीय सदस्यहरूले टेबुल ठोकेर सहमति जनाउनुभएको ।)

**माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- धन्यवाद । माननीयज्यू मैले अघि यो कुरा उठाउने पक्षमा थिएँ तर यही हो । यो समय मेरो गणना हुन्छ हुन्न मैले आफ्नो कुराहरूलाई राख्न चाहन्छु । यस्तै छ सरकार । (**सम्माननीय अध्यक्ष**ः- राख्नु न माननीयज्यू हामी मन्त्री ल्याउने कोसिस गर्छौं ।) यस्तै छ सरकारको यो (**सम्माननीय अध्यक्ष**ः- राख्नू माननीयज्यू राख्नू ।) आफ्नो लथालिङ्ग ताला । यो लथालिङ्ग देशको भताभुङ्ग ताला भन्छन् । सरकार कहाँ छ? के छ? भन्ने कुरा चाहिँ ।

सम्माननीय अध्यक्षज्यू, मैले सरकारको मन्त्री आइसकेपछि मात्रै आफ्नो कुराहरू म राखौंला । मैले आफ्नो कुरा अगाडि चाहिँ बढाउन चाहिनँ । (**सम्माननीय अध्यक्ष**ः- माननीयज्यू, समय पनि करिब करिब सकिन आँट्या छ । हुन्छ माननीयज्यू हस् ।) (मन्त्रीको उपस्थितिमा कुरा राख्ने हो कि? (**सम्माननीय अध्यक्ष**ः- अब समय चाहिँ सकिसक्या छ । सकौं २ मिनेट छ अब । अरू माननीयज्यूले राख्नुहुन्छ नि ।) (मैले आफ्नो कुरा अघि बढाएँ ।)

यो अस्ति चाहिँ यो चालु आर्थिक वर्षमा हामीले निर्यातलाई बढाउने भने पनि निर्यात बढाउन सकेनौं बरु के भो' त भन्दाखेरि । तरकारीमा मात्रै २८ अर्ब रुपियाँको तरकारी हामीले

आयात गरेछौं । त्यसै गरी फलफूलमा हामीले २७ अर्ब आयात चाहिँ गरेछौं । त्यस्तै गरी खाद्यान्नमा करिब ४७ अर्ब रुपियाँको हामीले आयात गरेका छौं । देशको हालत यो अवस्थामा छ । यसलगायत पनि अर्को यो एलपी ग्यासलगायत, डिजलहरू, पेट्रोलहरू करिब ३ सय अर्ब रुपियाँको हामी जेठ १५ गतेसम्म नेपालमा भित्रिएको छ । देशको हालत यो अवस्था छ । अनि सरकार के भनिरहेको छ भन्दाखेरि हामी राजस्व आगामी आर्थिक वर्षमा करिब करिब १७ खर्ब ५१ अर्ब ३१ करोड रुपियाँ बजेट राखिरहँदा १२ खर्ब ४८ अर्ब ६२ करोड राजस्व उठाउँछु भनेको छ । त्यो लक्ष्यअनुसार सरकार जाने छैन भन्ने कुराहरू म राख्न चाहन्छु ।

(सम्माननीय अध्यक्ष महोदय, मैले अघि मन्त्रीज्यूको आउने जाने यी कुराहरू राखिरहँदा मेरा केही समयहरू ग'को चाहिँ त्यसमा चाहिँ यो कति समय राख्न सक्नुहुन्छ । मैले अलिकति अनुरोध गर्न चाहन्छु ।) र यो सरकारले अहिले प्रस्तावित गरेको बजेटमा खर्च कटौती गरिने छ भन्ने कुराहरू राखेको थियो तर खर्च कटौती त भनियो शब्दमा तर के भन्दाखेरि गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रपति र उपराष्ट्रिय कार्यालयको बजेट बढेर आ'को छ । यसै गरी स्थानीय तह र प्रदेश सरकारको आउनुपर्ने जो अनुदान थियो त्यो घटेर प्रस्तावित गरेको छ । र यसै गरी यो बजेट सिलिङमा हेर्दाखेरि यो बजेटमा हेर्दाखेरि के देखिन्छ भन्दाखेरि यो डब्लूएचओ विश्व स्वास्थ्य सङ्गठनले के भनेको छ भन्दाखेरि कम्तीमा पनि बजेटको चाहिने टेन पर्सेन्ट छुट्याउनुपर्छ भन्ने कुरा भ'को छ । र करिब ६ वर्षदेखि यता कम बजेट चाहिँ स्वास्थ्यमा छुट्टिएको छ त्यो भनेको ४ पोइन्ट ८ प्रतिशत मात्रै चाहिँ हो त्यसले गर्दाखेरि सरकारले यसतर्फ पनि ध्यान दिन सकेन र अर्कोतिर के भन्दाखेरि केवल यसमा बजेट ८ अर्ब मात्रै छुट्टा'को छ र केपी ओली नेतृत्व सरकारको बेलामा ती ३ सय ९६ ओटा आधारभूत तहका भवनहरू बनाउनको निम्ति टेन्डर चाहिँ भ'को छ । त्यसको करिब १० अर्ब रुपियाँ भुक्तानी दिनुपर्ने भ'को छ । त्यो भुक्तानी अहिलेको सरकारले कहाँबाट दिन्छ?

सम्माननीय अध्यक्षज्यू, मैले एउटा कुरा भनेर म आफ्नो कुरा चाहिँ राख्न चाहन्छु । छुट्याउन चाहन्छु । र यो बजेटको २१६ नम्बर बुँदामा के लेखिएको थियो भन्दाखेरि सरकार कहाँ छ भन्ने कुरा म राख्न चाहन्छु । विश्व विद्यालयअघि पनि कुरा उठ्यो । विद्यालय विधेयक चाहिने नेपाल विद्यालय विधेयक सरकारले लेर आएर त्यो यसै हाउसमा पेस भएर हाम्रो कहाँ गएको छ भन्दाखेरि विधायन समितिमा गएर छलफल भ'को चाहिँ छ र त्यहाँबाट अब प्रतिवेदन दिएर फेरि पनि यो हाउसमा आउने सम्भावना छ । तर सरकारले २ सय चाहिँ १६ नम्बर बुँदामा के भन्छ भन्दाखेरि त्यससम्बन्धी कानुन तर्जुमा गरेर आगामी वर्षको कार्यक्रम राखेको

छ । तर्जुमा गर्नको निम्ति सरकारले यस्तो अनविज्ञ छ कि केही विश्व विद्यालय ..... (समय सकिएको) ।

**(१४:५६ बजे) सम्माननीय अध्यक्षः-** माननीयज्यूहरू, हामी अहिले १० मिनेटको लागि स्थगित गर्या छौं । मन्त्रीज्यू आइपुग्नुभो' भने सुरु गरिहाल्ने । यदि आउनुभएन भने १० मिनेट राखौंला हस् ।

आइसक्नुभो' मैले कन्टिन्यू लगें है ।

माननीय भुवन वहादुर सुनार । समय ८ मिनेट । त्यसपछाडि माननीय दिल कुमारी रावल थापा ।

**(१४:५७ बजे) माननीय श्री भुवन वहादुर सुनार (नेपाल कमन्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष ०८०/०८१ को बजेट वक्तव्यपछि राजस्व र व्ययको वार्षिक अनुमानित बजेटमाथि छलफल गर्ने क्रममा जुन बजेट आ'को छ । त्यो सैद्धान्तिक रूपले सकारात्मक छ । बजेटले कृषि उत्पादन रोजगारी प्रवर्धन र उद्योगलाई उच्च प्राथमिकतामा राखेको छ । जुन स्वागतयोग्य छ । तर हामीले कृषिलाई यति महत्त्व दिएका छौं त्यो सँगसँगै मलका कुरा सिँचाइको कुरा, किसानलाई वैज्ञानिक भूमि व्यवस्थापनका कुरा यीबारेमा चाहिँ सरकार गम्भीर हुन आवश्यक नै छ । जस्तैः अब ठुल्ठुला टारहरू छन् वहाँ । हामी कृषिमा आत्मनिर्भर हुनुपर्छ भन्या छौं । कृषि उत्पादन गर्ने भन्या छौं । तर ठुला टारहरू जस्तैः सल्यान टार, पालुङ टार, च्याङ्ली टार ठुला टारहरूमा चाहिँ सिँचाइको योजना छुट्यो कि जस्तो लागेको छ । त्यस्तै पालुङ टार हवाइ मैदान पालुङ टार विमानस्थल धेरै पहिलादेखि चल्दै आ'को विमानस्थल हो र पछिल्लो समयमा त्यो अबरुद्ध छ र त्यसलाई फेरि सुचारु गर्नलाई त्यसलाई मर्मत गर्नलाई यो बजेटमा चाहिँ केही बोलिएको छैन । त्यस्तै गण्डकी प्रदेशकै ठुलो औद्योगिक क्षेत्र गोरखाको च्याङ्लीमा सञ्चालन गर्ने भनिएको थियो । त्यो पनि बोलिरहेको छैन । त्यस्तै लिलीकोट, राइनसकोट जस्ता उच्च पर्यटकीय स्थल ऐतिहासिक थलोहरू त्यहाँ पर्यटन उद्योगको लागि कार्यक्रम आइरहेको जस्तो लाग्दैन ।

अब नीति र कार्यक्रम त देखिन्थ्यो यो हेटौंडा कपडा कारखाना, गोरखकाली रबर उद्योग, त्यस्तै गरेर बुटवल धागो कारखाना तर बजेटमा त्यो आइरहेको छैन । यसरी यी छुट्नुमा चाहिँ के के तादात्म्य नपुगेको हो । त्यस्तै अझ राख्नै पर्ने विषय त के छ भने नेपालको जातीय

भेदभाव प्रथा विशिष्ट खालको सामाजिक समस्या हो । यो नेपालकै समस्या हो र यो राष्ट्रिय एजेन्डा हो । छुवाछुत तथा जातीय भेदभाव अन्त्य गर्न रणनीतिक कार्ययोजना निर्माण गरी तीनै तहको सरकारले बजेटसहित मुक्त सामाजिक जागरण अभियान एवम् सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने थियो । यो बजेट वक्तव्यमा केही बोल्दैन । यसले खासगरी अजित मिजार र अन्तरजातीय विवाह गर्ने जोडीहरू अहिले जेल र हिरासतमा छन् । यी विषयहरू अहिले यही उसबाट आउनेजस्तो देखिएको छैन । त्यस्तै संविधानको धारा २४ लाई छोडेर बिर्सिएर धारा ४० चाहिँ यो बजेटले चाहिँ कोड गरेको छ । यसले गर्दा मृत आत्माहरूले र चाहिँ न्याय खोजिरहेका समुदाय न्याय दिलाउन सक्दैन कि । दलित समुदायले ठुलो अपेक्षा राखेको थियो यो बजेटको सम्बन्धमा दलित मैत्री बजेट घोषणा हुन्छ भन्ने थियो र परम्परागत दलित समुदायले सञ्चालन गरेको पेसाहरू त्यसलाई औद्योगीकरण गरियो भने एउटा प्रदेशमा १ हजारका दरले सातओटा प्रदेशमा ७ हजार एकैचोटि रोजगार हुने थिए । र जीवनस्तर चाहिँ बढ्ने थियो यो विषयमा पनि खासै त्यस्तो देखिरहेको छैन । अझ जेठ २१ गतेलाई छुवाछुत मुक्त राष्ट्र घोषणा भ'को थियो । त्यो कार्यान्वयनको लागि पनि र त्यसलाई चाहिँ सशक्त बनाउनको लागि पनि यो बजेटले केही बोलेको छैन । त्यसले गर्दा एक थरि मानिसहरूमा निराशा पैदा हुने अवस्था सिर्जना हुने हो कि भन्ने चाहिँ डर छ । त्यसले गर्दा अझ हाम्रो राष्ट्रिय सभाबाट पारित १९ बुँदे १९ बुँदे सङ्कल्प प्रस्ताव कार्यान्वयन मार्ग चित्रसहित बजेट विनियोजन हुने आशा अपेक्षा दलित समुदायको थियो । अझ के भो' त भन्दा २८३ मा यो कार्यक्रमको बारेमा छोटो बोलिए पनि यो बजेट मौन छ । त्यसले गर्दाखेरि यो के भैरहको हो ।

यस्तो किन भैरहन्छ र यो अहिलेसम्म यो निर्वाचन प्रणाली अब हुनत विज्ञहरूले राखिरहनुभ'को छ । यो प्रतिनिधि सभा ठुलो भयो भनेर हामीले चाहिँ यो समानुपातिक, समावेशी गर्नको लागि पनि त्यो समानुपातिक सूची रहन आवश्यक रहन्छ भन्ने नै हो अब त्यसलाई कहाँ घटाउन पर्छ कहाँ बढाउन पर्छ यी यी विषय जोडेर यी विषय जोडेर स्रोतसहितको चाहिँ नीति विधि आइदियो भने बल्ल वास्तवमा राज्यले सबै समुदायलाई सबै वर्ग समुदायलाई चाहिँ समेटेको छ र यो बजेट कार्यान्वयन हुँदाखेरिमा सबैले चाहिँ उन्मुक्तिको श्वास फेर्ने अवस्था सिर्जना हुन्छ भन्ने जुन सोच थियो । त्यो  अहिले नपुग भैरहको अनुभूति भैरहको छ । त्यसैले गर्दा हामी अहिले पनि यो बजेटलाई हुनत यसको र कोमा पनि फेरिन्न त भन्ने गरेका छन् र पनि हामीलाई लाग्छ यो यसमा केही परिवर्तन हुनुपर्छ के थपिनुपर्छ भन्ने अपेक्षाका साथ मेरो विषयवस्तु यहीं अन्त्य गर्न चाहन्छु । हस् त, पुनः धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा । समय १० मिनेट । त्यसपछाडि माननीय नारायण दत्त मिश्र ।

(१५:०५ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी जनताको प्रतिनिधिमूलक संस्था संसदमा उभिएर आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यमाथि सैद्धान्तिक छलफलमा जुटिरहेका छौं । वक्ता माननीयज्यूहरूले विषय राखिरहनुभा'को छ । हाम्रो आसन चेन्ज हुनेबित्तिकै आसन सिट परिवर्तन हुनेबित्तिकै फूलको संसार नै देख्नुपर्ने त्यस्तो लाग्दैन । संसद संसद जनताको प्रतिनिधिमूलक संस्था हो । सरकारलाई जवाफदेही बनाउने उत्तरदायी बनाउने निकाय संसद हो । त्यसो भए त सरकारले जे ल्याउँछ । सांसदले ताली पड्काएर अगाडि बढे भैहाल्यो । छलफलको किन आवश्यकता छ? म यो कुरा सुरुमै राख्न चाहन्छु ।

वर्तमान यो बजेट वक्तव्य वर्तमान आर्थिक अवस्थाको यथार्थ जगमा उभिएर आउन सकेन भन्ने कुरा हामी सत्ता प्रतिपक्ष आम सबैले स्विकारेको विषय हो अर्थतन्त्रभित्रको अहिलेको समस्या पहिचान हुन सकेन । समस्याग्रस्त हामी समस्यामा छौं । सङ्कटमा छौं भनिरहेका छौं । अर्थतन्त्रभित्रको ठिक डाइगोनेसिस हुन सकेर भनेर त हामी सबैले भनिरहेका छौं । यो अहिले सत्ता र प्रतिपक्षको विषय होइन जस्तो लाग्छ मलाई समस्या ठिक पहिचान भयो भने मात्र हामी समाधान दिन सक्छौं । सही विचार हुन सक्छ । मलाई डाक्टर अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको बजेटको सही पहिचान हुन्छ र सही ढङ्गले उपचारमा अगाडि बढ्छ भन्ने लागेको थियो तर प्रभाव र दबाब होला सही ढङ्गले आउन सकेन । संविधान सिद्धान्त र प्राथमिकता नीति कार्यक्रमसम्मन आइपुग्दा आज बजेट वक्तव्यसम्म आइपुग्दा यसको सहसम्बन्धको कोरिलेसन सङ्गति देखिँदैन भेटिँदैन । अहिले म त्यसको उदाहरण दिँदै जाउँला । सबै कुरा छ । छरिएको छ, गरिने छ, हुने छ, शब्दैशब्दा छ बजेट हामीले सिद्धान्त र प्राथमिकतामा छलफल गर्दा नीति र कार्यक्रममा छलफल गर्दा सरकारलाई सुझाव दिएका थियौं । बजेट  स्पष्ट होस् अङ्कमा हो । तथ्य र तथ्याङ्कमा आओस् यसले आशा जगाओस् भनेर भनेका थियौं त्यसो हुन सकेन लामो अलमत द्विविधा अन्योलतामा बजेट देखिन्छ । यो वास्तविकता बजेट वक्तव्य यति धेरै लामो भएर पनि देखिरहेका छौं । त्यसैले यो आर्थिक वर्षको अवस्था बजेट भन्नेबित्तिकै आर्थिक अवस्था पहिचान हुनुपर्ने हो । बजेट स्पष्ट तय हुनुपर्ने हो । १५ औं पञ्चवर्षीय योजनाको चालु आ.व. मा चौथो वर्षमा छौं । यो बजेट लागु हुँदा हामी अन्तिम वर्षमा पुग्छौं । २०३० सम्म दिगो विकासका १७ लक्ष्य पूरा गर्नुपर्ने हाम्रो दायित्व छ । पञ्चवर्षीय योजनाको यो तय गरेको

उद्देश्य, लक्ष्य कार्यक्रम हामी कहाँ पुग्यो? कुन सफलता प्राप्त गर्यो कुनमा हामीले सफलता प्राप्त गरेनौं त्यसको समीक्षा बजेटमा आउन पर्थ्यो त्यो आएको छैन । १६ औं पञ्चवर्षीय योजनाको तयारी भैरहँदा १५ औं पञ्चवर्षीय योजनाको गम्भीर समीक्षा वस्तुनिष्ठा हुनुपर्छ कि पर्दैन? म सरकारको ध्यान आकर्षण गर्न चाहन्छु यो विषयवस्तुबाट पनि प्रष्ट हुन्छ कि बजेट वर्तमान अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्ने दिशा तय गर्न सकिएको छैन । विगतको गम्भीर समीक्षा वर्तमानको आत्म सादीकरणबाट मात्रै सही भविष्यको गन्व्य तय हुन्छ तर यो बजेटले त्यतातिर ध्यान दिएको देखिँदैन ।

चालु आर्थिक वर्षको बजेट १७ खर्ब ९४ अर्बमा थियो त्यसलाई संशोधितमा गएर हामीले हेरिरहँदा १५ खर्ब ५० अर्बको पेरिफेरीमा आयो र चालु आर्थिक वर्ष हामीले आर्थिक वृद्धि दरको ८ प्रतिशतको लक्ष्य राखेका थियौं । अहिलेसम्म हामीले २ दशमलब १६ प्राप्त गर्यौं भनेर तथ्यले बताइरहेको छ । यही प्रस्तावित बजेटका सन्दर्भमा पनि हाम्रो एउटा निकाय राष्ट्रिय योजना आयोगले आ. व. आगामी वर्ष ०८०/०८१ को बजेट १६ खर्ब ८० अर्बको हाराहारीमा हुनुपर्छ भनेर राष्ट्रिय योजना आयोगले सिफारिस गर्यो तर दुर्भाग्य त्यो राष्ट्रिय योजना आयोगले सिफारिस गरेको कुरा बजेट वक्तव्य सरकारले ल्याउन सकेन कि सरकारको बजेट गलत हुन पर्यो कि राष्ट्रिय योजना आयोगले सिफारिस गरेको प्रस्तावित यो बजेटको धारणा गलत हुनपर्यो किन यस्तो सरकारकै निकायहरूको बिचमा अस्पष्ट कुरा आइरहेको छ? म सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

चालु आर्थिक वर्षमा ५५ खर्ब वैदेशिक सहयोगको अपेक्षा राखेर सरकारले बजेट प्रस्तुत गरेको थियो । हालसम्म हामीले तथ्यमा देखिरहेका छौं । ४ अर्ब ८० करोड आयो तर फेरि हामीले अहिले यो बजेट आगामी वर्षको बजेट ०८०/०८१ मा ५० अर्बको अपेक्षा गरिरहेका छौं । अहिले हामीले पूरा भैरहेको छैन १० प्रतिशतको हाराहारीमा पूरा हुन नसकेको आर्थिक सहायतामा हामी त्यो विश्लेषण नगरीकन फेरि हामीले त्यही अपेक्षा राखिरहेका छौं यसैले पनि यो बजेट यथार्थ धरातलमा आउन सकेन । आर्थिक वर्ष ०८० आगामी वर्ष ०८०/०८१ मा ६ प्रतिशतको आर्थिक वृद्धि दर प्राप्त गर्नेको लागि कति पुँजीगत खर्च गर्नुपर्छ भनेर अनुमानसमेत यो बजेटले गर्न सकेको छैन । पुँजीगत खर्च बढाउँछु र साधारण खर्च घटाउँछु भनेर सरकारले भनिरहँदा ०८०/०८१ मा पुँजीगत खर्च ७६ अर्बले कटौती भएको छ । विगत ६ वर्षको विवरण हामीले हेर्ने हो भने झन्डै २० प्रतिशतको हाराहारीमा रहेको पुँजीगत खर्च आउने वर्ष १७ प्रतिशतमा झारिएको छ । यो कुरा कसरि मेल खान्छ? सरकार किन द्विविधामा छ? किन

अलमलमा छ? आफैले जारी गरेको तथ्य तथ्याङ्क किन प्रष्ट भन्न सकिरहेको छैन? म भन्न चाहन्छु ।

संविधान कार्यान्वयन, संघीयता कार्यान्वयनको चरणमा छौं । संविधान, संघीयता कार्यान्वयनभित्र एउटा महत्त्वपूर्ण पक्ष भनेको वित्तीय संघीयता कार्यान्वयन हो । आज तहगत सरकारबिच समन्वयको एउटा समस्या छँदै छ । बजेटमा साना योजनाहरू मध्यम योजनाहरू केन्द्रैबाट राखिया छन् । फेरि केन्द्रकित मानसिकता हट्न सकेको छैन । प्रदेश र स्थानीय तहलाई दिने वित्तीय अनुदानमा ५२ अर्ब ५० करोडले कमी आएको छ कि यो सही छ? यो बजेट सही छ? भन्न सकिन्छ? कुल बजेटको आकार बढाउने तर प्रदेश र स्थानीय तहको आर्थिक अनुदान घटाउने कारणले के हाम्रो वित्तीय संघीयता कार्यान्वयन हुन सक्छ? म सरकारलाई गम्भीर बन्नको लागि अनुरोध गर्छु । प्रत्यक्ष जनतासँग जोडिने स्थानीय सरकार वित्तीय अनुदान बढाउने संघीय सरकारबाट ल्याइएको टुक्रे साना साना योजना अहिले पनि लाखका योजनाहरू देखिरहेको छ । यो घटाउनको लागि माग गर्छु ।

चालु बजेट निर्माण भैरहँदा मैले यही रोष्ट्रममा उभिएर भनेको थिएँ । गत वर्ष बजेट निर्माण भैरहँदा बिचौलिया हाबी भयो । सीसीटीभी फुटेज गायब भयो । त्यो घटना अहिले डाक्टर अर्थमन्त्रीज्यू यो घटना नदोहोरियोस् म सचेत गराउन चाहन्छु भनेर बोलिरहेको थिएँ तर अहिले पनि त्यो घटना दोहोरिएको आशङ्का मलाई लागेको छ । कसरी भन्नुहुन्छ भने आर्थिक ऐन हेर्दा प्रस्तुत बजेटमा ५० देखि १०० किलोवाटका विद्युतीय साधन जो धेरै नागरिकको पहुँचमा छ । त्यसको भन्सार दर बढ्यो । १० प्रतिशतबाट १५ भयो । अन्त शुल्क बढ्यो १० प्रतिशतले तर त्यही विद्युतीय गाडी सयदेखि २ सय किलोवाटका गाडीहरू जो महङ्गो गाडी छ । त्यसको भन्सार दर घट्यो । तिसबाट बिसमा झर्यो । अन्तशुल्क पनि तिसबाट बिसमा झर्यो । यो नीतिले यो बजेटले कुन वर्गलाई सहयोग पुर्यायो । कुन वर्गलाई टेवा पुर्यायो? समाजवाद आयो? म प्रश्न गर्न चाहन्छु । फेरि पनि उच्च व्यक्तिहरूलाई लाभ हुने गरी करका दर कायम गरिनुले बिचौलिया हाबी भएको छ ।अहिले पनि आज छ्यासछ्यास्ती बाहिर आइरहेको छ । के हाम्रो अर्थ मन्त्रालयमा टाइपिङ गर्ने एउटा मात्रै कर्मचारी हो? रिटायर कर्मचारी फेरि ल्याउन पर्ने किन बाध्यता पर्यो? म सरकारलाई प्रश्न गर्न चाहन्छु । करको दर हेरफेर योजनाको छनोट बजेटको विनियोजन दबाब र प्रभावमा नहोस् भनेर मैले अर्थमन्त्रीज्यूलाई नीति कार्यक्रममा ध्यान आकर्षण गराएको थिएँ । तर आज भौतिक मन्त्रालयको बजेट कटौती हुने, सहरी विकास मन्त्रालयमा अस्वाभाविक बजेट वृद्धि हुनीले के कुरा पुष्टि गर्छ । गठबन्धनको एउटा पार्टीको प्रधानमन्त्री, अर्को पार्टीको अर्थमन्त्री, प्रधानमन्त्रीको नीति कार्यक्रम

एकातिर, अर्थमन्त्रीको बजेट अर्कोतिर अनि मन्त्रालय र मन्त्रीको अनुहार हेरेर बजेट विनियोजित हुनी यो दुखद् पक्ष हो । म दुःख व्यक्त गर्न चाहन्छु ।

आवश्यकता र औचित्यपूर्ण विकास हुन सक्दैन यसरी दबाब र प्रभावको अन्त हुन सक्दैन । समन्यायिक विकास हुन सक्दैन । यो कल्पना गर्न सकिँदैन । समाजवाद उन्मुख संविधान, सामाजिक न्यायमा आधारित हाम्रो विकास हुन सक्दैन । अघि विषय उठिसकेको छ । सान्दर्भिकता सकिएको, विगतमा रोकिएको, काटिएको, निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम पुनः आउनु दबाब र प्रभाव हो कि होइन? हामीले यही सभाका सबै माननीयज्यूहरूले सम्माननीय अध्यक्षज्यूकै कार्यकक्षमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई ध्यान आकर्षण गरा'का थियौं । यो विषय गम्भीर छ । यो विषयमा सोच्नुपर्छ । यो सान्दर्भिक सकी सकिको निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम नआओस् भनेर हामीले प्रधानमन्त्रीज्यूलाई अनुरोध गरेका थियौं । तर वहाँले सहज ढङ्गले वचन पनि दिनुभएको थियो तर बजेट आउँदा त्यो हिजो सकिसकेको हिजो रोकिसकेको । निर्वाचन क्षेत्र पूर्वाधार आ'को छ । म यसको दुःख व्यक्त गर्न चाहन्छु । सरकार द्विविधामा छ । अलमलमा छ । अनि हडबडमा गडबड पनि गरिरहेको छ । डाक्टर डिल्ली खनालको प्रतिवेदनमा हामीले ५०९ ओटा (सम्माननीय अध्यक्षज्यू, म १ मिनेट समय पनि चाहन्छु ।) विभिन्न प्रकारका समिति र कार्यालयहरूका कुरा थियो तर आज बिसओटा त्यस्ता समितिहरू खारेज गरिएको छ । गाभिने कुरा गरेको छ म प्रश्न गर्न चाहन्छु यी कार्यालयहरू के आधारमा कहाँको अनुसन्धानमा आधारित भएर कहाँको रिसर्च भएर यो गाभियो?

सम्माननीय अध्यक्षज्यू, लोकतन्त्रमा आवधिक निर्वाचन महत्त्वपूर्ण विषय हो । लोकतन्त्रको प्राण निर्वाचन हो । संवैधानिक निर्वाचन आयोग यसअन्तर्गतका जिल्ला निर्वाचन कार्यालयहरूलाई खारेजी गरेर सीडीओको मातहतमा एउटा इकाइ राख्ने कुरा यो गम्भीर गल्ती हो । यो गल्ती नदोहोरिएस् फेरि पनि हिजैजस्तो सीडीओ र पुलिसको भरमा निर्वाचन जित्छु भन्ने सपना छ भने त्यो सपनाबाट बिउँजिनुस् र हामीले हाम्रो संवैधानिक निकायलाई बलियो बनाउनको लागि यो निर्वाचन आयोगलाई अझ व्यवस्थित गर्न जरुरी छ । यसतर्फ म ध्यान आकर्षण गर्न चाहन्छु । नेपाल विश्वविद्यालय पूर्वाधार तयारी समिति खारेजी गरेको छ सरकार अलमलमै छ । एकातिर विधेयक संसदमा ल्याएर छलफल गराउने अर्कोतिर त्यही प्रयोजनको लागि गठन भएको समिति खारेज भएको छ । अर्को महिला सहभागिताको कुरा आज अघिल्लो वर्ष नीति कार्यक्रम आइरहँदा महिला पहिला भनेर ल्याएको बजेट स्थानीय तहको निर्वाचन भैरहँदा सकिएको थियो । (सकियो सम्माननीयज्यू ।) (**<u>सम्माननीय अध्यक्ष</u>**:- सकियो माननीयज्यू ।)

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण दत्त मिश्र । समय ६ मिनेट । त्यसपछि माननीय गोपाल भट्टराई ।

(१५:१६ बजे) **मानननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, २०८०/ ८१ को बजेट आएको छ । अर्थमन्त्रीज्यूलाई म धन्यवाद दिन चाहन्छु । २०४८ सालदेखि अहिलेसम्म आएका बजेटमध्येमा उत्कृष्ट बजेट ल्याउन तपाईं सफल हुनुभएको छ । यस्तो चुनौतीपूर्ण घडीमा परिस्थिति देशको, विदेशको, संसारको परिस्थिति अनुकुल नरहेको बेलामा तपाईंले यस्तो बजेट ल्याइदिनु आहा ! कति खुसीको कुरा छ । मलाई केही कुराहरू मन परेका छन् । गरिबसँग विश्वेश्वर श्वर कार्यक्रम मलाई मन परेको छ । उत्पादनमा आधारित कृषि अनुदान स्वागतयोग्य छ । तर प्रक्रिया सरल, सहज र छिटो छरितो होस् । तर विचौलीया र दलालबाट सोझा किसान जोगियोस् । कृषि उत्पादनको समयमा मुल्य निर्धारण र विक्रिको कुरा स्वागतयोग्य छ । यसको सुनिश्चितता होस् । बाँझो जग्गा व्यवस्थापन गर्ने कुरा स्वागतयोग्य छ । स्वागतयोग्य छ । मल र किट्नासक औषधीविनाको उत्पादन स्वागतयोग्य कुरा छ । वाटरफ्रम द हिमालयको ब्राण्डिङ निकै स्वागतयोग्य कुरा छ । खरिद प्रक्रिया सरल, पारदर्शी र प्रभावकारी बनाउने कुरा पनि स्वागतयोग्य छ । स्वागतयोग्य छ बिस ओटा संस्थान खारेजी, एकआपसमा गाभिने कुरा स्वागतयोग्य छ । स्वागतयोग्य छ एउटा कुरा छ । कम्पनी दर्ता गर्न गरेको अति सहज उपाय त्यो पनि एकदम स्वागतयोग्य छ । स्वागतयोग्य छ । आयोजना प्रमुख र विभागीय प्रमुखलाई जिम्मेवार बनाउनुको साथै आयोजना प्रमुख तोक्दा निश्चित मापदण्ड तय गरिने कुरा स्वागतयोग्य छ । दिवा खाजामा विद्यार्थीहरूलाई जङ फुड नदिने कुरा अझ स्वागतयोग्य छ । कडाइका साथ लागु गरियोस् । सरकारी निकायमा रहेका पूराना र प्रयोगविहिन सवारी साधनलगायतका सामाग्रीहरू ६ महिनाभित्र लिलाम गरिसक्ने कुरा स्वागतयोग्य छ । तर मिलोमतोमा नहोस् । पारदर्शी होस् लिलाम । सवारी साधनको प्रयोग गर्ने पदाधिकारीलाई इन्धनवापत नगद नै प्रदान गर्ने कुरा पनि स्वागतयोग्य छ । स्वागतयोग्य छ, वनलाई कृषिसँग जोडेर आयआर्जन बढाउने कुरा यो स्वागतयोग्य छ ।

केही सल्लाहहरू छन् मेरा । लामखुट्टेको लार्भा खोजेर मार्ने कुरा के हो? कहाँ खोजिने हो? बजेट व्यवस्था कति छ? खोज्ने नाममा अनियमितता होस् । आन्तरिक ऋण नलिऊँ । बाहिऱ्य ऋण घटाउँदै जाँऊ । के के घटाउनुपर्छ? के के व्यवस्थित गर्नुपर्छ? कहाँ कहाँ अनुशासित हुन जरुरी छ? हामीले उठाउने राजस्वले साधारण खर्च धान्ने र विकास खर्च गर्न सक्ने बाटो खोजौं, रोजौं । यसैमा नेपाल र नेपालीको हित छ । कर्मचारीले खाइपाइ आएको

भत्ता व्यवस्थित गरौं । नघटाउ, नहटाउ । फजुल खर्च घटाउने कुरालाई सिंहदरबारको पानीबाट नै व्यवस्थित गरौं । यति नै भन्छु । विप्रेषणबाट आएको आयले कहि सहरी जग्गाको मुल्य बढाएर जग्गा धनीलाई विलासिताको सामान प्रयोग गर्न प्रोत्साहन त गरेको छैन? ख्याल गरौं । विप्रेषणलाई पूर्वाधार विकासमा लगानी गर्न प्रेरित गर्न सके हुन्थ्यो । कहीँ एउटा कुरा छुटेको छ कि? यो उच्च ब्याजदर नियन्त्रणको कुरा छुटयो कि? अब यो सांसद विकास कोषको कुरा धेरै साथीहरूले गरेका छन् । यसलाई आइसकेपछि बजेटमा अब यसको कार्यविधि बनाउने बेला व्यवस्थित गरौं । व्यवस्थित गर्दाखेरि सबै सबै सांसदहरू, प्रदेशका सांसदहरू पनि र सम्बन्धित नगरपालिका र गाउँपालिकाका अध्यक्षसमेत बसेको बृहत एउटा बृहत समितिले यसलाई छलफल गरी व्यवस्थित गरोस् । र अरू सबै कार्यक्रममा जाने पैसाभन्दा पनि यसको सदुपयोग भएको प्रमाण हामीले दिन सकौं । तसर्थ यसलाई हटाउनेभन्दा पनि व्यवस्थित गरौं ।

अब अर्थतन्त्रलाई लयमा ल्याउन फर्काउन अर्थमन्त्रीज्यूले गरेको कुरा स्वागतयोग्य छ । प्रतिकुल परिस्थितिमा अनुकुल पनि यति राम्रो बजेट ल्याउनुभएको एकदम चुनौतीपूर्ण कार्य हो । अब यहाँ कुरा एउटा यहाँ धेरैले कुरा गरे । एउटा कुरा भन्न पर्ने भइसक्यो । बाघ कराउनु र बाखा हराउनु यो कति ५३५ ओटा गाडी आए विरगंजबाट छिरे भन्छन् । ती गाडीहरू छिरेको कुरा कहि बाघ वनमा त करायो । यता गाउँका, गाउँका चोरी गर्न पल्केका केटाहरूले ए बाघ कराएको छ । यसै बेला नै त्यसको बाखो ल्याऊँ हामी अनि यो बाघले नै खायो भन्ने हुन्छ हामीलाई दोष आउँदैन भनेर कहि अरू अरू त पसेका छैनन्? यसमा यो कुरा ध्यान जान पर्ने आवश्यक छ । अब आफू कुर्सीमा बस्दा पृथ्वी गोल छ गोल ठिक छ भन्ने आफू कुर्सीबाट हटेको बेला ए पृथ्वी त चेप्टो छ चेप्टो छ भनेर भन्ने हाम्रा कुराहरूमा पनि हामीले सुधार ल्याउन आवश्यक छ । ०४८ सालदेखि अहिलेसम्मको बजेट मैले पनि सुनेको छु, हेरेको छु ।

सम्माननीय अध्यक्ष महोदय, थोरै कुरा भनेर विदा हुन्छु । बजेट बनाउन सजिलो छ । आकर्षक नारा दिन पनि सजिलो छ । कार्य रूपमा परिणत गर्न गाह्रो छ । कति आय हुनेछन् निश्चित हुँदैन । खर्च निश्चित छ । कति हाम्रो इच्छामा, कति दबाबमा खर्च बढेको बढै हुन्छ । तसर्थ, अब अर्थमन्त्रीज्यूतपाईंको परिक्षा छ । अहिले त तपाईंले यो घरको नक्सा बनाउनुभएको छ । अब यस्तै किसिमले घर बन्छ कि बन्दैन? ..... (संस्कृत भाषामा बोल्नुभएको) के भनेको छ भने ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोपाल भट्टराई । समय ६ मिनेट । त्यसपछि गोपी बहादुर सार्की आछामी ।

(१५:२३ बजे) **मानतीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्मानतीय अध्यक्षज्यू, हामी आज सकारको ०८०/०८१ को बजेट वक्तव्यमा छलफल गरिरहेका छौं । गत आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्था, अहिले प्रस्तुत भएको आम्दानीका स्रोतहरू हेर्दा यो बजेट कार्यान्वयन हुन सक्दैन भन्ने कुरा अहिले नै अनुमान गर्न सकिन्छ । कुनै पनि बजेट प्रस्तुत गर्दा गत बजेटको समीक्षा जरुरी छ । त्यो समीक्षा यसमा आएको छैन । बजेटका प्राथमिकता र सिद्धान्तका सम्बन्धमा छलफल गर्दाको क्रममा माननीय अर्थमन्त्रीज्यूले राष्ट्रिय गौरवका आयोजनाहरू र चालु आयोजनाहरू मात्र हामीले अहिले समावेश गर्छौं । अरू कुनै पनि आयोजना समावेश गरिने छैन भनेर भन्नुभा' थियो । अहिले सबभन्दा धेरै बजेट छरिएर आएको छ । त्यसो भएर त्यससित तादम्यता मिलेन । त्यसो भएको हुनाले पनि यो बजेट कार्यन्वयन हुन्छ भन्ने मलाई लाग्दैन ।

यसो हेर्दाखेरि अब यसै पनि हामी घाटा बजेटमा छौं । त्यो घाटा बजेट पूरा गर्नको निम्ति ५ अरबको हाराहारीमा हामीले चैं ऋण लिने भन्या छौं र सहायता लिने भन्या छौं । सहायताको स्थिति हेर्दाखेरि अन्तर्राष्ट्रिय सहायता गत वर्ष ५५ अरब प्राप्त गरिने छ भन्या छ । तर अहिलेसम्म जम्मा ५ अरब ८० करोड मात्रै प्राप्त भएको तथ्याङ्कले देखाउँछ । अब यस्तो खालको बजेट कसरी कार्यान्वयन हुन सक्छ? त्यसो भएको हुनाले यो अहिलेसम्मको समीक्षा पनि छैन । र आगामी वर्षको authentic, भरपर्दो कुनै आधार पनि देखिँदैन । त्यो भ'को हुनाले यो बजेट कार्यान्वयन हुँदैन भन्ने मलाई लाग्छ । अब अहिले चालु आर्थिक वर्षको विकास खर्च जम्मा चैं ३७ पर्सेन्ट अहिलेसम्म भा' छ भन्ने छ । ५० भन्दा बढ्ता जान्छ भन्ने देखिँदैन । अब यो किसिमले बजेट निर्माण गरेर बजेटहरू सधैं depreciation मा जाने र ऋण भए बढ्दै जाने, उत्पादन नहुने, त्यहाँबाट चैं कर प्राप्त नहुने । त्यसो भइसकेपछि कसरी यहाँको आर्थिक अवस्था सबल हुन्छ? अगाडि जान सक्छ? भन्ने मलाई लाग्छ ।

खास गरेर बजेटले अहिले यो बजेटमा एउटा ३ वटा रुग्ण उद्योगहरूलाई सञ्चालन गर्ने भन्या छ । तीमध्ये बुटवल धागो कारखाना, त्यसपछि गएर हेटौंडा कपडा उद्योग धागोमा आधारित छ, कपासमा आधारित छ । एउटा मात्रै भएको कपास कम्पनी जुन बर्दियामा थियो, त्यो पनि अहिले विघटन भा' छ । ०५२/०५३ सालदेखि त्यसले हस्तक्षेपको हस्तक्षेप भएर त्यो कोल्याप्स हुने अवस्थामा छ । जबकि तत्कालीन अवस्थामा ३३ पर्सेन्ट देशको आवश्यकता त्यसैले पूरा गर्या थियो । अहिले त्यो धरासायी भइसक्यो र राजनीतिक उद्देश्यको निम्ति त्यहाँ बसोबास गराउने, त्यसलाई कब्जा गर्ने र त्यो जमिनसमेत कब्जा गर्ने काम भएको छ । यता

आएर त्यो कम्पनी पनि विघटन भा' छ अहिले । कसरी चल्छन् यस्ता खालका रुग्ण उद्योगहरू? यो चैं मैले एउटा प्रश्न गर्न चाहन्छु ।

अर्को अहिले यो कृषि भूमिको उपयोगको कुरा छ । अब यो मैले सबै राख्न नसक्ने भएँ । र भूमि उपयोग एउटा नीति चैं आएको थियो, ०७७/०७८ मा । त्यो नीतिलाई लागु गरेर एक ठाउँ जमिनलाई, उपयोग नभएको जमिनलाई एक ठाउँ बनाएर आवश्यकताअनुसार जसले गर्न सक्ने हो, जुन समुदायले, व्यक्तिले, कसले गर्न सक्ने हो, उनीहरूलाई लिजमा दिने र उत्पादनको मोडल तयार गर्ने जुन कुरा आ' थियो त्यसलाई अहिले गोलमटोल रूपमा थन्क्याइएको छ । बजेट एउटा आफैंमा विधेयक हो । यो विधेयकलाई छलफल गर्ने र केही सुधार गर्ने खालको हुनुपर्ने हो । त्यो चैं हाम्रो परम्परा छैन । जति कराए पनि त्यो बहुमत हात उठाएर, ड्याम ड्याम गरेर पास गर्ने प्रचलन छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोपी बहादुर सार्की आछामी । समय १० मिनेट । यसपछाडि दीपा गुरुङ्ग ।

(१५:२९ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले ल्याएको २०८०/०८१ को बजेटको बारेमा राजस्व र व्ययको बारेमा आज हामी छलफल गरिराखेका छौं । कूल बजेट १७ खर्ब ९१ अर्ब ३१ करोडको यो कूल बजेट छ । र यसका स्रोतहरू राजस्व, वैदेशिक ऋण, वैदेशिक सहायता र आन्तरिक ऋण । यसको स्रोतको रूपमा तय गरिएको छ । हामी बजेटको बारेमा पक्ष र विपक्ष दुवैतिरबाट चैं आफ्ना धारणाहरू व्यक्त गरिराखेका छौं । बहस, पैरवी गरिराखेका छौं । र कतिपय हामीले मध्यमार्गी बाटो पनि अपनाएका छौं । एकथरी माननीयजीहरूले विपक्षमा आफ्नो अभिमत जाहेर गरिराख्नुभ'को छ । र यो बजेटको औचित्य छैन । यो जसरी आएको छ, यो चैं कपोकल्पित ढङ्गले आएको छ भन्ने कुरालाई पुष्टि गर्ने गरीकन बहस गरिराख्नुभएको छ । र हामी सत्तापक्षको तर्फबाट फेरि यो बजेट सकारात्मक छ, यो बजेट राम्रो छ र अहिलेको वस्तुगत अवस्थालाई मध्यनजर गरेर यो बजेट ल्याइएको छ भनेर एकातिर हामी यसरी बहस पैरवी गरिराखेका छौं । र कतिपय माननीयजीहरूले बिच धारबाट आफ्नो धारणाहरू अभिव्यक्त गरिराख्नुभ'को छ । म के भन्न चाहन्छु भने हामी विभिन्न सोचबाट, विभिन्न चिन्तनबाट, विभिन्न चिन्तन धाराबाट प्रभावित भएका छौं । र मलाई लाग्छ हामी द्वन्द्वात्मक हुन सकिराखेका छैनौं । हरेक वस्तुभित्र चैं सकारात्मक पनि हुन्छ र नकारात्मक

पनि हुन्छ भन्ने मान्यता चैं आधारभूत र सही मान्यता हो भन्ने मलाई लाग्छ । र हामी त्यही मान्यताबाट अगाडि बढ्नु उपयक्त हुन्छ । हामी हिजो सरकारमा पनि थियौं । सरकारमा हुँदा हामीले के गरेका थियौं? र अहिले हामी सरकारबाहिर हुँदा के गरिराखेका छौं? हामी सरकारमा छौं । हामी के सोचिराखेका छौं? भन्ने कुरा चैं फरक कुरा हो । र अहिलेको वस्तुगत स्थितिलाई मध्यनजर गरेर अगाडि बढ्ने कुरा चैं मुख्य कुरा हो जस्तो मलाई लाग्छ ।

बजेटमा तीनटा कुरा । मैले, सबै माननीयजीहरूले राखेको सकारात्मक धारणाहरूप्रति मेरो आफ्नो चैं विमति रहेको छैन र म त्यसलाई समर्थन पनि गर्न चाहन्छु । केही चुनौतीहरू छन् बजेटका । राजस्व हामीले सोचेजस्तो उठ्न सकिराखेको छैन । वैदेशिक लगानीको स्थिति, वैदेशिक सहायताको स्थिति, आन्तरिक लगानीको स्थिति र बैङ्कको चैं ब्याजदार अलिकति बढोत्तरी भ'को स्थिति हुँदाखेरि र युक्रेन र रसियाको वारको कारणले गर्दाखेरि चैं जसरी अर्थतन्त्रमा एउटा गति हुनुपर्ने, त्यो गतिको स्थिति छैन । नयाँ सरकार बनिसकेपछि विशेष गरेर सुशासन, राजनीतिक स्थायित्व, सामाजिक न्याय र आर्थिक विकासको नारालाई लिएर अगाडि बढ्ने क्रममा यो सरकारले लिएका इनिसिएसनहरूबाट हेर्दा खेरि चैं केही फेरि प्रगतितर्फ पनि अगाडि बढिराखेको त्यो अनुभूति हामीले गरेका छौं । यद्यपि चुनौती छैन भन्ने कुरा होइन । चुनौती छन् । चुनौती फेरि यो कतिपय परिस्थितिले पनि सिर्जना गरेका चुनौतीहरू छन् । हाम्रा नियतभन्दा पनि वस्तुगत परिस्थितिले सिर्जना गरेका चुनौतीहरू नै मुख्य चुनौतीको रूपमा छ । यो एउटा चुनौतीको पक्ष भयो ।

फेरि यसले केही लक्ष्यहरू राखेको छ । केही उद्देश्यहरू यसले राखेको छ । र त्यो बजेटको उद्देश्य ६ वटा छन् । यसमा चैं अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने, गुणस्तरीय सामाजिक विकास सुरक्षा र न्याय प्रत्याभूत गर्ने, लगानीमैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, संघीयताको सबलीकरण र सुशासन कायम गर्ने बजेट प्रणाली र सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने भन्ने यसले ६ वटा बुँदामा यसको उद्देश्य निर्धारित गरिएको छ भने यसको प्राथमिकता भनेर चैं फेरी १० वटा बुँदामा यो बजेटले प्राथमिकता तय गरेको छ । कृषि, उर्जा, पर्यटन क्षेत्रको विकास, लगानी प्रवर्धन, औद्योगिक विकास र व्यापार सन्तुलन, सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा, गुणस्तरीय भौतिक पूर्वाधार विकास, डिजिटल र हरित अर्थतन्त्रको प्रवर्धन, वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, मानव संसाधन विकास र रोजगारीको सिर्जना, वित्तीय क्षेत्र सुधार, वित्तीय संघीयताको सुदृढीकरण र सेवा प्रवाहमा सुधार, सार्वजनिक

वित्त प्रणालीमा सुधार भनेर चैं यसले १० वटा यसको प्राथमिकता तय गरेको छ । यसलाई मैले मनैदेखि अहिलेको वस्तुगत परिस्थितिलाई मध्यनजर गरेर आएको बजेट भ'को कारणले गर्दाखेरि म हार्दिक समर्थन पनि गर्न चाहन्छु । मेरो आफ्नो सुझावहरू के छ भने केही कुराहरू जस्तै यहाँ यो संसदीय विकास पूर्वाधार कार्यक्रम, संसदीय क्षेत्रको पूर्वाधार विकास कार्यक्रम भनेर चैं यो पाँच करोड तोकिएको छ । बजेटमा आएको छ । यो अलिकित विवादित छ । यसले अलिकति विकृतिजस्तो र जनताकै तहबाट चैं आलोचना भ'को कारणले गर्दाखेरि सकिन्छ भने यसलाई सुधार गरौं होइन भने एउटा विधि व्यवस्थित गरेर चैं जाँदाखेरि राम्रो हुन्छ । यो पारदर्शी पनि होस्, प्रभावकारी पनि होस् र यो जनहितकारी पनि होस् र माननीयजीहरू चैं वडाध्यक्षजस्तो भनेर बालेनले भनिसक्नुभ'को छ । यस्तो खालको विवादमा हामी फस्नु राम्रो हुन्छ जस्तो मलाई लागिराखेको छैन ।

त्यस्तै २०१ मा मुसर, डोम, चमार जातिलाई एमबीबीएसमा चैं यो उच्च शिक्षाको लागि दिने सहायता भनिएको छ, निःशुल्क गर्ने भनिएको छ, त्यो मधेसमा मुसर, डोम, चमार मात्रै दलित छैनन् । त्यहाँ वातारहरू छन्, सतारहरू छन्,  पासवानहरू छन् र अरू जातिहरू पनि मधेसमा दलितहरू छन् । र पहाडमा रहेका दलितहरूलाई पनि यो उच्च शिक्षामा एमबीबीएसमा, यो प्राविधिक शिक्षामा चैं सबैलाई समान ढङ्गले नै अगाडि बढाउने छात्रवृत्ति दिने व्यवस्था गरिनुपर्छ । यसको दायरा अलिकति बिस्तार गर्नुपर्छ भन्ने मलाई लाग्दछ ।

त्यस्तै मैले प्रधानमन्त्रीसँग पनि भन्या थिएँ । र सबै मन्त्रीजीहरूसँग पनि मेरो कुरा भा' थियो र विशेष गरेर माननीय रमेशजंग रायमाझी र मैले पूर्वाञ्चल विश्वविद्यालय मेडिकल कलेज सञ्चालन गर्ने नेपाल सरकारले निर्णय गरिसकेपछि हामीले त्यहाँ आफ्नै हस्पटिल निर्माणको लागि भनेर चैं तीन सय बेडको हस्पटिलको लागि अहिले तत्काल हामीलाई ५० करोडजति बजेट विनियोजन गर्दियो भने क्रमशः हामी यसलाई छ सय बेडको हस्पटिल निर्माण गर्ने गरी अगाडी बढ्छौं । यो साल चैं ५० करोड दिनुपर्छ भनेर माग गरेका थियौं । यो बजेटको पुस्तिकामा त्यो हामीले देखेनौं । त्यसकारणले गर्दाखेरी म जोडदार रूपमा के माग गर्न चाहन्छु भने त्यो नछुटयाइयोस् । त्यो पूर्वाञ्चलको एउटा गहना पनि हो । त्यहाँ ८ सय ५ बिगा जमिन छ । अहिले एसबीबीएसको चैं प्रोग्राम सञ्चालन अनुमति पाइसकेपछि त्यसको तयारी पनि भइराखेको छ । तर आफ्नै हस्पिटलको आवश्यकता पर्ने भ'को कारणले गर्दाखेरि त्यसमा नेपाल सरकारको चैं ध्यान जाओस् भन्ने विषय राख्न चाहन्छु ।

त्यस्तै विराटनगर विमानस्थललाई क्षेत्रीय, अन्तराष्ट्रिय स्तरको चैं विमानस्थल बनाउने भनिएको थियो । त्यहाँ बजेटमा सम्बोधन भएको मैले चैं बुझिराखेको छैन । त्यसकारणले गर्दाखेरी त्यसको लागि पनि बजेट व्यवस्था गर्नुको निम्ति मैले निवेदन गर्दछु । म एउटा राम्रो कुरा नवप्रवर्धन शिक्षाको क्षेत्रलाई अगाडि बढाउने कुरा, कृषिको क्षेत्रलाई अगाडि बढाउने कुरा, उद्योगको क्षेत्रलाई अगाडि बढाउने कुरा, पर्यटनको क्षेत्रलाई अगाडि बढाउने यी जसरी बजेटमा अहिलेको चुनौतीपूर्ण परिस्थितिको बिचमा पनि सम्बोधन भएको छ, यसको लागि म नेपाल सरकार, अर्थमन्त्री र सबैलाई हार्दिक आभार र धन्यवाद व्यक्त गर्दै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । हवस् त, अभिवादन । नमस्ते ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिपा गुरुङ्ग । समय ६ मिनेट । त्यसपछाडि माननीय गोपाल कुमार बस्नेत ।

(१५:३९ बजे) **माननीय श्री दिपा गुरुङ्ग (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष ०८०/०८१ को बजेट अर्थमन्त्रीज्यूबाट प्रस्तुत भएको छ । यो आर्थिक वर्षको बजेट १७ खर्ब ५१ अर्ब ३१ करोडको रहेको छ । बजेट पुस्तिका अध्ययन गर्दैगर्दा यो खर्च राज्यले धान्न सक्छ कि सक्दैन अन्योल छ । लेखेबमोजिम हरेक तह तप्काका समस्या हल हुन सक्छ कि सक्दैन? समस्याले राज्यलाई घेरेको छ । त्यसैले जनताले आशा गरेअनुसारका बजेटको समस्या समाधान गर्न सक्दैन भन्ने लाग्छ । देशको आर्थिक अवस्था जटिल डर लाग्दो भैरहेको बेला यति ठुलो मापनको बजेट खर्चलाई राज्यले धान्नको निम्ति त्यहीअनुसारको आर्थिक अवस्था तयार गर्नुपर्थ्यो । धेरै आश्वासन बाडेर मात्रै पुग्दैन । आम्दानी र खर्चको सन्तुलन मिले मात्रै राज्य सञ्चालन र जनताको समस्या हल हुन सक्छ । सरकारले प्रस्तुत गरेको छ तर यसमा कुनै विश्वासिलो दिगो भर पर्ने विषय छैन । मुलुकको विद्यमान आर्थिक अवस्थालाई बुझेर ल्याउनुपर्थ्यो । यसले राज्यको आर्थिक जटिलतालाई देख्न, बुझ्न, विवेचना गर्न सकेन । बेवास्ता गर्दै जबरजस्ती अगाडि बढेको देखिन्छ । स्पष्टै छ आन्तरिक ऋण बढ्दै गैरहेको बेलामा राज्य कसरी धान्न सक्ला राज्यको आन्तरिक ऋण २५६ अर्ब छ । देशको अवस्था यस्तो नाजुक छ र पनि जनता ढाँटँदै ठुलो आकारको बजेट प्रस्तुत गरेको छ । त्यसैले यो बजेट जनताको ढाँड सेक्नेबाहेक आधारभूत जनताको मन छुने गरी प्रस्तुत भएको छैन । त्यसैले बजेटको लक्ष्य आधारहीन भएर अगाडि बढेको देखिन्छ ।

अध्यक्ष महोदय, बजेट आधारभूत वर्गमा जानुपर्थ्यो गएको छैन । उद्योगधन्दा कलकारखाना अवस्था नाजुक छ । उद्योगहरू पनि सही तरिकाबाट नियमित सञ्चालन नहुँदा राज्यको अर्थतन्त्र कमजोर भई धरासायीमा जाने स्थिति रहन्छ । यस्तो नाजुक स्थितिबाट गुज्रिएको अर्थतन्त्र देशलाई आर्थिक सम्पन्न अहिले बनाउन सकिन्छ? आर्थिक वृद्धि दरको सम्भावनालाई दिगो कसरी गर्न सकिन्छ? बजेटले आयात भन्सारलाई बढाउँछु भनेको छ । तर देशको अवस्था अस्वस्थ गतिविधिले डामाडोल स्थिति देखिन्छ । त्यसैले सरकारको लक्ष्य एउटा काम अर्कोतिर तेर्सिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, राज्यले ढुकुटी दरो बनाइ प्रगति गर्न खोज्ने हो भने राज्यको आम्दानी र खर्चलाई सन्तुलनमा राख्नको निम्ति उत्पादन शक्तिलाई मजबुद गर्ने त्यसलाई परिचालन गर्न लगानीमा जोड दिने देशभित्र उद्योग कलकारखानालाई प्रोत्साहित गर्ने तर जनतालाई सपना मात्रै बाँडेर गरिबी हट्न सक्दैन । बजेटले आधारभूत जनताको पक्षमा काम गरेको देखिँदैन । हरेक वस्तुको मूल्य वृद्धि चरम चुलीमा पुगेको छ । आम्दानी र खर्चको सन्तुलन मिलेको छैन । त्यसैले यो बजेट गोलमटोल खिचडीजस्तै भएर आएको देखिन्छ । बजेटले वर्तमान देशको आर्थिक अवस्थालाई मनन गरी पर्याप्त छ कि छैन भनी स्पष्ट भएर ल्याउनुपर्थ्यो नभएको हुनाले अर्थहीन गन्तव्यहीन भई वर्तमान गठबन्धन सरकारलाई धान्न, टिकाउन ल्याएको बजेटजस्तो देखिन्छ ।

सम्माननीय अध्यक्ष महोदय, यो बजेटले ८/१० ठाउँमा पुनर्संरचना गरिने छ भनेर लेखेको छ । तर कृषि, शिक्षा, स्वास्थ्य महिलाको समस्यालाई ठोस् तरिकाबाट समाधान गर्ने ठोस् नीति योजना ल्याएको देखिँदैन । कृषि, स्वास्थ्य, शिक्षामा बजेटको मात्र घटेको देखिन्छ ।

अध्यक्ष महोदय, बजेटको आकार ठुलो छ । छिरलिएको बजेटले कहिले पनि सही गन्तव्य समात्न सक्दैन । बजेटको बाँडफाँटमा दीर्घकालीन दुरदर्शीता देखिन्न । त्यसैले यो गन्तव्यहीन बाटोमा अल्झिएको छ ।

अध्यक्ष महोदय, बजेटले पूर्वाधार क्षेत्रमा गर्ने सक्ने लगानी पनि गरेको छैन । बजेट घटाएको छ । आन्तरिक ऋण उठाउनेमा जोड दिएको छैन केही संस्था खारेज गरी मितव्ययिता भनेको छ । तर छलफल बहस नगरीकन गर्दा समस्या खडा भएको देखिएको छ । अर्को पक्ष नेपाल विश्व विद्यालय बनाउने भनेर लेखेको छ तर अर्कोतिर हटाउने काम पनि भए देखिन्छ । सरकारले जति गर्न सक्छ । त्यति नै बजेटको आकार बनाएर काम गर्दा सुपाच्य हुने थियो । तर त्यस्तो नभएर पछि कुनै पनि विषयमा पूर्णता दिन सकेन जसले गर्दा मुख सानो गास ठुलो

भएको देखिन्छ । त्यसैले यसको उद्देश्य जनता झुक्काउने सत्ता टिकाउने जनताको बिचमा भ्रमको खेती गर्नेबाहेक केही देखिएन ।

अध्यक्ष महोदय यो अर्थतन्त्र पुँजीवाद हो कि समाजवाद राज्यको भूमिका कस्तो हुनुपर्छ स्पष्टता केही छैन । डिजिटल बैङ्कको अवधारणालाई अघि सारेको छ । सर्वप्रथम नेपाली जनता गास, बास, कपास सुरक्षित तवरबाट बाँच्न चाहेका छन् । औषधि उपचार गर्न पाउने शिक्षा रोजगार प्राप्ति हुने र म यो देशको नागरिक हुँ, सुरक्षित हुँ, भन्ने अनुभूति दिने वातावरणको खाँचो छ । कहीँ कतै देखिएन । त्यसैले सरकारलाई विश्वास गर्ने आधार के?

सम्माननीय अध्यक्ष महोदय, सरकार टुक्रे योजनामा नजाने भनेको थियो । तर टुक्रे योजना छरिएर आएको छ । छरिएर आएको टुक्रे योजनाले कुनै पनि काममा पूर्णता दिन सक्दैन । किसान पेन्सनबाट नागरिक पेन्सन भनेर आएको छ । कस्तो नागरिकलाई पेन्सन उपलब्ध गराउने हो स्पष्ट आउन पर्यो ।

अध्यक्ष महोदय, अन्तमा एकीकृत बस्ती, युवा पलायनजस्ता विषय नीति कार्यक्रममा भएको तर बजेटमा छैन । यस्ता थुप्रै भ्रमित गन्तव्यहीन लक्ष्यविहीन मुलुकको विद्यमान आर्थिक अवस्था नबुझेको यो बजेटले लक्षित वर्गलाई नछोएको आर्थिक मन्दीको साथसाथै बजेटले बुझ्न नसकेको र जनताको पक्षमा नभएकोलाई समर्थन पनि गर्न सकिएन । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोपाल कुमार बस्नेत । समय ६ मिनेट । त्यसपछाडि माननीय गोमा देवी तिमल्सिना ।

**(१५:४५ बजे) माननीय श्री गोपाल कुमार बस्नेत (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष सभा अध्यक्ष महोदय, यो बजेटको सबै हाँगा बिगा छोडेर म कृषिमा मात्रै केन्द्रित भएर आफ्नो भनाइहरू राख्न गैरहेको छु । करिब हप्तौँदेखि राष्ट्र निर्माणको लागि आउँदो वर्षको लागि प्रस्तुत गरेको बजेटको विषयमा छलफलमा छौँ । मेरो यो संसदीय अभ्यासको दोस्रो वर्षमा मैले ठानेको थिएँ कि यस वर्ष बजेटको कार्यकालमा नेपाल सबैभन्दा बढी जनसङ्ख्या किसानको भएकोले किसानहरूको पक्षमा बजेट हुने सोचेको थिएँ । तर त्यो परम्परागत शैलीकै मात्र हुन पुगेको छ । बीपी कोइरालाले किसानको उत्थानबाट मात्रै नेपालको उन्नति प्रगति हुन्छ भन्नुभो' भन्ने कुरा बुझ्नुभएको रहेछ । त्यसैले आफू प्रधानमन्त्री हुँदा आफ्नो बैठक कक्षमा गरिब किसानको टोपी पनि फाटेको किसानको फोटो राख्नुभएको थियो । ताकि सबै सदस्यहरूले त्यो किसानको

फोटो हेरेर आफ्नो कार्यक्रम बनाउने छन् । सबै सदस्यहरूको भावनामा त्यो फोटोले परिवर्तनको भाव जगाइदिने छ । र किसानको आत्मनिर्भर बनाउन सकिन्छ भन्ने भावको सबै सदस्यहरूमा चिन्तन र सोचको विकास हुन सक्छ । किसानको समस्या समाधान नगरी किसानलाई आत्मनिर्भर बनाउन सकिन्न । व्यक्ति व्यक्ति समातेर किसानका समस्या समाधान गर्न सकिन्न । त्यस गाउँपालिका, नगरपालिका, वडा वडामा कृषि केन्द्र सेवा खोलेर कृषि सेवा केन्द्र खोलेर त्यस केन्द्रलाई परिचालन गरौं । गाउँ सेवा केन्द्रको वडाभरिका आवश्यकताको आधारमा प्राथमिकता राखी कहाँ बोरिङ राख्ने, कहाँ के गर्ने, भन्ने कुरा आदि विषयले निर्धारण गर्दछ । केन्द्रबाट प्राप्त सुविधाको निर्धारण प्रयोग गर्छ ।

**(१५:४७ बजे)** <u>पुनःपीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

<u>**माननीय श्री गोपाल कुमार बस्नेत (नेपाली काँग्रेस)**</u>:- किसानलाई सक्षम बनाउनका गाउँ सहयोग केन्द्रमार्फत सुविधा उपलब्ध गराऊ । केन्द्रबाट आफ्नो नाताका र अफिसका आपसका मानिसहरूलाई एउटा हाते हलो दिएर सेवा बढ्नुको साटो त्यहाँ समस्या उब्जन्छ । समस्या जटिल बन्छ । यसको लागि केन्द्रले पहिले नै प्राथमिकताको निर्धारण गर्छ कृषि केन्द्रले । तराईका वडा वडामा आवश्यकताअनुरूप ट्रली नभएको ढुवानीमा मात्रै प्रयोग हुने गरी आवश्यकताअनुरूप दुई/ चारटा पाँच सातओटा ट्याक्टर उपलब्ध गराइदिऊँ । गहुँ झार्ने थ्रेसर, धानदाही गर्ने थ्रेसर आदिको व्यवस्था मिलाइदिऊ । खेत मिलाउने लेभलरको व्यवस्था मिलाइदिऊ । क्रमशः धान रोप्ने र काट्ने मिसिन राखौं । यो बुझौं कि आजको किसानसँग जनशक्ति छैन । आजको किसानसँग हलो र हल गोरु पनि छैन । आजको किसानसँग हलो र हल गोरु पनि छैन । मैले यसलाई दोहोराएँ । किन छैन भन्दा हल छोरा पनि छैन । हली पनि छैन । छोरो ऊ हिँड्यो खाडी मुलुकतिर । कसले जोत्ने? त्यसकारण यो मुलुक तराईको सम्पूर्ण देशभरिको समस्या हो यो । महिना, दुई महिना खेतीमा विशेषज्ञलाई पनि घरघरमा पठाएर कहाँ के चाहिन्छ? गर्नुपर्छ भन्ने सल्लाह दिनका लागि घरमा पठाउँ । जेटीएहरूलाई पनि गाउँ गाउँमा पठाऊँ र ठाउँ ठाउँमा कृषि सम्बन्धी पाठशाला, स्कुल, ट्रेनिङ अटोमेटिकल्ली यो खुल्ने छ । देशभरका कार्यक्रम पुऱ्याउँदा देशभर लाखौं मानिसलाई रोजगार पाउने छ । गाउँ गाउँमा आवश्यकताअनुरूप मच्छेपालन, कुखुरापालन, गाईपालन, मौरीपालन, च्याउ खेती, सागसब्जी खेती, फलफूल खेती, गमला खेती, जडिबुटी निजी वन विकास आदि कार्यक्रममा विदेशीका छोराहरू आफैं आउने छ तर कृषिमा सल्लाह दिने, एक विशेषज्ञ सिपुरभाइजरको गाउँ

गाउँमा भ्रमण हुनैपर्छ । बेला बेलामा सल्लाह दिनैपर्छ । यसबाट थुप्रै जनशक्ति परिचालन हुने छ ।

अहिले त गाउँ गाउँमा ड्राइभरको पनि खाचो छ । गम्भीरताका साथ कार्यक्रम परिचालना गर्नुपर्ने छ । कृषि सेवा केन्द्र गाउँपालिका नगरपालिकाअन्तर्गत आर्थिक परिचालना गर्नुपर्छ । किसानलाई बढी फाइदा दिलाउन अगुवाबाली वा पछुवाबाली लगाउन प्रेरित गर्नुपर्छ र यो मेसिनरीको व्यवस्था गर्देपछि तीन तहको खेतीको लागि सम्भव छ । अब अहिले त धान काटेर ओसार्नै सक्दैन । त्यो अर्को बाली लगाउनै सक्दैन । जोत्ने समय नै हुँदैन । त्यसकारण तीन बाली लगाउनका लागि पनि कृषिमा यान्त्रीकरण गर्नको लागि एकदमै आवश्यक भएको आजको आवश्यकता हो यो । किसानले ठुलो सहयोगको अनुभूति गर्थे । तर आजकाल उनीहरूले आफ्नै देशमा धेरै सुविधा भएकोले भारतीय किसानहरूले आएर यहाँ हामीलाई सुविधा पुऱ्याउथेँ । ती अब आउन छोड तिनीहरूलाई आफ्नै देशमा धेरै सुविधाहरू प्राप्त भएको छ । त्यसैले अब नेपाली किसानलाई कृषि सेवा केन्द्रको आवश्यकता बोध गरेका छन् । अरबौंको बजेट कृषिमा दिएको छ । त्यो रकम मल कारखानामा लगाएको भए के हुने थियो? हामी जहिले पनि मल कारखानाको कुरा गर्छौं । यो पञ्चायतको बेलामा पनि मल कारखानाकै कुरा गर्यौं । यो के कारणले रोकेको बुझ्या छैन । अहिले ३० अर्ब मल कारखाना स्थापनाका लागि मल खरिदको लागि छुट्टाइएको छ । यो कति मल आउँछ के आउँछ? त्यो फेरि अनुदान हो । अनुदान भनिन्छ । हामीसँग २ हजार रुपियाँ तिरेर मात्र किसानहरूले मल पाउँछ । यो के हो मैले बुझेको छैन ।

गत वर्षको बजेटमा किसानलाई आत्मनिर्भर बनाउन भनेर बजेट पेस गरेको थियो । ४/५ वर्षसम्म किसानलाई आत्मनिर्भर बनाउन सक्ने र पाँचौं वर्षमा अन्न विदेश निर्यात गर्ने घोषणा गरेको थियो तर त्यो हुन सकेन किन हुन सकेन? किसानलाई सहयोग नगरेको कारणले हुन सकेन । जे जसले बाँड्छौं । वडा सेवा केन्द्रबाट वितरण गरौं । वडा सेवा केन्द्रबाट वितरण..... (समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय गोमा देवी तिमल्सिना । समय ११ मिनेट । यसपछि माननीय दुर्गा गुरुङ्ग ।

(१५:५२ बजे) <u>**माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- सम्माननीय अध्यक्षज्यू, आज हामी ०८०/८१ को बजेटको बारेमा छलफल गर्न

गइराखेकाछौं । छलफलको क्रममा धेरै कुराहरू उठेका छन् । यहाँ यो राम्रो छ, राम्रो छैन, हुन सक्छ, हुन सक्दैनदेखि लिएर कृषिका कुराहरू, शिक्षाका कुराहरू, र स्वास्थ्यका कुराहरू सबै उठेका छन् । साँच्चै नै यो बजेटले सबै छोको छ । कहीं पनि छोडेको छैन । सबै छोको छ । सबै हुन्छ भन्दाखेरि हामी नी आसावादी छौं । साँच्चै नै हुन्न भनेको भए अलि दुःख लाग्थ्यो होला । हुन्छ भनेपछि हामी नी आसावादी छौं । तर वर्षै पिछे त्यहाँ हामी एउटै कुरामा बोलि राखेका हुन्छौं । तर त्यो पूरा भइराख्या हुँदैन ।

अहिले मैले एउटा यो निर्माणको बारेमा अलिकति कुरा उठाउन खोजें । यो वर्षै पिछे हामी बाटोघाटो, पुल पुलेसाको बारेमा हामी सधैं कुरा उठाउँछौं । जहिले पनि अहिले बनाएको छ महिनामा त्यो बाटो खाल्डो पर्छ । त्यहाँ पानी जम्छ । पानी जमेर त्यहाँ गाडी पल्टिने, बच्चा डुब्नेदेखि आदि, इत्यादि सबै हुन्छ । छ आठ महिना पनि नटिक्ने त्यो कस्तो निर्माण हो? त्यो ठेकेदारको कमजोरी हो कि? राज्यको कमजोरी हो कि? त्यो कमिसन लिएर काम त्यसो भयो कि? यसलाई यो रोड बनाउँदाखेरि पनि पिच बनाउदा कति वर्ष टिक्छ? अनि त्यो स्ल्याव ढलान गर्दा कति वर्ष टिक्छ? अनि त्यसको गुणस्तर के हो? त्यो बारेमा जाँच बुझ नगरीकन ठेकेदारले जस्तो दियो त्यस्तै बुझिहाल्ने अनि यसले गर्दाखेरि हाम्रो बाटोमा जहिले पनि हामी बाटोमा पानी खन्याए जस्तो गरिराख्या छौं । हामी बाटो हिंडन दुःख पाइरा राख्या छौं । कुनै ठाउँमा बाटो पुगेकै छैन । पुगेको ठाउँमा फेरि त्यसैलाई दोहोऱ्याइ राहनुपरेको छ । त्यसैलाई दोहोऱ्याउन नपर्ने हो भने त्यो रकम अरू ठाउँमा नपुगेको ठाउँमा बन्न सक्थ्यो होला । यो कुराहरूमा म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारलाई यहाँ सरकारका मन्त्रीज्यू पनि हुनुहुन्छ । यो कुरा उहाँसम्म पुऱ्याउनको लागि अनुरोध गर्छु ।

अब यो सडकको कुरा अब सडककै कुरा उठाउँदाखेरि अस्ति हामी यता कर्णालीतिर ग'का थियौं । हाम्रो समिति नै एउटा बाटो यस्तो पाइयो । यो बाटोको नाम पनि नाक्चेलाङ्ना भन्ने त्यो सडकको नाम रहिछ । त्यो बस्तीको नाम होला सायद हामीलाई अलि असजिलो लाग्यो । १६ किलो मिटर मात्रै बाटो त्यहाँ निर्माण भा'को छ । १६ करोड रुपैयाँ त्यहाँ खर्च भइसक्यो । १६ वर्ष अवधि लाग्यो । हामीले त्यही रिपोर्ट पायौं । हामी अनुगमनमा जाँदा, हामीले त्यही रिपोर्ट पायौं । त्यहाँको अध्यक्षले त्यही भन्नुभो' हामीलाई अनि त्यहाँ अनुगमन किन भएन? अनि त्यहाँबाट चीन नजिक रहिछ । त्यहाँ अब हामीलाई त्यहाँबाट बाटो राम्रोसँग गर्ने हो भने ७०/७५ किलोमिटर खनेपछि त्यहाँ चीन जोडिंदो रे'छ । र त्यहाँबाट आवजजावत गर्न सरसामान ढुवानी गर्न भने त्यहाँ सजिलो हुने अवस्था देखिन्छ । अब यस्तो अवस्था छ । हामी यहाँ आफ्नै ठाउँमा मात्रै वरिपरि ढल भएन, पानी, बत्ती भएन भनेका छौं । त्यो दुर्गममा

त्यहाँको पनि माननीय हुनुहुन्छ होला? उतापट्टि बोलिरहनुभा' होला? उतापट्टि बोल्दाखेरि यो कुरा बोल्नुभा' छैन पक्कै पनि ।मलाई लाग्छ । त्यहाँ चाहिँ के बोल्नुभा' होला भनी यहाँ यो भएन, त्यो भएन अब यो नेताहरूलाई यस्तो भनेर केही केही त्यसरी बोल्नुभा' होला । त्यो होइन वास्तविकता आफ्नो घरअगाडीको बाटो, घाटो पुल पुलेसा बनाउनको लागि त्यहाँ लाग्नुपर्छ भन्ने कुराहरू मैले राख्न चाहे ।

यो सडकको मात्रै कुरा । यो अब त्यहाँ त्यो कर्णाली जाने बाटो त अस्तिनै धेरै जनाले, हामीले यहाँ उठाएसकेका छौं । बाटो अति धराप छ धराप । त्यहाँ पनि ठुला गाडीहरू गा'छ । ट्रकहरू गा'छ । त्यसलाई बजेट पूर्ण बजेट दिएर त्यसलाई त्यहाँको बाटो जाने आउने सबै पुग्यो भने वास्तवमा हामी स्वास्थ्य, शिक्षा यातायात, सडक पुग्यो भने हामी कहीँ पनि दुर्गम हुँदैन । अनि जुम्लामा त झन बाटै पुग्या छैन । हुम्लामा त बाटै पुग्या छैन । हामी जुम्ला त हामी गाडीमै गयौं हुम्लामा त बाटै पुग्या छैन । यस्ता कुराहरू छन् ।

अब सँगसँगै हामी कृषिका पनि कुरा गरिराखेका छौं । कृषिमा धेरै बजेटको कुराहरू, बजेट छुट्याइएको छ भन्नुभा' छ मन्त्रीज्यूले । अनि कृषिमा धेरै लगानी हुनेभो' भन्या छौं । खेतीपाती सबै अब युवाहरूलाई हामी स्वरोगजार बनाउने । यहीं ल्याउने भनेर हामी भनिराख्या छौं । तर कृषिमा अनुदानको कुरा छ । अनुदान कस्ताले अनुदान पाउने भन्ने कुराहरू चाहिँ खास निर्क्योल छैन । मैले यस्तोसम्म भेटैं जो मान्छे कृषिमा अनुदान पनि पा'को छैन । पकेटको खनाएर खेतीपाती गर्या छ । उसले विचौलियाले नाफा कमाउँछ । खास कृषकले केही पाउँदैन । दुध सडकमा घोप्ट्याउनुपर्‍या छ । तरकारी सडकमा पोख्नुपर्‍या छ । ट्रकका, ट्रक ल्याएर । यो अनुदान कस्तो चाहिँ पाएँ भने मैले सम्माननीय अध्यक्षज्यूलाई यो कुरा सुनाएँ । अब उहाँले सरकारसम्म पुर्‍याउनुहुने छ । यहाँ मन्त्रीज्यू पनि हुनुहुन्छ । उहाँले पनि राम्रोसँग छलफल गर्नुहोला । पुर्‍याउनुहोला यो कुरा । विचौलिया पनि कस्ता विचौलिया पाइएछ भने अध्यक्षले, वडा अध्यक्षले एउटा निवेदन ले अरू काजग सबै म मिलाउछु भनेर एउटा निवेदन ल्याएर भैंसी काटेर बेच्ने, मासु बेच्नेलाई चाहिँ त्यो अनुदान दिलाएर अध्यक्षले आदी, आदी उसले अनुदानको पैसा त्यसरी खा'को थाहा पाइएको छ । अब यसरी कागज मिलाएर दिने हो भने त किन अनुदान दिने । दिनै पर्दैन । सरकारले सोंझै सबैलाई बरु एउटा चक्लाबन्दीको कुरा छ । यहाँ बरू सबै सरकारले लिने, त्यहाँ काम लाउने, सरकारी मजदुर सबै त्यसरी लायो भने हुन्छ । एउटा जनप्रतिनिधिले त्यो गर्दाखेरि कस्तो दुःख लाग्छ? अनि कसरी निमुखा जनताले कसरी न्याय पाउछन्? कसरी सुविधा पाउछन्? पाउन सक्दैनन् । अनि कुनै एउटा पार्टीको प्रतिनिधि हुन्छ । अनि ऊ पार्टीको प्रतिनिधि भएपछि पार्टीले छोपिदिन्छ । अनि यस्तो खालको

अवस्था पनि हामीले देखेका छौं । यो कुरा अब भन्दाखेरि हुने कि? नभन्दा हुने कि? अब यस्तो खालको स्थिति छ ।

जस्तै अघि कपास निगमको पनि कुरा उठ्यो । मैले गत साल पनि म त नयाँ सांसद यहाँको । गत साल पनि मैले उद्योगहरू र कपास निगमको मैले धेरै कुरा उठाएँ । चिच्याइ चिच्याइ उठाएँ । अस्ति भर्खरै पनि मैले उठाएँ । यो कपास कृषिअन्तर्गत पर्छ । उद्योग र अर्थ मन्त्रालयको संयोजन गरे चलाउनुपर्छ । बाँजो रहेका जमिनहरू, पाखा पखेराहरूमा कपास खेति गर्नुपर्छ र यसलाई उद्योगहरूलाई सञ्चालन गर्नुपर्छ । सबै जिल्ला, सबै प्रदेशहरूमा साना, ठुला उद्योग सञ्चालन गर्नुपर्छ अनि मात्रै हामी युवाहरूलाई देशमा राख्न सक्छौ । अनि विहान बेलुकी पेटभरी सबैलाई खुवाउन सक्छौं भनेर मैले भने । यति धेरै पल्ट बोलें, अब यहाँ कति माननीयज्यूहरूले त्यसलाई सपोर्ट गरेर थपिदिनुभो' अब हिजोको उसमा हेर्दाखेरि त अब त्यो नै विघटन गरेर अब त्यो त्यहाँको जग्गा बेच्ने होला सायद के होला । अब यो यस्तो खालको कुराले वास्तवमा हामी देशमा समृद्धि अनि हामी सुखी नेपाली हुनलाई त गाह्रो छ ।

त्यस्तै अरू पनि धेरै ओटा छन् । कति त, विघटन गरेर अन्त जोड्नुपर्ने थ्यो होला? कुनै कुनैलाई व्यवस्थापन गर्ने त्यो विघटन गर्नुपर्ने अवस्था थियो होला? तर कपास खेति गराउनको लागि चाहिँ त्यसलाई त्यो निगमलाई राखेर त्यहाँ खेतिको एउटा चक्लाबन्दी रूपमा गरेर हुन्छ । सरकारले नै बाँझो जमिनहरू जसले खेति नगरी बाँझो राख्या छन् । उनीहरूले सरकारले नै जग्गा लिएर खेति गराउने हो कि? त्यो सन्दर्भमा गर्नुपर्थ्यो । हामीलाई तेयो कुरा त केही आएन यहाँ त छलफल पनि गर्न पाएनौं । हैन । अब को सँग सल्लाह भो'? कसरी भो'? होला हुन त सरकारको सबै कुरा हामीले थाहा पाउने भन्ने कुरा हुँदैन । अब यो आइसकेपछि थाहा पाउने हो । वितिसकेपछि थाहा पाएर हैन त्यसको भागेदार हामी पनि हो । यो राज्यको अधिकार, यो राज्यमा हक छ भने हामी पनि हो । त्यसो भ'को हुनाले यो मुलुक विग्रिदाखेरि हामीलाई विग्रिन्छ । भनेर हामीलाई पनि पीडा हुन्छ । पीडा भा'को छ ।

अब उद्योग चलाउने भन्ने कुरा मलाई त सपना जस्तो लाग्यो । उद्योग चलाउने रे योजना छैन । बजेट छैन । अलि यस्तो कुराहरूले राज्यसँग पनि कसरी अब हामी भन्न त अब राज्य पक्ष र प्रतिपक्षको कुरा पनि आउछ । त्यो होइन । प्रतिपक्ष र सरकार पक्ष जो भए पनि सही कुरामा सही किसिमले हामीअगाडि बढ्नुपर्छ । अनि घोचेर यसो, उसो, गठबन्धनको सरकार, गठेहरूको यसो, त्यसो भनिरहेर कति साथीहरूले भन्नुहुन्छ यो मलाई पटकै मन पर्‍या छैन । तपाईंहरू त्यसरी नबोल्नुहोस् । यो मुलुक बचाउनको लागि मुलुक बचाउनको लागि हामी एकै भएर जानुपर्छ । एमालेका साथीहरूले हिजो गठबन्धन गर्नुभा'कै थियो । अनि अब

अहिले त अब मुलुक जोगाउन त कसले? कसले? कति बेला गठबन्धन गर्छ । त्यो हुन्छ । तर हामीले यस्तो बेलामा गठेहरू यस्तो भनेर च्यास्चुस भन्नुभन्दा हामी एक डिक्का भएर लागौं । सही कुरालाई सही ढङ्गले उठाउने कोसिस गरौं । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय दुर्गा गुरुङ्ग । समय ६ मिनेट । यसपछि माननीय शारदा देवी भट्ट ।

(१६:०४ बजे) **माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, माननीय अर्थमन्त्री डाक्टर ज्युले जेठ १५ गते दुवै सदनको संयुक्त बैठकमा आ.व. २०८०/८१ को बजेट प्रस्तुत गर्नुभएको छोटो समयमा बजेट, बजेटको बारेमा आफ्नो केही धारणा राख्न यहाँ उभिएकी छु ।

सम्माननीय अध्यक्षज्यू, बजेटले सात बुँदामा आफ्नो उद्देश्यलाई किटान गरेको छ भने १० वटा बुँदामा प्राथमिकताहरू निर्धारण गरेको छ । बजेट प्रणालीमा सुधार गर्दै पूँजीगत खर्चलाई प्रभावकारी बनाइ ठुला तथा रणनीतिक महत्त्वको छिटो प्रतिफल दिने र वहुसङ्ख्यक जनता लाभान्वित हुने सक्ने योजनाहरूलाई प्राथमिकतामा दिने कुरामा बजेटले जोड दिएको छ । सम्माननीय अध्यक्षज्यू, यसका साथै अनुगमन र मूल्याङ्कनको विषयलाई पनि बजेटले राम्रोसँग ध्यान दिएको छ । एउटै व्यक्तिले दर्जनौं आयोजनाको ठेक्का लिने र वर्षौं काम गर्ने परम्परालाई तोड्ने दृढता पनि बजेटले लिएको देखिन्छ ।

सम्माननीय अध्यक्षज्यू अङ्कको हिसाबले १७ खर्ब ५१ अर्ब ३१ करोडको आकार लिएर बजेट आएको छ । कुल बजेट ६५ पोइन्ट २० प्रतिशत अर्थात ११ अर्ब ४८ अर्ब ७८ करोड चालु खर्च र १७ पोइन्ट २७ प्रतिशत २८ अर्थात ३ खर्ब २ अर्ब ७ करोड पूँजीगत खर्च भनेर छुट्याएको छ । पुँजीगत खर्च र चालु खर्चमा निकै ठूलो अन्तर छ । यो अहिलेको हाम्रो आर्थिक अवस्थाको कारणले बाध्यता होला ।

सम्माननीय अध्यक्षज्यू, आत्मनिर्भर अर्थतन्त्रको आधार स्वदेशमा नै उत्पादन र रोजगाररहित अर्थतन्त्र दिगो विकासको मन्त्र खेती बारीमा प्रविधिको सेवा उत्पादनमा टेवा, उत्पादन साथमा अनुदान हातमा, एक घरमा एक धारा, सिँचाइमा लगानी खेती बारीमा पानीलगायतका थुप्रै नाराहरू बजेट वक्तव्यमा आएका छन् । यहाँ यी नारा मात्रै हैनन् नारासँगै योजना र बजेट पनि छ । यी सबै कार्यान्वयन हुनेछ भन्ने विश्वास पनि मैले लिएको छु ।

सम्माननीय अध्यक्षज्यू, अर्थमन्त्रीज्यूले सबैभन्दा बढी बजेट शिक्षामा विनियोजन गर्नुभएको छ । चालु आर्थिक वर्ष ०७९/०८० को भन्दा आर्थिक वर्ष २०८०/०८१ को शिक्षामा बजेट ९१ करोड थप भइ १ खरब ९७ अरब २९ करोड रुपैयाँ विनियोजित छ । विद्यालयमा विद्यार्थी, विद्यार्थी लगाउने सिकाउने र टिकाउने लक्ष्य सरकारको छ । विद्यार्थीहरूलाई प्रयोगात्मक शिक्षातर्फ उन्मुख गराउने कुरा पनि बजेटले गरेको छ । दिँदै आएको छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण, छात्राहरूलाई स्यानीटरी प्याट, दिवा खाजा भत्ता कार्यक्रमले निरन्तरता पाएका छन् ।

सम्माननीय अध्यक्षज्यू, कृषि सिँचाइ, पर्यटन, रोजगार, भौतिक पूर्वधार, सहरी विकास, भूमि व्यवस्था जस्ता मन्त्रालयहरू जस्तालाई योजनाहरूलाई प्राथमिकता राखेर बजेट तर्जुमा गरिएको छ । स्थानीय बाली उत्पादन बजेटको जोड् देखिन्छ । २५ हजार धनिपूर्जा आगामी एक वर्षमै वितरण गर्ने, १० हजार फुसका छाना हटाई जस्तापाता लगाउने जस्ता कार्यक्रमले बजेट गरिबी सुकुम्बासी जनतातर्फ पनि फर्किएको छ ।

सम्माननीय अध्यक्षज्यू, मेरो बुझाइमा यो बजेट जनमुखी छ । बजेटले जनताका चाहनालाई सकेसम्म समेट्न र सम्बोधन गर्न प्रयत्न गरेको छ । त्यसैले म यो बजेटको समर्थन गर्दछु र बजेट पूर्ण रूपमा कार्यान्वयन हुने छ भन्ने विश्वास पनि व्यक्त गर्दछु । आफ्ना सम्माननीय अध्यक्षज्यू, सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमण र भारत सरकारसँग भएका महत्त्वपूर्ण सम्झौता र भ्रष्टाचारी विरुद्धको सरकारले चालिरहेको मा म प्रसङ्ग गर्न चाहान्छु । हवस्त, धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय शारदा देवी भट्ट । समय ५ मिनेट । यसपछि माननीय माया प्रसाद शर्मा ।

(१६:०९ बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष ०८०/८१ को बजेटको बारेमा छलफल गर्न म यहाँ प्रस्तुत भएकीछु तर यसभन्दा अघि म केही आफ्ना समसामायिक विषयमा विचार राख्ने अनुमति चाहन्छु ।

सर्वप्रथम त म भारतले आफ्नो नवनिर्मित संसद भवनमा अखण्ड भारतको नक्साको नाममा हाम्रो भूमि लुम्बिनी, कपिलवस्तुलगायतलाई आफ्नो क्षेत्रमा पारि झुण्डाएको मा आपत्ति जनाउँछु । अध्यक्ष महोदय, लुम्बिनी र कपिलवस्तु प्राचिनकालदेखि नै नेपालको भूमि थियो र

रहिरहने छ । नेपाल सरकारले यस सम्बन्धमा भारतसँग तत्काल वार्ता गरी त्यो विवादित नक्साबाट हाम्रो भूमिलाई तत्काल हटाउन म अध्यक्षज्यूमार्फत सरकारको ध्यानआकर्षण गराउँछु ।

अध्यक्ष महोदय, केहीँ दिन यता अहिले निकै चर्चामा रहेको छ । बङ्गलादेश मोडेल, त्यो मोडेल त भारत बिच पनि लागुगर्ने सम्झना रहोस् । लिपुलेख, कालापानी, लिम्पियाधुरा नेपालको अभिन्न अङ्ग हो । हाम्रो गर्व हो । यसको एक इन्च भूमि पनि कसैलाई लिने वा लिन देनको विषय बनाउने बारेमा सोँच्नु पनि सकिँदैन । यस्तो गैर जिम्मेवारी र आपत्तिजनक अभिव्यक्ति अपेक्षा प्रधानमन्त्रीज्यूबाट पनि गर्न सकिँदैन ।

अध्यक्ष महोदय, प्रत्येक नेपाली नागरिकले नागरिकता पाउनुपर्छ । यसमा कुनै विवाद छैन । थुप्रै नागरिकले कानुनी अड्चनका कारण नागरिकता बनाउन पाउँदा अनेकौं समस्या व्यहोरेको पनि यथार्थ हो । तर राष्ट्र हित विपरित गएर कसैलाई खुसी पार्न या सत्ता टिकाउनलाई मात्र असंवैधानिक तरिकाबाट नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणित गराउनु संसदीय मुल्यमान्यता विरुद्ध हो । जुन अहिलेको वर्तमान सरकारले गरेको छ ।

अध्यक्ष महोदय, केही मिडियाहरूमा आए जस्तो कुनै निश्चित व्यक्ति र कुनै खास व्यापारी समूहलाई फाइदा हुने गरी फरक दरहरू चलाएको भन्ने समाचार आएको छ । यहाँ केही गढबढ भएको छ भन्ने कुरा अर्थमन्त्रालयले दिएको स्पष्टिकरणबाट पनि पुष्टि हुन्छ । कस्तोसम्म कि करका दरहरूमा के को हेरफेर हुँदैछ भन्ने अग्रिम जानकारी ती व्यक्ति, व्यापारी समूहलाई पहिलै दिएको थियो भन्नेसम्मको अपराध भएको ती मिडियाहरूमा आएको छ । यदि यसमा सत्यता भएको हो भने योभन्दा ठुलो राज्य विरुद्धको अपराध केही हुन सक्दैन । यसको अविलम्ब छानविन हुनुपर्छ । र यसलाई छानविनको दायरामा ल्याउनुपर्छ ।

अध्यक्ष महोदय, जँहासम्म सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष ०८०/८१ को बजेट छ । यसमा देशलाई उत्साहित गर्ने केहीँ छैन । यो कर्मकाण्डी छ । जन विरोधी छ । यसले देशलाई निकास दिन सक्दैन । यस बजेटमा कुरा त ठुलठुला महत्त्वकांक्षी गरेका छन् । तर भित्रबाट यो खोक्रो छ । आवरण कडा, भित्र गुदिनभएको खोक्रो । यस बजेटले देशको ब्यहोरिरहेको आर्थिक सङ्कट, आर्थिक मन्दीको चुनौतीलाई बेवास्ता गरेको छ । मुलुकमा अहिले राजस्वले चालु खर्च नै धान्न नसकेको अवस्था छ । यस बजेटले देशको आर्थिक समस्यालाई समाधान गर्न सक्दैन । यसले कृषि क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्दैन । यसले परम्परागत रूपमा खेति गर्दै आएका कृषकलाई नयाँ आधुनिक र वैज्ञानिक खेति गर्न उन्मुलन गर्ने कुनै प्रोत्साह गर्दैन ।

अध्यक्ष महोदय, बजेटले गरिबिका रेखामुनि रहेका लाखौं जनतालाई सम्बोधन गरेको छैन । उनीहरूको आवश्यकता, उनीहरूको जीवन उकास्ने कुनै योजना दिन सकेको छैन । अर्थमन्त्रीज्यू ती गरिब जनता पनि यसै मुलुकका बासिन्दा हुन् । उनीहरूमाथि विभेद किन? बजेट बनाउँदा उनीहरू सरकारको प्राथमिकतामा किन पर्दैन?

अध्यक्ष महोदय, यो बजेट कतिसम्म असन्तुलित तथा लयविपरीत छ भन्ने कुरा सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम, अर्थमन्त्रीज्यूले संसदमा प्रस्तुत गरेको बजेट भाषणमा रहेका भिन्नताहरूबाट प्रष्ट हुन्छ । नीति तथा कार्यक्रममा रहेका (मलाई एक मिनेट दिनुहोला । अध्यक्षज्यू,) एउटा कुरा छ । प्रस्तुत बजेटमा एउटा । भन्ने एउटा प्रस्तुत गर्ने एउटा । जसको एउटा उदाहरण हो । कैलालीको गेटामा सञ्चालन गर्न भनिएको सहिद दशरथ चन्द्र राष्ट्रिय विज्ञान विश्वविद्यालय हो । अध्यक्ष महोदय, सरकारले कैलालीको गेटामा ६ सय शैयाको सहिद दशरथ चन्द्र राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालन गर्न माघ २९ गते सुदुरपश्चिम मन्त्रिपरिषद्ले निर्णय गऱ्यो । प्रधानमन्त्रीज्यूले सुदुरपश्चिमको भ्रमणमा पनि यसलाई सगर्वका साथ घोषणा पनि गर्नुभो' । सरकारको नीति तथा कार्यक्रममा समावेश गरियो । तर सरकार आफ्नै निर्णयबाट पछि हट्ने । बजेट भाषणमा प्रतिष्ठान सञ्चालन गर्ने र १०० शैयाको अस्पताल निर्माण गर्ने कुरा उल्लेख गर्दै फेरि यस पटक सुदुरपश्चिमेली जनतालाई धोका दिने काम गऱ्यो । सरकारलाई आफ्नै निर्णयबाट पछि हट्नुपर्ने के बाध्यता आइलाग्यो? अर्थमन्त्रीज्यूले यसको जवाफ सुदुरपश्चिमेली जनतालाई दिनुपऱ्यो । ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय माया प्रसाद शर्मा । समय १० मिनेट ।

**(१६:१४ बजे) <u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले अर्थतन्त्र सुधारमा जोड दिँदै आगामी आर्थिक वर्ष २०८०/८१ को लागि १७ खर्ब ५१ अर्ब ३१ करोड बजेट ल्याएको छ । हामी राजस्व र त्यसका विषयमा छलफल गरिरहेका छौं । यसको बारेमा पक्ष विपक्षमा छलफल भइराखेको छ । प्रमुख प्रतिपक्ष दलको बैठक बसेर जसरी हुन्छ यसलाई यसका नकारात्मक कुरा उठाउने र सकभर असफल बनाउने उद्देश्य राखु स्वाभाविक हो । त्यसैमा लागिरहेको देखिन्छ । र हाम्रो दलको पनि बैठक बसेर यो बजेटको पक्षमा वकालत गर्ने, पारित गराउनका निमित्त मेहनत गर्ने, जोड गर्ने भन्ने रहेछ । त्यसकारणले हामी पक्षविपक्षमा कुरा गर्न स्वभाविक हो । हाम्रो यो सत्ता पक्षको एक सांसदका हैसियतले म विनियोजित बजेटको पक्षमा समर्थन गर्न उभिएको छु ।

यसका केही सकारात्मक पक्ष, विषयहरूको उजागर गर्नुका साथै केही सुझावमार्फत अपुग कुराहरू उठाउन चाहन्छु । मुख्य हाम्रो सरकारको बनावटअनुसार बजेट आउनु स्वभाविकै हो। सबैले आआफ्नो स्वामित्व र प्रतिनिधित्व खोज्दछन् । त्यो स्वाभाविक प्रक्रिया हो । यही आधारमा बजेट आएको छ । किन कि जुनसुकै सरकार भएपनि हाम्रो बनोट छ, संसदको बनोट छ त्यस्तै हुन्थ्यो ।

अध्यक्ष महोदय, अर्थमन्त्रीज्यूले बजेट प्रणालीमा सुधार एवम् पूँजीगत खर्चको प्रभावकारिता बढाउने, साधारण खर्चमा मितव्ययी अपनाउने, आन्तरिक सुधार तथा निजी क्षेत्रको प्रवर्धन गर्ने उद्देश्य राख्नुभएको छ । त्यसैले यो वस्तुपरक छ यथार्थपरक छ । हरेक नेपालीले सधैं जिज्ञासा राख्ने भनेकै कार्यान्वयनको पक्ष हो । यो समस्या हटाउन बजेटमा विकासे योजना समयमै सम्पन्न गर्ने आधार तयार पार्ने प्रक्रियागत तथा कानुनी सुधारको घोषणा गरेको छ । अहिलेको बजेटले विगतको यसको विगतको भन्दा केही फरक ढङ्गले अगाडि बढ्ने उद्देश्य राखेको छ । कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योगमा बढि जोड् दिन खोजेको छ । आधुनिक कृषि उत्पादन बिउ बिजनमा अनुदान, कृषि बीमा प्राविधिकरणमा जोड, मल बिउको आपूर्तिमा सङ्कल्प गरेको छ । भूमिहिनहरूलाई लालपुर्जा, ९८ प्रकारका औषधीलगायतका आधारभूत स्वास्थ्य सेवा निःशुल्क, एक वर्षभित्र ९ सय ८० मेगावाट विद्युत् थपिने, २३ देखि २०२३ देखि २०३० सम्म पर्यटन वर्ष मनाउने आदि कुराहरू सकारात्मक ढङ्गले उठाइएको छ ।

यो बजेटको हिसाबले हेर्दा कर्णाली प्रदेशमा विशेष गरेर त्यहाँ अहिले अरू बेलाको भन्दा पालिकाहरूमा, प्रदेशहरूमा र रकमको विनियोजित क्षेत्र बढाएको छ । कर्णालीको राजधानीमा जोड्ने सडकका लागि कोहलपुर सुर्खेत सडक स्तरउन्नती, मदन भण्डारी लोकमार्गको सल्यान-सुर्खेतको स्तरउन्नती, मध्यपहाडी लोकमार्ग जाजरकोट-दैलेखको स्तरउन्नती पश्चिम चौधारी र जुम्ला एयरपोर्टको स्तरउन्नती, सल्यानमा नमुनाका अदुवा खेतीको पकेट क्षेत्रको निर्माण, रोल्पाको ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई पर्यटनसँग जोड्ने छत्रेश्वरी भगवती, चन्द्रनाथ पञ्चेश्वरीलगायतका पूर्वाधारहरू निर्माण गरेर पर्यटनहरूको आकर्षण बढाउने नीतिअगाडि सारेको छ ।

स्वास्थ्यका क्षेत्रमा सुर्खेत मेडिकल कलेज, कर्णाली प्राविधिक अस्पताल, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत ..... मा १०० शैयाको स्याटेलाइटर अस्पताल स्थापना र चौर जहारी सामुदायिक अस्पताललगायतका स्थानहरूमा मेडिकल कलेज सञ्चालन गर्ने योजना राखेको छ । विद्यार्थीहरूको आकर्षण बढाउन नयाँ योजना सिकाउने र टिकाउनेअगाडि सारेको छ । सुर्खेतमा नमुना आवासिय समुदायिक विद्यालय बनाउने । हिमाली क्षेत्रहरूमा बालबालिका लक्षित

कार्यक्रमहरूअगाडि सारिएको छ । पढ्दै कमाउँदै भन्ने कार्यक्रम पनि अगाडि बढाइएको छ । प्राविधिक विषयतर्फ छात्रवृत्ति व्यवस्था, उच्च शिक्षा हासिल गरिसकेपछि दुई वर्ष सेवा अवधिमा सेवा अवधिभित्र अध्ययन, वैज्ञानिक आधारमा जमिन खेतीयोग्य र अन्य प्रयोजनका लागि वर्गीकरण गरी जमिनको उचित व्यवस्थापन गर्ने नीति लिएको छ ।

सङ्घ, प्रदेश र स्थानीय तह सहभागितामा १०६ मेगावाटको जलविद्युत् निकाल्ने कर्णाली भेरि करिडोरहरूमा प्रसारण लाइनको व्यवस्थापन गर्ने नीति लिएको छ । नलगा जल विद्युत् आयोजना यस बारेमा बोलेको छैन । अब यो प्रक्रिया कसरीअगाडि बढेको छ? सुर्खेत भेरि गंगामा सर्वेक्षण गरिएको प्राविधिक रिपोर्टको बारेमा बजेट बोलेन, बजेट उल्लेख भएन । पुराना दरबार जस्तै केही महत्त्व राख्ने जाजरकोट दरबारको बारेमा अगाडि केही कुरा उठेन । उच्चशिक्षा निजी विद्यालय, कर्मचारीहरूका बारेमा बजेटलाई मुख खोलेको छैन । गंगढी नाक्चेलाग्ने सडक, सडक सल्लेन, दाङ्ग, सल्यान, रुकुम, जाजरकोट, जुम्ला सडक बारे बलेको छैन । यसलाई बजेटको बारे मैले अनुरोध गर्न चाहें ।

संसद विकास कोषका नाममा छुट्याएको रकमका बारेमा बाहिर भित्र नकारात्मक टिप्पणीहरू भइरहेका छन् । त्यो विषय प्रक्रिया र स्वामित्वको हिसाबले पनि सान्दर्भिक देखिँदैन । आर्थिक रूपमा विश्वमै परेको सङ्कट जनप्रतिनिधिहरूको कार्यका बारेमा केही जिज्ञासाहरू, सङ्घीय संसदहरूमै गरिएका विरोधका कारणले पनि यो अहिलेका लागि उपयुक्त समय होइन । यसका बारेमा सोँच्न सकेको खण्डमा अझै पनि सकारात्मक प्रभाव पार्न सकिन्छ ।

अध्यक्ष महोदय, बजेटमा केही आकर्षक श्ललोगनहरू पनि छन् । जसले दीर्घकालीन महत्त्व राख्दछन् । बागमती नदी सान, सम्पदाको उत्थान, कोकदेखि शोकसम्म, सामाजिक सुरक्षा, सिँचाइ लगानी खेतबारीमा पानी, हरित अर्थतन्त्र दिगो विकासको मन्त्र, उत्पादन र रोजगार समृद्धिको आधार, श्रमको सम्मान राष्ट्रको अभियान, नेपाल घुमौं नेपाल चिनौं, गुणस्तरीय स्वास्थ्य उपचार जनताको आधार, अर्थतन्त्रको आधार स्वदेशमै उत्पादन र रोजगार, उत्पादन साथमा अनुदान हातमा, खेतबारीमा प्राविधिक सेवा उत्पादनमा टेवालगायतका जुन महत्त्वपूर्ण नाराहरूअगाडि सारिएको छ । यो ऐतिहासिक महत्त्व राख्ने नाराहरू अथवा श्लोगनहरू छन् । हामीले बजेट छलफल, बहस गर्दै जाने एउटा हामीसँग परम्परा के छ भने राम्रा कुराहरू पनि समेट्न नसकिने यो पुरानो परम्परा हो । पुरानो परम्पराहरूलाई हामीले त्यसैलाई सम्बोधन गरिराख्या छौं । गणतन्त्र आएको छ । कतिपय सकारात्मक कुराहरू सासदहरूबाट उठ्छ । प्रतिपक्षबाट पनि आउँछ । अन्य बाहिर जनसमुदायबाट पनि आउँछ । सरकार जान्छ भन्ने

हिसाबले हामीले त्यसलाई सुधार गर्न संरक्षण गर्न सम्बोधन सक्दैनौं । यो प्रक्रिया हटाउन पाए धेरै राम्रो हुन्थ्यो । सबैलाई यसले हामी प्रतिपक्ष सत्तापक्ष दुवै यताउता भइराख्छौं । कोही सत्तापक्षमा हुन्छ, कोही प्रतिपक्षमा हुन्छ । रोग एउटै हुन्छ निदान कतै पनि छैन । हामी सत्ता पक्षमा हुन्छौं यो हुनुहुन्न जस्ताको त्यस्तै पास गर्नुपर्छ भन्छौं । प्रतिपक्षमा जान्छौं त्यो सबै फेर्दिनुपर्छ कोही पनि राम्रो छैन त्यहाँ केही पनि राम्रो छैन भनेर भन्छौं । यसकारणले यो रोगबाट हामी अब यो रोगको निदान गर्ने कुरा यसबाट निवारण गर्ने कुरा र मुक्त हुने कुरा जरुरी छ जस्तो लाग्छ । यसकारणले हामीले यसलाई पनि छलफलको विषय बनाउनुपर्ने जरुरी छ ।

राज्य व्यवस्था वास्तवमा यो सबभन्दा अहिलेसम्मको सबभन्दा उत्कृष्ट राज्य व्यवस्था लोकतान्त्रिक गणतन्त्र । यो भन्दा पनि उत्कृष्ट राज्य व्यवस्थाहरू छन् । जो कम्युनिष्टहरूले अगाडि सार्छ समाजवादीका राज्य व्यवस्था सबैले मानेको संविधानमा उल्लेख गरेको छ । ..... साम्यवादी राज्य व्यवस्था स्थापना गर्ने लक्ष्य र उद्देश्य पनि रहेको हुन्छ । हामी के भन्छौं भने सुधार होइन कि देख्छौं पछाडी कि देख्छौं उसमा जुनअगाडि बढ्ने हामी बाटो देख्दैनौं । यसलाई हामीले बहस, छलफल अब योभन्दा राम्रो व्यवस्था समाजवाद हो । समाजवादमा जाने गरी के ले बोलेको छैन होइन कि हामीले यसलाई कसरी बनाउन सक्छौं भन्ने कुरालाई अगाडि सार्नुपर्छ ।

अन्त्यमा के कुरा भन्न चाहन्छु भने हामी लामो समय लिएर नैतिक शिक्षा सिकाउँछौं । र पछि त्यही आफुले पालना गर्छौं । यो लामो समयको नैतिक शिक्षा लिने, यो वैधानिक अराजकता जो छ । यो राज्यका निमित्त सबभन्दा खतरनाक छ । यसलाई सच्याउनुपर्छ । धन्यवाद ।

**(१६:२४ बजे)** **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल जेठ २५ गते बिहीवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल जेठ २५ गते बिहीवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १६:२४ बजे ।**